वर्ष ३२/ पूर्णाङ्क १११/ चैत २०७४–वैशाख २०७५

प्रेश काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत राष्ट्रियस्तरको पत्रिका

दायित्व

द्वैमासिक

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६
गोजीफोन ९८४१५२६०१७

सम्पादन सल्लाहकार
ठाकुर शर्मा भण्डारी
फोन नं. ४-४२०६१०

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ५-२४२२६४

सम्पादन सहयोगी
केशवराज पन्त
कमल ज्ञवाली

व्यवस्थापक
लक्ष्मी पन्त
फोन ४-४८६४७६



सहयोग रू. ५०/-

व्यक्तिगत विशिष्ट सदस्यता शुल्क रू. ५,०००/- वा सोभन्दा बढी ।
संस्थागत विशिष्ट सदस्यता शुल्क रू १०,०००/- वा सोभन्दा बढी ।

कार्यालय
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४८६४७६
E-mail: dayitwa44@gmail.com
Website: www.nepalipublisher.com

दायित्व द्वैमासिकका विशिष्ट सदस्यहरू

नीराजन तिमल्सिना/नारायणदेव पन्त/नैना नेपाल ढकाल/राधेश्याम भट्टराई/मोहन चापागाईं/वासुदेव उपाध्याय ढकाल/जनक शिक्षा सामग्री केन्द्र/रूकु कार्की/विजयध्वज थापा/आत्माराम खरेल/गङ्गासागर पन्त/ योगराज पौडेल/गणेशप्रसाद भट्टराई/इष्टपोल उच्च मावि/विद्याप्रसाद घिमिरे/केशव रूपाखेती/राममणि दुवाडी/ ब्रिलियन्ट बहुमुखी क्याम्पस/प्रा.डा. टीकाराम अधिकारी/डा. बद्री पोखेल/सुषमा शर्मा बडाल/मुकुन्द न्यौपाने/ ई. त्रिवेन्द्रराज पन्त/ज्ञानहरि पौडेल/लक्ष्मीविलास कोइराला/रमेश गौतम 'पाल्पाली'/विष्णुप्रसाद शर्मा पराजुली / प्रा.डा. कृष्णचन्द्र शर्मा/किशोरजंग कार्की ।

वेदवाणी

ऋषि – मेधातिथि काण्व । **देवता** - वायु मित्रावरुण । **छन्द** - गायत्री उष्णिक् अनुष्टुप् ।

आ पूषञ्चित्रबर्हिषमाघृणे धरूणं दिवः । आजा नष्टं यथा पशुम् ॥१३॥

हे दीप्तिमान् पूषादेव ! तिमी अद्भुत तेजयुक्त एवं धारणशक्तिले सम्पन्न छौं। अतः हराएका पशु खोजेर ल्याइएझैं द्युलोकबाट सोमरस ल्याइदेऊ ।

पूषा राजानमाघृणिरपगूढ्हं गुहा हितम् । अविन्दच्चित्रबर्हिषम् ॥१४॥

प्रकाशपुञ्जस्वरूप पूषादेवले अन्तरिक्षका गुफामा लुकेको र स्वच्छ तेजले युक्त रसराज सोमलाई फेला पार्नेछन् ।

उतो स मह्यमिन्दुभिः षड्युक्तां अनुसेषिधत् गोभिर्यवं न चर्कृषत् ॥१५॥

तिनै पूषादेव हाम्रो यज्ञका निम्ति बनेका सोमरससित वसन्त आदि छ ऋतुहरू प्राप्त गर्दछन् । जसरी किसानले बारम्बार जोतेर जौ आदि खाद्यान्न फेला पार्छ ती ऋतुहरू उसरी नै क्रमैसँग फेला पर्दछन् ।

अम्बयो यन्त्यध्वभिर्जामयो अध्वरीयताम् । पृञ्चतीर्मधुना पयः ॥१६॥

यज्ञको इच्छा गर्नेहरूका सहायक र मधुर रसको रूपमा रहेका जलप्रवाहहरू आमाजस्तै पुष्टिदायक छन् । दुधलाई पौष्टिक गराउँदै तिनीहरू यज्ञमार्गबाट गमन गर्दछन् ।

अमूर्या उप सूर्ये याभिर्वा सूर्यः सह । ता नो हिन्वन्त्वध्वरम् ॥१७॥

जेजति जल सूर्यमा विलीन भएको छ, अथवा जेजति जल सूर्यका नजिक छ, त्यही पवित्र जल हाम्रो यज्ञका लागि उपलब्ध होस् ।

अपो देवीरूप ह्वये यत्र गावः पिवन्ति नः । सिन्धुभ्यः कत्वं हविः ॥१८॥

हाम्रा गाईले सेवन गर्ने जलको हामी स्तुति गर्दछौं । त्यही प्रवाहमान जलका लागि हामी हवि अर्पण गर्दछौं ।

अप्स्वन्तरमृतमप्सु भेषजमपामुत प्रशस्तये । देवा भवत वाजिनः ॥१९॥

जलमा अमृतको समान गुण छ । जलमा औषधीको गुण छ । हे देवताहरू हो ! यस्ता जलको प्रशंसा गर्न तिमीहरू उत्साहित होओ ।

अप्सु मे सोमो अब्रवीदन्तर्विश्वानि भेषजा ।
अग्निं च विश्वशम्भुवमापश्च विश्वभेषजीः ॥२०॥

जलमा सबै औषधीहरू मिसिएका छन्, जलमा नै सर्वसुखप्रदायक अग्नितत्व निहित छ र सबै औषधी जलबाट नै प्राप्त हुन्छन् भन्ने कुरो सोमदेवले मसित भनेका छन् ।

आपः पृणीत भेषजं वरूथं तन्वेमम् । ज्योक् च सूर्य दृशे ॥२१॥

हे जलसमूह ! हाम्रा शरीरमा जीवन रक्षक औषधीहरू स्थिर गराओ, त्यसबाट हामी निरोगी भई बाँचौं र सधैंका लागि सूर्यदेवको दर्शन गर्न पाऔं ।

इदमापः प्रवहत यत्किं च दुरितं मयि ।
यद्वाहमभिदुद्रोह यद्वा शेप उतानृतम् ॥२२॥

हे जलदेवताहरू हो ! हामी याजकहरूले अज्ञानतावश कुनै दुष्कृत्य गरेको भए, जानीबुझीकन कसैसित द्रोह गरेको भए, सत्पुरुषहरूमाथि रिस गरेको भए अथवा असत्य आचरण गरेको भए ती सबै बगाएर लगिदेओ ।

आपो अद्यान्वचारिषं रसेन समगस्महि ।
पयस्वानग्न आ गहि तं मा सं सृज वर्चसा ॥२३॥

आज हामीले जलमा पसेर निर्धक्क स्नान गरेका छौं । यसरी जलमा प्रवेश गरेर हामी रसले भिजेका छौं । हे पयस्वान् ! हे अग्निदेव ! तिमीहरू हामीलाई वर्चस्वशाली बनाइदेओ, हामी तिमीहरूको स्वागत गर्दछौं ।

सं माग्ने वर्चसा सृज सं प्रंजया समायुषा ।
विद्युर्मे अस्य देवा इन्द्रो विद्यात्सह ऋषिभिः ॥२४॥

हे अग्निदेव ! हामीलाई तेज प्रदान गर । हामीलाई सन्तान र लामो आयु देऊ । देवताले हाम्रो अनुष्ठान चिनून् र इन्द्रदेवले ऋषिहरूबाट यसको महत्व बुझून् ।

अनुवाद : तिलकप्रसाद लुइँटेल

ऋग्वेद-संहिता, प्रथम मण्डल, (सूक्त – २३)

सम्पादकीय

- मुलुकमा तीन तह (केन्द्रीय, प्रदेश र स्थानीय) तहको निर्वाचन सम्पन्न भएपछि र वाम गठबन्धनको सरकार गठन भएपछि राज्यस्तरबाट समृद्धिको नारा अगाडि सारिएको छ । समृद्धिको अर्थ बुझेर वा नबुझेर, प्रत्येक नेताको भाषणको विषय नै 'समृद्धि' हुने गरेको छ । समृद्धिको अर्थ गहन छ । सम्+ऋद्धि मिलेर समृद्धि शब्द बनेको छ । समृद्धिको अर्थ हुन्छ– राम्रोसँग शक्तिसम्पन्न हुनु । साङ्ख्य योगअनुसार– अणिमा, महिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशीत्वसमेत आठ प्रकारका शक्तिले सम्पन्न हुनु भन्ने बुझिन्छ । यस कारण समृद्धिलाई साधारण अर्थमा लिनुहुँदैन ।
- हामीले राजनीतिक आन्दोलनलाई निष्कर्षमा पुऱ्यायौँ, अब आर्थिक क्रान्ति गरेर देशलाई समृद्धशाली बनाउनु छ । यो समृद्धि विपन्न वर्गदेखि सम्पन्न वर्गसम्मको समृद्धि हुनेछ, स्थानीय निकायदेखि केन्द्रीय निकायसम्मको समृद्धि हुनेछ, सबैखाले पेशा र व्यवसायमा संलग्न नेपाली नागरिकको समृद्धि हुनेछ र समग्रमा अखण्ड नेपाल र सम्पूर्ण नेपालीको समृद्धि हुनेछ । यही नै हो राज्यले अगाडि सारेको समृद्धिको सार ।
- 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा दिएर देशको द्रुततर विकास गर्ने योजना त अगाडि सारिएको छ तर देशलाई आर्थिक समृद्धितिर अगाडि बढाउने आधारभूत कुराहरू केके छन्, त्यतातिर ध्यान पुग्न सकेको छैन । यसका लागि राज्यले दीर्घकालीन योजना बनाउनुपर्छ र चरणबद्ध रूपमा मार्गचित्र अनुरूप काम सम्पन्न गर्दै जानुपर्छ, अनिमात्र समृद्धिले सार्थक गति लिन सक्छ ।
- समृद्ध नेपाल बनाउने मुख्य आधारहरू हुन सक्छन्– शान्ति, सुशासन, भ्रष्टाचारमुक्त समाज र सामाजिक न्याय । यी क्षेत्रहरूलाई सबल र सक्षम रूपमा सञ्चालन गर्न शक्तिसम्पन्न सरकारको आवश्यकता पर्दछ र त्यस्तो सरकारले दह्रो भएर ढिलासुस्ती, घुसखोरी, कमिशनतन्त्र र गुण्डागर्दीलाई निर्मूल पार्नुपर्दछ । पार्टी र नेताहरू पनि गुण्डा संरक्षण गर्ने परिपाटीबाट र निजी स्वार्थलिप्साबाट मुक्त हुनुपर्दछ ।
- संघीयता समृद्धिको बाधक होइन, साधक हो भन्ने कुरा जनमानसमा सूचना प्रवाहित गर्नुपर्दछ । संघीयताको कार्यान्वयनसँगै बढेको अर्थतन्त्रको भार देशले कसरी थेग्न सक्छ भन्ने सोचाइ सर्वत्र छाएको छ । के यसले देशलाई झन् अधोगतितिर त लैजाने होइन ! भन्ने आशङ्काले पनि जनताको मन पिरोलिरहेको छ । यस अवस्थामा जनमन जित्नका लागि राजनीतिक संयन्त्रहरूमा मितव्ययी, पारदर्शी र सुशासनका आशालाग्दा कामहरू देखिनुपर्दछ । भ्रष्टाचारशून्य गर्ने दिशामा राजनीतिक, न्यायिक र प्रशासनिक सबै निकाय प्रतिबद्ध भएर लाग्नुपर्दछ ।
- प्रदेशहरूका केही सामूहिक र केही फरक विशेषताहरू छन् । प्रदेश एकको – हिमालै हिमाल, प्रदेश दुईको– अन्न भण्डार, प्रदेश तीनको– ऐतिहासिक सम्पदा र संस्कृति, प्रदेश चारको– ऊर्जा र पर्यटन, प्रदेश पाँचको– कृषि र पर्यटन, प्रदेश छको–

जडीबुटी र प्रदेश सातको– जलस्रोत नै नेपालको समृद्धिका मुख्य आधारहरू हुन् । यी आधारभूत कुराहरूको अत्यधिक प्रयोग र परिचालन गरी राष्ट्रलाई समृद्धशाली बनाउन सकिन्छ ।

- समृद्ध नगर वा गाउँपालिका, समृद्ध प्रदेश र समग्रमा समृद्ध नेपालको परिकल्पना गरिरहेका नेताहरूले समृद्ध बन्ने आधारभूत कुराहरूलाई राम्ररी बुझ्नुपर्दछ । समृद्ध नेपालको नारा दिँदैमा नेपाल समृद्ध बन्न सक्तैन भन्ने यथार्थलाई पनि मनन गर्नुपर्दछ । यसका लागि सर्वप्रथम नेताहरूले नै आफ्नो आचरण बदल्नुपर्छ । नेताहरूको पुरातनवादी सोच, संस्कार, प्रवृत्ति र कार्यशैली बदलिएन भने 'समृद्धि' कोरा कल्पना हुन जान्छ । यी पक्षहरूमा नेताहरू आफै उदाहरण बन्नुपर्छ र जनतासामु आफूलाई प्रस्तुत गर्नुपर्दछ ।
- नेतृत्व वर्ग सामाजिक कार्यक्रमहरूमा प्रमुख अतिथिको रूपमा जाँदा समयमै पुग्नुपर्दछ र काम समयमै सम्पन्न गर्नुपर्दछ भन्ने सन्देश समाजमा प्रवाहित गर्नुपर्दछ । एक व्यक्ति उदाहरण बन्दा हजारौँ हजारको समय बचत हुन जान्छ । समय यस्तो बहुमूल्य वस्तु हो, जसलाई पैसाले किन्न सकिँदैन । समयमा पुग्दा ब्रिटिस टाइम र ढिलो पुग्दा नेपाली टाइम भन्ने कुसंस्कारको अन्त्य नभएसम्म देश विकास हुन सक्तैन ।
- समयनिष्ठाको कुरा नेताहरूमा मात्र होइन, जिम्मेवार संघ-संस्था र समुदायका प्रमुखहरूमा पनि लागू हुन्छ । कार्यालय ढिलो पुग्दा कर्मचारीलाई हप्काउने तर आफू ढिलो पुग्ने हाकिम, विद्यार्थी ढिलो स्कुल जाँदा सजाय दिने तर आफू ढिलो पुग्दा ढिलो हुनुको कारणसमेत नखुलाउने मास्टर, सार्वजनिक रूपमा चुरोट तान्ने तर बालबालिकालाई चुरोट तान्नुहुन्न भनी उपदेश दिने अभिभावकले सर्वप्रथम आफ्नो बानी सुधार्नुपर्दछ । नेतृत्व वर्गमात्र होइन, सर्वसाधारणले पनि आफ्नो काम नैतिकवान् बनेर इमानदारीपूर्वक गरिदिएमा समृद्ध नेपाल र सुखी नेपाली हुनेमा आशङ्का रहन्न ।
- २०७४ साल नेपाली साहित्य जगत्का लागि अत्यन्त दुःखद रह्यो । सो अवधिमा दिवङ्गत हुने श्यामप्रसाद शर्मा, मेदिनीप्रसाद केवल, उज्ज्वल जिसी, रामहरि जोशी, जगदीश समशेर राणा, सूर्य सुवेदी, कविताराम श्रेष्ठ, प्रेमा शाह, मनु ब्राजाकी, इन्द्रबहादुर राई, नगेन्द्र शर्मा र कमलराज रेग्मी लगायतका साहित्यकारहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु हामी आफ्नो कर्तव्य ठान्छौँ ।
- अन्त्यमा, नयाँ वर्ष २०७५ को यस बिहानीमा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना !



दायित्व

(साहित्यिक द्वैमासिक)

सृजना	पाना नं.	स्रष्टा
कथा/लघुकथा		
भ्रष्टाचार	१९	जलेश्वरी श्रेष्ठ
जुवाडे	२२	रासा
थाँक्रा खोज्छ लहराले	२४	इन्द्रकुमार श्रेष्ठ 'सरित्'
उपहार	४७	राममणि पोखरेल
सडककथा	५७	रमेशजंग थापा
दुई लघुकथा	७३	अरुण खत्री 'नदी'
लेख/निबन्ध		
पन्तजी, अर्थात् दायित्व	८	डा. तुलसी भट्टराई
चम्काउनुस् आफ्नो व्यक्तित्व	१६	ठाकुर शर्मा भण्डारी
यात्रा/नियात्रा		
अष्ट्रियाको सुन्दर नगरी साल्जवर्ग	११	डा. रामप्रसाद दाहाल
कोलम्बोको सेरोफेरो	६५	विजयध्वज थापा
समीक्षा/समालोचना		
नारीविद्रोहको सशक्त प्रस्तुति : मानिस र मुकुण्डो नाटक	३३	डा. साधना पन्त 'प्रतीक्षा'
छन्दमर्मज्ञ डा. जितालीप्रणीत छन्दको छहारी : एक विमर्श	४३	मुकुन्द शर्मा चालिसे
नियमित स्तम्भ		
साहित्यशक्ति	८०	नीराजन तिमल्सिना

कविता/गीत/गजल/मुक्तक

सीता भट्टराई-७/नारायण गोदारे-१०/गुड्डी पन्त-१५/ कृष्ण प्रधान- १८/रीता खत्री-२१/शिला पन्त-२३/ सुदीपभद्र खनाल-३२/जनकराज पन्त-४६/मुकुन्द न्यौपाने-५५/बीपी शाही-५६/ शिव अपरिचित-६४/ यू जङ यी (जानकी) अनुः महेश पौडेल - ६४/ जेबी खत्री -६९/ प्रेम ओली 'ढकलपुरे'-७०/विजय तामाङ 'विश्वास'- ७१/शङ्करकुमार राई-७२/निर्भीक राई-७२/मधुर भट्टराई-७४ ।

साथमा- सम्पादकीय, दायित्वबोध, कृतिविवरण र वेदवाणी ।

दायित्व वाङ्मय प्रतिष्ठानका आजीवन सदस्यहरू

क्र.सं.	नाम थर	फोन नं.
१	अच्युत प्र. पौडेल 'चिन्तन'	९८४१३२१९९८
२.	अर्जुन आचार्य	९८४१४५०१२३
३.	अर्जुन विरक्ति	४४८५८७८/९८५१०६५४७६
४.	अनिल कोइराला	४४२३२०९/९८४१२५०४५२
५.	अमर अधिकारी	४४६८६७७/९८४१६१७४५५
६.	अमरकुमार प्रधान	५५२८१०४/९८४१३८३३६१
७.	ऋषिराम डाँगी	९८४९२४२००३
८.	एस.पी आसा	४२७५३६५/९८४१३११६६२
९.	कपिल लामिछाने	९८५७०२२१०९
१०.	कमलप्रसाद ज्ञवाली	४४८६२४६/९८४१२९८५१४
११.	कलाधर काफ्ले	४४९५४४४/९८४१५३५०३०
१२.	केदारप्रसाद सुवेदी	९८४५०२३८५२
१३.	केशवराज पन्त	६६३९१५४/९८४३०६९५१५
१४.	कृष्णप्रसाद बस्याल	४४६८९८३/९८४१५६४५२५
१५.	कृष्ण बाउसे	९७४१०५१४२५
१६.	कृष्ण भण्डारी 'मुमुक्षु'	९८५६०३२४७७
१७.	कृष्ण ज्ञवाली	४४२८१४७/९८५१११५१५६
१८.	खगेन्द्र खोल्साघरे	९८५१०९७२६८
१९.	खड्गबहादुर चापागाईं	९८४२४४८८००
२०.	खिमानन्द आचार्य	६६३०५६१
२१.	गङ्गा पौडेल	४८२३४०८/९८४१५४४०६१
२२.	गणेश ज्ञवाली	४६२१३८०/९८५११८८२२२
२३.	गीता केशरी	४४३२१२०/९८५११०२२०३
२४.	गुणराज काफ्ले	४४९५३८६/९८४१५७७४५३
२५.	गोकुल अधिकारी	६६३५०७३/९८४२०३०२७७
२६.	गोपीकृष्ण शर्मा	४४२४६७६/९८४१६०३३३४
२७.	गोविन्दप्रसाद घिमिरे	४९१५२९६/९८४३२३४४५०
२८.	घनश्याम राजकर्णिकार	४४१०३९२/९८५१०६२२१८
२९.	चन्द्रकान्त आचार्य	४४७३८९६/९८५११०६३८१
३०.	डा. चन्द्रकान्त ज्ञवाली	०७८-५८०३८७
३१.	छविरमण सिलवाल	९८४१२१६३७६
३२.	जयदेवकृष्ण श्रेष्ठ	९८५१०६३२५८
३३.	जयन्ती स्पन्दन	९८४१२४८३८१
३४.	जयराम शर्मा लुइँटेल	४३१२०२२
३५.	जीवनचन्द्र कोइराला	४११०२६७/९८४१८१६७१९
३६.	जीवनपानी पोखरेल	९८४१८८९८६३
३७.	जीवराज घिमिरे	९८४१२७२२५१
३८.	जीवलाल सापकोटा	९८५१०००४०३
३९.	टङ्क पन्त	९८५१०३६१२०
४०.	टीकाराम पन्त	९८५१००५६६६
४१.	टुमानाथ अर्याल	९८४७५३३००३
४२.	ठाकुर शर्मा	४४२०६१०/९८४१२४५३३१
४३.	डा. तुलसी भट्टराई	४१०८५१८/९८५१०७७३६१
४४.	तुलसीराम पाण्डेय	४८२००२९/९८४१६२८९८५
४५.	तेजबहादुर थापा	०७१-५२१७०५
४६.	देवी नेपाल	९८४१४४४१३५
४७.	देवेन्द्र अर्याल 'आँसु'	९८६९२४५८५०
४८.	नरेन्द्रराज पौडेल	९८४१६४७१८९
४९.	नारायण गोदारे	४८२२१०७/९८४११३७३९६
५०.	नारायण ज्ञवाली	५१०४६१३/९८५१०७३८०९
५१.	पुष्पलता आचार्य	४१०७७३४
५२.	प्रतापजङ्ग शाह	४४९७६१२/९८४१२७४०२५
५३.	प्रह्लाद कार्की	९८४१३९७६५४
५४.	प्रह्लाद पोखेल	४९१५२१७/९८४१५३०१९१
५५.	बालकृष्ण भट्टराई	०७१-५२०३९४
५६.	बालकृष्ण शर्मा	४४३८४४१/९८४१२५२८७९
५७.	सुश्री भद्रकुमारी घले	४४२०४६१
५८.	भागवत आचार्य	४१०८५६५/९८४१५७३१०१
५९.	भागवत ढकाल	४७८१४७७/९८४१२७१२२६
६०.	भुवनहरि सिग्देल	९८५१०५९०४९
६१.	भूपेन्द्रप्रसाद पौडेल	४४८७२५८/९८४१३७६११४
६२.	भोला रेग्मी	४४३१४५४/९८५१०५१४५४
६३.	मणिराज सिंह	९८५१११८३४९
६४.	मधुसूदनप्रसाद घिमिरे	४१०७७१७/९८४९६५५९९०
६५.	ममता शर्मा नेपाल	९८४१३७०५१५
६६.	महादेव पन्थ	५५३०७८७/९८५११७५९४४
६७.	माधव घिमिरे (टङ्गाल)	४४३१५३७/९८४३२४१५२३
६८.	मित्र 'उराठी' गौतम	०८८-५२००७४
६९.	मोहन दुवाल	९८४१६३०४६५
७०.	मोहनबहादुर कायस्थ	४४७००४९/९८५१०१५०३५
७१.	मोहन सिटौला	४४८१४७६
७२.	यज्ञराज ज्ञवाली	९८५११५०७७४
७३.	यदुलाल पन्थ	९८४७०२१०४५
७४.	यादव भट्टराई	४७८३२६४/९८५१२३९००९
७५.	युवराज मैनाली	४४२०३९१/९८४१५२६६७०
७६.	युवराज शर्मा गौतम	४२३१३१७/९८४९२४१७४४
७७.	रमा सिंह	५५२५१२२
७८.	रविन्द्र आशिष शैली	९८५११६६७७५
७९.	राजेश मानन्धर	४४९७३६७/९८५१०४७०८३
८०.	रामचन्द्र बस्नेत	९८४१४१००८१
८१.	रामप्रसाद दाहाल	४४९००४८/९८५१०८९६१३
८२.	रामप्रसाद पन्त	४४८६४७६/९८४१५२६०१७
८३.	डा.रामप्रसाद शर्मा	९८४७०४३१८१
८४.	रामबहादुर पहाडी	९८४१७१०७५२
८५.	रामशरण अर्याल	४१०४०५५/९८६१५८३५६२
८६.	रामेश्वरी पन्त	९८४९८९९६९९
८७.	रूद्र शर्मा 'दुःखी'	०७१-५२१७१७/९८५७०२४५१७
८८.	रूद्र ज्ञवाली	९८५७०२१०३७
८९.	रेवतीरमण पोखरेल	२१०२१०२/९८४१२६९००८
९०.	ललिता दोषी	४७८०८१६/९८४१८९०२६६
९१.	लक्ष्मी पन्त	४४८६४७६/९८४१४४६२१९
९२.	लुमडी आचार्य	९८४९४८२९३०
९३.	डा.लेखप्रसाद निरौला	९८४१३७२८०८
९४.	लोकेन्द्रबहादुर चन्द	६६३६६३९/९८०४४३५६८९
९५.	वसन्तकुमार शर्म्मा 'नेपाल'	४४८४६२९
९६.	वासुदेव उपाध्याय ढकाल	४४७२५८३
९७.	वासुदेव गुरागाईं	९८४१६६७१४९
९८.	विजय सागर	९८४७०५५९७८
९९.	विमल खनाल	९८४१५६७७३७
१००.	विष्णुबहादुर सिंह	४३७०४३२/९८५१०२१८०९
१०१.	विष्णुमाया पन्त	९८५१०७४४६६
१०२.	डा. विष्णुराज आत्रेय	४४७३५२५/९८४११३७४३९
१०३.	विष्णु ज्ञवाली	४३८२५०३/९८५१०६००७१
१०४.	शङ्करविक्रम शाह	४४११९०३
१०५.	शिव क्षेत्री 'अपरिचित'	९८४१४५३३५८
१०६.	शेषराज सिवाकोटी	९८४९३०१३१८
१०७.	सकु थापा	९८४१३८५६१२
१०८.	सुदर्शन आचार्य	४३५२९४९
१०९.	सुदीपभद्र खनाल	४३६२०२९
११०.	सुरेन्द्रप्रकाश उप्रेती	४४७८१८०
१११.	सूब सेन	४४९०८३१/९८४१६६९०७४
११२.	हरिकुमार नेपाल	४७८१४४०/९८५१०९३७६४
११३.	हरिप्रसाद न्यौपाने	४७७०५२६/९८५११७०२३४
११४.	हरिहरप्रदीप घिमिरे	४४८१५५४/९८४१५१९५०२
११५.	हेमराज पाण्डे	६६३०७५१/९८४१८०५८७६
११६.	हेमराज ज्ञवाली	४४७०८११/९८५१०२०२१५
११७.	होमशङ्कर बास्तोला	९८४१३६५७६६

दायित्वबोध अब होस्

■ सीता भट्टराई

दायित्व-पूर्ण रसको सब शिल्प धारा
उद्यानमा रस बनी रस दिन्छ सारा
मान्छे बने प्रकृतिमा कृतिका सहारा
दायित्व यो भुवनको शुभरत्न धारा ॥१॥

बोकेर शब्द युगका इतिहास बन्दै
भावादिको भुवनमा शुभभाव राख्दै
पैह्री अनन्त गरिमा सब खोज गर्दै
हिँड्दै मनुष्य हितमा हित कर्म गर्दै ॥२॥

शैलादिको शिखरमा सब चढ्न सिक्नु
मासेर दर्द मनका मनभित्र पस्नु
के हो ? अमूल्य निधिको इतिहास नाना
दायित्वको भुवनमा खोज है ! खजाना ॥३॥

मान्छे बने प्रकृतिमा इतिहास बन्ला
मान्छे रहे भुवनमा सब सृष्टि चल्ला
भन्दै सदा समयले सब दृश्य खोल्दा
दायित्वबोध हुन गो मन दृष्टि पर्दा ॥४॥

आँखा अगाडि सबका भव दृश्य नाना
हेर्दै विचार गर है कति छन् पुराना
तिम्रा नयाँ कदममा नव दीप बाली
सङ्कल्पको शिखरमा बन नित्य माली ॥५॥

बल्दै समस्त जगको मनभित्र पस्नू
फालेर रोग सबका मन स्वच्छ गर्नू
आकारमा नवकला जगका कहानी
दायित्वतर्फ जनको बन भाग्यमानी ॥६॥

संसारको सब कला बन शब्द माली
आकाशको गति छुने मन स्वच्छ पारी
भै शान्त सभ्य मनले युगको कलामा
दायित्वबोध अब होस् मनु-सभ्यतामा ॥७॥

सारा कृति प्रकृतिका गुणका कहानी
आकारमा नवकला छर है बिहानी
बोकी समस्त गरिमा युगभित्र रम्दै
दायित्वले शिखरमा पुग भित्र गम्दै ॥८॥

आकार छन् प्रकृतिमा युगले खुलेका
मान्छे, धरा, प्रकृतिमा समता मिलेका
छन् चित्र नव्य नव ती वन नित्य माली
दायित्व यो भुवनमा कति भव्यशाली ॥९॥

दायित्व हुन्छ जगमा सब कर्म गर्छन्
सच्चा छ कर्म युगमा सब बुझ्न सक्छन्
खोली अनन्त रसको सब सृष्टि शान
दायित्वको रससुधा गर नित्य पान ॥१०॥

●●

लेख/निबन्ध

पन्तजी, अर्थात् दायित्व

■ डा. तुलसी भट्टराई

श्रीरामप्रसाद पन्तलाई पहिलोपल्ट २०४४ असोजतिर भेट्ने चिन्ने अवसर पाएको हुँ। त्यति वेला म काठमाडौँको मैतीदेवी बस्थेँ। एक दिन मेरो वासस्थान सोद्धै पन्तजी पुगेका थिए मेरो वासस्थानमा। त्यो भेटमा दायित्व नामक पत्रिकालाई अघि बढाउने सन्दर्भमा हामीबीच केही छलफल-सल्लाह भएको सम्झना छ।

दायित्वको एउटा अङ्क भारतीय साहित्य विशेषाङ्क निकाल्ने क्रममा मैले पनि केही सहयोग पुऱ्याएको हुँ। अर्को महत्वपूर्ण अङ्क थियो– यात्रा संस्मरण विशेषाङ्क। यसको विमोचन कृषि विकास बैंकको सभाकक्षमा सम्पन्न भयो। २०४५ सालमा पूर्वकुलपति (नेराप्रप्र) लैनसिंह वाङ्देलको प्रमुख आतिथ्यमा भएको त्यस कार्यक्रमका प्रमुख वक्ता डा. तारानाथ शर्मा थिए। 'हिवा खोलाको फङ्के तर्दा' शीर्षकको मेरो यात्रा-संस्मरण निबन्धको चर्चा ती दुवै जनाबाट भयो। करीब दुई दर्जन निबन्धमध्ये यसको धेरै चर्चा हुँदा म दङ्ग परेको सम्झना छ। त्यति वेला म काठमाडौँमा नयाँ थिएँ।

यसपछि दायित्वप्रति मेरो सामीप्य अझ बढ्दै गयो। क्रमशः दायित्व स्तरीय पत्रिका बन्यो। दुई दर्जनजति विशेषाङ्कसहित ११० अङ्क आजसम्ममा प्रकाशित भइसकेको छ। व्यक्तिगत प्रयासमा यति धेरै काम गर्न सक्नु, साहित्यिक पत्रिकालाई सय अङ्कमाथि पुऱ्याउनु ज्यादै प्रशंसनीय कार्य हो। यसैले रामप्रसाद पन्तको पर्याय नाम दायित्व भन्ने गरेको छु मैले। दायित्वजीको खबर के छ ? ओ दायित्व सर ! आदि प्रसङ्ग संवाद गर्ने गरेको छु।

बिरानो बस्तीमा (उपन्यास) २०४४ बाट कृति प्रकाशन यात्रा शुरू गरेका पन्तजीको परिचय मूलतः कविता, कथा, उपन्यास, निबन्ध आदिमा छरिएको भए पनि प्रमुख पहिचान नियात्राकारका रूपमा भएको छ। देशभित्र बाहिरका गरी एक दर्जनभन्दा बढी नियात्रा कृति छापिइसकेका छन्। दुईवटा प्रकाश्यमान छन्।

यात्रा गर्न रुचाउने र तत्कालै यात्राविषयक लेखन गरिहाल्ने राम्रो बानीका कारण यतिका धेरै यात्रा कृति जन्मिएका हुन् भन्ने कुरा स्वयं पन्तजीको स्वीकारोक्ति छ।

कथासङ्ग्रह, उपन्यास, आत्मसंस्मरण (मेरा साठी वर्ष) काव्य-कविता, यात्रा, नियात्रा संस्मरण आदि समेत गरी दुई दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन्।

उनले करिब एक दर्जन अरूहरूका कृति र पत्रपत्रिकाको सम्पादन गरेर आफ्नो सम्पादन शैली र क्षमता प्रयोग गरिसकेका छन्। दुई दर्जनभन्दा बढी संघ संस्थासँग आबद्धता छ उनको। विगत दुई दशकदेखि आफ्नो सक्रियतामा स्थापित र सञ्चालित दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्षका रूपमा रहेर विभिन्न पुरस्कारहरूको व्यवस्थापन र प्रकाशनका साथै समयसमयमा साहित्यिक कार्यक्रमहरू समेत गर्ने गराउने काम हुन्छ। दायित्व द्वैमासिकका प्रधान सम्पादक

श्री पन्तका बारेमा आधा दर्जनभन्दा बढी कृतिका साथै पत्रिकाहरूमा 'पन्त विशेषाङ्क' समेत प्रकाशित भएका छन् । एक दर्जनजति व्यक्तिले पन्तका कृतिमाथि शोध्यपत्र, समीक्षा प्रस्तुत गरेका छन् ।

श्री पन्तका बारेमा यति कुरा भनेपछि श्री पन्तको जन्मिएको गाउँठाउँको पनि खोजी त गर्नुपर्‍यो । यस्ता प्रबुद्ध व्यक्तिको मूलथलो हो– थोर्गा र बलेटक्सारका बीच पर्ने कृषिप्रधान भूमि दार्सिङवास । गुल्मी जिल्लाको एउटा प्रमुख क्षेत्र हो– दार्सिङबास । यही ठाउँका पन्त परिवारका भुनाराम पन्तका छोरा पं. गुणाकर पन्त र हरिकला पन्तका माइँला छोरा हुन्– श्री रामप्रसाद पन्त । उनको जन्म २०१० पौष २३ मा भएको कुरा जीवनी विवरणमा उल्लेख पाइन्छ ।

मध्यमवर्गीय किसान परिवार हो– गुणाकर पन्त परिवार । रामप्रसादका जेठा दाजु एकदेव पन्त दार्सिङवासमा नै पितृथलो ऊर्जावान् बनाएर बसेका छन् । कान्छा अर्थात् रामप्रसादका कान्छा भाइ– केशवराज पन्त स्वयं पनि राम्रा लेखक हुन् । उनको लेखनी अघि बढ्दै छ । श्री रामप्रसादका तीन दिदीहरू आफ्नाआफ्ना कर्मक्षेत्रमा संलग्न छन् ।

२०३३ देखि काठमाडौंलाई कर्मथलो बनाएका श्री पन्तले करीब साढे तीन दशकको जागिरे जीवनपछि उपसचिवबाट अवकाश प्राप्त गरेका हुन् । उनको भनाइमा जागिरे जीवन जीविकाको बाध्यता मात्र थियो । मूलतः साहित्यतिर नै उनको समय बितेको हो ।

२०४१ मा काठमाडौंमा रामचन्द्र शर्माकी पुत्री लक्ष्मी शर्मासँगै वैवाहिक सम्बन्ध गाँसिएपछि यतातिर करीब ३४ बर्से दाम्पत्य जीवन बितिसकेको छ । श्री पन्तकी श्रीमती लक्ष्मी शर्मा स्वयं पनि उच्चशिक्षित हुन् । श्रीमती लक्ष्मीको पनि शिक्षण क्षेत्रमा संलग्नता रहेको छ । यी लक्ष्मी-रामप्रसाद पन्त जोडीका सन्ततिमध्ये छोरी मनिषा– (मेरिसा) उच्च अध्ययनका लागि क्यानाडा पुगेकी छन् भने छोरा विज्ञान पनि अष्ट्रेलिया गइसकेका छन् । कान्छा छोरा मनीष चाहिँ नेपालभित्रै आफूलाई स्थापित गर्न प्रयत्नरत छन् ।

श्री रामप्रसाद पन्तको पछिल्लो कृति साहित्यिक यात्रा २०७३ को अन्त्यतिर प्रकाशित भएको थियो । यस कृतिमा ११ वटा साहित्यिक यात्रासम्बन्धी निबन्ध छन् । झापा पूर्वाञ्चल यात्राका तीनवटा, महाकाली अञ्चलतिरका दुईवटा, धवलागिरितिरका दुईवटा, स्याङ्जा यात्राको एक, दोलखा मन्थली र काभ्रे चौराली यात्राका एक-एकवटा यात्रा-निबन्धहरू । यो यात्राकृति साहित्यसँग सम्बद्ध यात्रा विवरण भएकै कारण कृतिको नाम नै साहित्यिक यात्रा राखिएको कुरा पन्तजीबाटै थाहा पाइएको हो ।

यस साहित्यिक यात्रा कृतिको प्रसङ्ग उठाउनुपर्ने कारण हो– पुरस्कृत हुनु । अर्थात् यो कृति प्रकाशित भएपछि खेमकुमारी-डोरनाथ ढुङ्गेल साहित्य प्रतिष्ठानमा सङ्कलित भयो । त्यहाँको मूल्याङ्कन समितिले २०७३ को उत्कृष्ट कृतिका रूपमा पन्तजीको साहित्यिक यात्रालाई रोज्यो र पुरस्कृत, सम्मानित गर्‍यो ।

संस्कृतिविद् श्री राममणि ढुङ्गेलद्वारा आफूले प्राप्त गरेका पुरस्कार, आफ्ना पुस्तकबाट प्राप्त रोयल्टी र अन्य केही रकम जोडेर यस प्रतिष्ठानमा अक्षय कोष राखेका हुन् । मातापिताको नाम चिरकालसम्म अमर राख्ने उद्देश्यबाट खेमकुमारी-डोरनाथ ढुङ्गेल साहित्य प्रतिष्ठान नामबाट यो संस्था स्थापना भएको हो । मातापिताकै प्रेरणा र सहयोगबाट आफू यस धरतीमा राम्ररी खुट्टा टेक्न सक्ने

भइयो । तसर्थ एउटा छोरा हुनाको कर्तव्य यति त हुनै पर्छ भनेर यो संस्था गठन गरेको कुरा श्री राममणिबाटै बुझिएको थियो ।

यसअघि प्रकाशित भएको पन्तजीको 'स्मृतिगङ्गाको तीरैतीर' नियात्रासङ्ग्रह पनि लुम्बिनी अञ्चलको उत्कृष्ट कृतिको रूपमा पुरस्कृत भएका थियो भने 'अविरल यात्रा' नियात्रासङ्ग्रह पनि उत्तमशान्ति पुरस्कारबाट पुरस्कृत भएको थियो ।

साहित्यिक यात्रा कृतिका माध्यमबाट पुरस्कार सम्मान प्राप्त गरेका श्री पन्तको यस कृति प्रकाशनपछिको एक वर्षभित्र अन्य चारवटा कृति प्रकाशित भइसकेका छन् । यी सबै कृतिहरू यात्रा संस्मरणात्मक हुन् ।

प्रमुदित पैताला र सिक्किमदेखि सिमलासम्म यी दुवै यात्रा संस्मरण कृति केहीअघि नै छापिएका हुन् ।

'पोटोम्याक किनारबाट' भन्ने पुस्तकचाहिँ अमेरिकाको यात्रासँग सम्बद्ध छ । त्यस्तै 'रातको जून'ले अफ्रिकी यात्रालाई समेटेको छ । यी दुई कृतिचाहिँ भर्खरै मात्र छापिएका छन् ।

यसरी श्री रामप्रसाद पन्तको साहित्यिक यात्राले निरन्तरता पाएको छ । यात्रासंस्मरण परक लेखकका रूपमा श्री पन्तको परिचय नेपाली वाङ्मयभित्र स्थापित भएको छ ।

श्री पन्तको यस प्रकारको यात्राले निरन्तरता पाइरहने छ । यो वर्ष अर्थात् २०७५ ले सक्रियता अझै थप्नेछ । साहित्य साधना र साहित्य सेवा दुवैतिर समान रूपमा अग्रसर श्री पन्तको जीवनयात्रा सार्थक र उदाहरणीय बनेको छ । उहाँका इन्द्रियहरूले साथ दिएसम्म यो यात्रा र यात्रापरक लेखन सक्रिय बनिरहनेछ ।

२०७५।१।२

पर्खी बसेका पारखीहरू

■ नारायण गोदारे

समय अजङ्गको हुन्छ
सरल स्वभावको हुन्छ
हामीलाई मनभित्र
सम्झना हुन्छ
बूढानीलकण्ठको
उनी पनि जलाशयमाथि शयन गर्छन्
ती पनि गहिरो निद्रामा मग्न छन्
मार्गदर्शीहरूमा
भागदौड मच्चिएको छ
कालरात्री फैलिएको छ
आँधीहुरीका चपेटा चपेटामा
कोलाहल चलेको छ
नवोदित नक्षत्रहरू
माथिबाट टुलुटुलु
दृश्यावलोकन गर्दै छन्
मूकदर्शी छन्
घाम र जून हराएको वेला
मानव मनहरूमा
कालकूट ग्रहणले ढाकेको छ
चौतर्फी ढाँकिँदै छन्
बालुवाका ढिकुरा
मरुभूमीकरण बिर्साइरहेछन्
कता हरायो– अमूल्य शान्त प्रहर !
नियाल्दै छन्–पारखीहरू
सेतीपैह्राको टाकुरामा बसेर
समय र मयका बीच ।

धनुषा

यात्रानुभूति

अष्ट्रियाको सुन्दर नगरी साल्जवर्ग

■ डा. रामप्रसाद दाहाल

अष्ट्रियाको सुन्दर नगरी साल्जवर्ग। हाम्रो पारिवारिक टोली साल्जवर्ग पुग्यो। साल्जवर्गको रमणीय स्थल अवलोकन गर्दै हामी होटलमा पुग्यौं। शान्त थियो होटल। होटलको काउन्टरमा थिए करिब बाइस वर्षीय युवक ....। उनलाई अनिशले हाम्रो बुकिङ देखाए, उनले खासै वास्ता गरेनन्। दुई घण्टापछि आउनुस् भनेर ठाडो उत्तर दिए। हामी अकमक्क पर्‍यौं। घुम्दाघुम्दा थकित भएर पुगेको होटलमा, फेरि घुमेर पो आइज भन्छ बा ! यो कस्तो पञ्जावी रहेछ भनेर मैले कुरा निकालिहालें। अनि त्यही होटलको रेष्टुराँमा बसेर समय बिताउन बस्दै थियौं। प्रसङ्ग निकाल्यौं– यस्तो उरेन्ठेउलो गैरजिम्मेवार मानिस पनि सम्पर्कसूत्र वा जिम्मेवारीको जागिर लिएर बस्न सक्छ ? हामीप्रति उसले देखाएको अशिष्टता नबोलेरै भए पनि अनुहारबाटै प्रस्ट देखिन्थ्यो।

मैले उसको व्यवहार उसको बोलाइ देखेर मनमनै सोचें– के यसका मालिकले यस्तै व्यवहार गर्न यो जिम्मेवारी दिएका होलान् ! केटो सलक्क परेको चिटिक्कै थियो तर अनुहारको व्यवहारमा भने शालीनता पटक्कै देखिएन। यो कुनै हीनभावनाको झारमा फँसेको छ कि ? यो अर्कै मुलुकको नागरिक काम खोज्दै आएको होला ? यसका पनि आफ्नै कथाव्यथा होलान् ? त्यही कुनै घटनाले यसलाई खाइरहेको होला ? कम्प्युटरमा लीन छ एकदमै, अगाडि हेर्ने फुर्सद छैन ?

उसको अवस्था देखेर मैले सम्झें– प्राचीन संसारको हाम्रो कथा, राजा दुष्यन्तको कथा। दुर्वासा ऋषिले शकुन्तलालाई सराप दिएको कथा। दुष्यन्तले दिएको औंठी सम्झेर एकोहोरी भइरहेकी शकुन्तला अगाडि आएर भिक्षा माग्दा पनि नसुनी नदेखेपछि रिसाहा दुर्वासाले सराप दिएछन्– 'तैंले जसलाई सम्झेर मलाई अगाडि आएको पनि देखिनस् तँलाई पनि तैंले सम्झेकोले त्यस्तै गरी बिर्सियोस्। मलाई जस्तै तैंले नदेखे झैं त्यल्ले तँलाई पनि नदेखोस्, बिर्सियोस्।'

यो कटुता प्राचीन कथा नेपाली समाजमा श्रुति परम्परामा रहेको छ। यस्तै अवस्था त होइन जस्तो मलाई पनि लाग्यो तर होइन रहेछ। हामी एक गिलास जुस पिउन नभ्याउँदै कौरले बोलायो अनिशलाई–आउनुस् तपाईंहरूको साँचो लिनुस् र रुममा जानुस्। यति चाँडै फेरि बोलावट सुन्दा ममा अनेक तरङ्गले तरेली मार्न थाल्यो।

म बहकिएँ। मेरो विचारले साल्जवर्गलाई जो भर्खरै देखेर आएको थियो, फन्को मार्‍यो। अनि सम्झें– अतीतको अँध्यारोमा भट्कनु व्यर्थ छ। यसबाट हामीले केही पनि प्राप्त गर्न सक्तैनौं ? अतीत त बिर्सनुपर्छ । सम्पूर्ण ध्यान वर्तमानमा केन्द्रित गर्नुपर्दछ, किनकि वर्तमानलाई भूतकालको हरेक भूलले सुन्दर बनाउन सक्छ– यदि तपाईंले त्यो भूल सुधार गर्नुभयो भने ....। थाहा छैन, त्यो केटामा यति चाँडै किन परिवर्तन आयो अनि मैले

भोलिपल्ट बिहान 'टि टाइम'मा हिन्दी भाषामा सोधीखोजी गरेँ विस्तारै । उसले सबै कुरा खोल्दै गयो । मलाई लाग्यो– मानिस त्यस्तै बन्छ, जस्तो ऊ आफ्नो विषयमा सोच्छ । त्यस वेला मलाई रोमनको बुद्धिमान् राजा भनेर चिनिने मार्क्स ओरोलियको भनाइ याद आयो– 'तपाईंको जीवन कस्तो छ ? सोचिरहनु, सोधिरहनु पर्दैन, बिल्कुल त्यस्तै जस्तो तपाईंको विचारले पुऱ्याउँछ । स्वभाव सफलताको आधार हो ।' यो भनाइ सम्झँदै उसको मैले परिचय मागेँ । उसले सबै कुरा खोल्दै गयो । त्यो केटाप्रति बडो करुणा पनि ममा जागेर आयो । उसको नाम रहेछ– सुजित कौर । ऊ पञ्जाब हरियाणाको नागरिक रहेछ । ऊ छ कक्षामा पढ्दाखेरि नै उसकी आमाको मृत्यु भएछ । बाबु कृषक रहेछन् । कृषिको बिडो थाम्न र चारवटा सन्तानलाई लालनपोषण गर्न साह्रै कठिन भएछ । एक जना गाउँकै बडे पञ्जावी युरोपको कुनै एक शहरमा बस्ता रहेछन् । उनी हरियाणा-दिल्ली गएको वेलामा उसका बाबु हरजित सिंहले भने– 'यो ठूलो छोरालाई लगिदिनुस्, यसले पढोस् पनि, खानलाई नमरोस्, काम गर्ने जाँगर छ यसमा । तपाईंले यसलाई जीवन दिन सक्नुहुन्छ काम नपाउन्जेल तपाईंसँग राखेर भए पनि मलाई सहयोग गर्नुहोस् । यो बच्चा बिग्रेको म हेर्न सक्तिनँ । मैले दोसो विवाह गरेँ, रहरले होइन, खेती किसानी सम्हाल्न नसकेर बाध्यताले । मलाई त किन चाहिन्थ्यो र दोस्रो विवाह, तीनवटा छोरी र एक छोरा छँदै थिए । यिनैलाई हुर्काएर बस्दथेँ तर के गर्नु, मेरा गरीबी मेरा किसानीका अगाडि म झुकेँ र मैले भनेर अनुरोध गरेको हुँ । कृपया यो मेरो छोरा सुजितलाई लगेर मप्रति दया जगाउनुहोस्, छोराको भविष्य दिनुहोस् ।'

'करुणाभावमा बाबुको वचन सुनेर हरजित अङ्कलले मलाई आफ्नै खर्चमा युरोप ल्याउनुभयो । आएँ । होटलको अग्रभागमा तालिम दिलाउनुभयो अनि सिक्ने मौका पनि पाएँ । कति भोकै, कति खाएर, कति नखाएर सङ्घर्षको जीवन बिताएर जर्मनको म्युनिखमा बसेँ । त्यसपछि केही बुझेँ, केही सिकेँ, भविष्यको खोजीमा पर्यटकनगरी पर्यटकको आकर्षक केन्द्र यो साल्जवर्ग नगरीमा आउने विचार गरेँ । फलस्वरूप आजभन्दा पाँच वर्षअगाडि म यहाँ आएको हुँ । धेरै हन्डरपछि मैले यो होटलमा काम पाएँ । बसेको तीन वर्ष भयो । म्यानेजमेन्टमा स्नातक पढ्दै छु, समय मिलाएर । आजभोलि जाँच चलिरहेछ, पढ्ने टाइम पाइँदैन । साहूले बिदा दिँदैन । पैसा बाँकी राख्छ । छोडेर पनि जान सक्तिनँ । घर छोडेको नौ वर्ष भइसक्यो । न घरको न घाटको भएजस्तो अनुभूति हुन्छ, कहिले कहिले । अनि, यस्ता पर्यटक आइदिन्छन् । यति दिक्क लाग्छ । उनीहरूको कठोर र क्रूर व्यवहार । 'पैसा तिरेको छु, यो मेरो हो आजको रात' भनेर रक्सी पिएर, देखाउने उद्दण्डता मैले धेरै भोगेको छु । आज पनि एक जना कालेले हिजो पनि गर्नु नगर्नु गऱ्यो, अनि के भनौं ? यदि मसँग पैसा हुन्थ्यो भने एक मिनेट यहाँ बस्ने थिइनँ तर बाध्यताका नाममा मेरो यो बसाइँ .... । घर जाऊँ भने बाबुको सपना सम्झन्छु, जान सक्तिनँ । अन्त जाऊँ भिसा सकिएको छ, थप्न सकेको छैन, अनि के गरूँ ?'

वास्तवमा सुजित कौर पात्र हुन सक्छन्– धेरै-धेरै प्रदेश गएर जीवन बिताउन बाध्य हुने युवाहरूको स्थितिको । थुप्रै नेपालीहरू पनि विदेशको नाममा भौतारिरहेका छन् । फर्कन सकेका छैनन् । यता गर्दा होला कि उता गर्दा होला ? भन्ने मन दोमन गर्दै एक पेट खान

र एकसरो लगाउन नपाएर आशाको महल बोकेर विदेश आइरहेछन् । युरोप, अमेरिका, एशिया जतातै छरिएका छन् । हालत सुजित कौरजस्तै त हो । अझ ऊ त पढेलेखेको होटलसम्बन्धी तालिमप्राप्त .... । अन्तिममा सुजित कौरले विनम्रतापूर्वक भन्यो – 'सबै पर्यटकहरू त्यस्ता हुँदैनन् ....। झन् तपाईंहरू त परिवारवाला .... । मैले त्यस्तो व्यवहार नगर्नुपर्ने ।'

उसले तुरुन्तै आफ्ना कमजोरीलाई थिचेर हामीहरूलाई बोलाएर साँचो दियो– 'माफ गरिदिनुहोस् है हिजोको व्यवहारमा । यदि तपाईंहरूले अनलाइनमा कुनै कमेन्ट लेखिदिनुभयो भने मेरो जागिर जान्छ ।' उमेर त चौबीस वर्ष मात्रै भयो मेरो तर जीवनमा चार सयभन्दा बढी त दुःखपूर्ण घटना व्यहोरिसकें । चौबिस घण्टामा चौध घण्टा काम गर्छु यहाँ । रात नसुतेरै बिताएको छु । तर अविचलित पढ्न त छाडेको छैन । धेरै ढाँटेर बाबुको मन नदुःखोस् भनेर आफ्ना राम्रा कुरामात्र बाबुलाई झुटको पुलिन्दा भरेर सुनाएको हुँ । हरजित अङ्कलसँग पनि सम्पर्कबाहिर छु । मैले पञ्जाबी संस्कृति बिर्सिसकेको छु, मात्र साथमा एउटा फेटा छ बस । अरू के भनूँ ।'

अन्त्यमा उसलाई मैले एउटा एलिनोट रुजवेल्टको भनाइ राख्दै बिदाइ भएको थिएँ – 'केही गर्न नसकी असफल मस्तिष्कमा पनि शक्ति हुन सक्छ । सबै अनुभवबाट तपाईंलाई शक्ति, साहस र आत्मविश्वास मिल्छ । जसमा तपाईं साच्चै रोकिएर डरको आँखामा आँखा मिलाएर हेर्नुहुन्छ । तपाईंले त्यो काम गर्नुपर्छ, जुन काममा तपाईं गर्न सक्तिनँ भनेर सोच्नुहुन्छ .... ।'

हामी निस्कियौं साल्जवर्गको नदी किनारमा घुम्नका लागि । जर्मनी घुमेपछिको त्यो साल्जवर्ग मलाई नौलो लागिरहेको थियो । मैले सुनेको थिएँ– विश्वका ठूला-ठूला सभा सम्मेलन (विशेष गरी आइ.टी.सम्बन्धी) यस ठाउँमा हुन्छन् । युरोप घुम्न आउने यात्रीको रोजाइ पर्छ रे साल्जवर्ग.... । अलिकति माथि गयौं, हिमचितुवा उफ्रे झैँ हिउँमा उफ्रन पाइनँ । अलिकति तल झर्‍यौं, सलल-सलल बगेकी सफा गङ्गा.... । नदीको दायाँ-बायाँ आकर्षक गुम्बा, गुम्बज शैलीका घरहरू, सुन्दर चर्चहरू । प्रकृतिको प्रेम । कुशल बजार व्यवस्थापन, पार्कभित्र फूलका रङ्गिबिरङ्गी वासनाहरू । पर्यटकहरूको थुप्रो.... । यस्तै-यस्तै छ साल्जवर्ग.... हामी पनि यसमै रमाउन यताउति घुम्दै छौं ?

हामीजस्तै जर्मनी पर्यटक क्रोस्टेन ब्रस छसात वर्षकी छोरीलाई साल्जवर्ग घुमाउन हिँडेका रहेछन् । रेलमा सँगै परियो । त्यस छोरीको छुकछुक र चाहनाको तीव्रताले उनलाई राम्ररी रेलमा सुत्न पनि दिएको थिएन । छोरी इरिमले जति कचकच गरे पनि उनी झिजो नमानी ती छोरीले भनेको कुरा गरिरहन्थें मन नपरे पनि– 'यसको ममी र मेरो कुरा मिलेन अनि हामी छुट्टियौं । नदीका दुई किनारजस्तै छौं, तर दुई किनारको पुल भइदिएकी छ यो छोरी । यो छोरीलाई दुईदुई महिनाको पालो लगाएर हामी हेर्छौं ? अहिले मेरो पालो परेको छ । यसको इच्छा हिउँ खेल्ने भयो, अनि मैले इरिमको लागि हिउँमा खेल्ने र घुमाउन साल्जवर्ग लाँदै छु ।'

हामीले हाम्रा कुरा पनि उनलाई सबै भन्यौं । 'अनि तपाईंले अर्को विवाह गर्नुभएको छैन'– मैले सोधें । उनले भने– 'छैन.... छैन....।' 'किन नि !' 'यो छोरी छ नि ! सायद गर्दिनँ पनि ।' 'अनि छोडेर जानेसँग कुरा हुँदैन ?' 'हुँदैन....हुँदैन...।' 'अनि कसरी यो बच्चालाई छोड्ने त ?'

'उसले बच्चा लिएर आउँछे । केही पर बस्छे । अनि बच्चा दौडिएर आउँछे । म समात्छु । मैले पनि त्यस्तै गर्छु । बस ! न उसको बारेमा म सोच्छु, न मेरो बारेमा ऊ सोच्छे । हामी स्वतन्त्र छौं ?'

छक्क परेँ त्यो जीवनलीला सम्झँदै । साल्जवर्ग घुमिरहेँ, नदीको पानीजस्तै बहिरहेँ । म कतिपय क्षण उसका कुरा सुनेर .... ।

नदी किनार दायाँ बायाँ विविध पर्यटकका विविध लीलाहरू हेर्दै आफूलाई मनपर्ने स्थान, स्थिति र प्रकृतिको साथमा मन लागेको फोटो खिच्दै गऱ्यौं । अनिशले भने– 'साल्जवर्गमा कपडा सस्तो पाइन्छ । नेपालमा भन्दा खासै फरक पर्दैन । राम्रो गुणस्तरयुक्त तर सस्तो पनि ।' अनि मैले सोधेँ– 'सस्तो भएपछि राम्रो के होला र ?' 'हैन यो यस्तो बजार हो, जो अन्यत्र पनि हुन्छ । यहाँ एकजोर एकदुई पीस लियो भने महँगो पर्छ । एक दर्जन लियो भने सस्तो नै पर्छ । बाह्र थान मोजा लिए युरो एक सय पचास, दुई थान लिए पचास । ल अब पुगेन ल हेर्नुस् मूल्य .... ।'

हामीले आवश्यकता अनुसार हल्का सजिला र चिटिक्क पर्ने कपडाहरू किन्यौं ? र बढी पर्यटकको केन्द्र नदी किनारामा घुमेर त्यो दिन त्यो साँझ बिताएका थियौं ।

साल्जवर्गको त्यो रामझम हामीसँगै भएर हिँडेजस्तो लाग्यो । एकातिर तन्क्यो, बजार छ । अर्कोतिर फर्क्यो, नदी छ । डुङ्गाहरू छन् । परेवा र चराचुरुङ्गीको हुल छ । मानिसहरू बानी अनुसारका व्यवहार गरिहेछन् । युवाहरू हातमा बियर बोकेर नसामा झुम्दै 'आज वर्थ डे' भनेर मनाइरहेछन् । हुलका हुल अचम्मको संस्कृति । पप गीतहरू धन्किरहेछन् चोक-चोकमा । भेला छ समूह- समूहको ।

घामले पोल्नै लागेको छ तैपनि एकथरी घाममा जिउ सुकाउँदै छन् । अर्कोथरी हाम्रो प्रेम अजर अमर बनोस् भनेर पुलमा एकजोडी ताल्चा लगाएर अङ्कमाल गर्दै छन् । 'यो ताल्चा कहिल्यै खुल्दैन, अब हाम्रो प्रेम पनि कहिल्यै छुट्दैन' भन्ने सङ्केतमा चुम्बन गरिर हेछन् – ती नवविवाहित जोडी र विवाहमा बाँधिन खोजेका प्रेमीहरूले .... । उनीहरूको दिमागी किल्लामा आध्यात्मिक सुरक्षा पनि त्यत्तिकै कडा रहेछ । पुलमा ताल्चा लगाउने स्थान छैन । ताल्चाप्रति उनीहरूको विश्वास देख्दा मलाई लाग्यो– उनीहरूमा पनि एक किसिमको दैविक विश्वास खडा छ ।

साल्जवर्गमा भेटिए– डिजनी । उनले यहाँका मानिसको विश्लेषण गर्दै भने– 'काम अरूलाई लगाउँछन्, बुद्धि आफू ख्याउँछन् । ठाउँ त राम्रो नराम्रो आफ्नो ठाउँमा होला तर त्यसलाई व्यवस्थित गर्न पर्यटकीय नगरीको विकास गर्न पछि पर्दैनन् । यिनीहरू नदी किनारको व्यवस्थितपनलाई हेर्दा नै हामीलाई थाहा लाग्छ– पानीजस्तै सफा र कञ्चन एक राम्रो विचार सोच्ने र त्यसैमा लागिरहने यिनीहरूको बानी छ । कामको पछि त्यसरी लाग्छन्– आष्ट्रियावासी कुकुरले जसरी पिछा लागिरहन्छ । त्यसै गरी काममा लागिरहन्छन्– जबसम्म त्यो काम पूरा हुँदैन । काममा लागिरहनुपर्छ । कामका क्रममा गल्ती हुन सक्छ । महत्वपूर्ण कुरा सिक्नु हो । गल्ती हुन सक्छ तर कसरी गल्ती थोरै हुन सक्छ । त्यसतर्फ हामीले ध्यान दिन सक्यौं भने पनि बन्छ साल्जवर्ग । डिजनीको निष्कर्ष थियो– मार्ग निर्देशनविनाको प्रयास र साहस पर्याप्त छैन । त्यो पर्याप्तताभित्र नै आफ्नो सहायता आफै गर्नुस् भन्ने प्रेरणा जाग्दछ, अनि अभावमा स्वभाव नष्ट हुन्छ । त्यसबाट तिमीले बचेर वा सिकेर केही गर्ने प्रेरणा राख्यौं

भने त्यो सार्थक र जीवन फलदायी हुन्छ । यही सन्देश साल्जवर्गको विकास र निर्माणले बोकिरहेको छ। त्यसैले प्रकृतिको वरदान सानो संसार अष्ट्रिया राम्रो अनि आफैमा पूर्ण छ, त्यो आज पनि ।

साल्जवर्ग सानो शहर हो अष्ट्रियाको, तर सुन्दर शहर यसलाई न्यूमेरिकलजस्तो ठ्याक्कै जोडेर फल यो प्राप्ति भन्न त मैले सकिनँ तर सफा छ । रेल स्टेशन पनि शहरकै बीचमा छ । पहाड फोडेर खोलाको किनारमा पर्यटकीय आकर्षक घरहरू लामबद्ध राखिएका छन् ....। के कमी होला ? त्यो मैले बुझ्न खोजिनँ । तर जे छ त्यसैलाई युगौंयुगसम्म बचाइरहन सके पनि यो जीवन्त रहन्छ र पर्यटक र सज्जनका लागि आँखाको नानी बन्न सक्छ, बनिरहनेछ ।

मैले हिँड्ने वेलामा, अर्थात् होटल छोड्ने बेलामा प्रश्न गरेँ सुजितलाई– 'तिमीले सारा पञ्जाबी संस्कृति त छोड्यौ तर टाउकोमा फेटा चाहिँ गुतिरहेछौ । किन छोड्न सकेनौ फेटा....?' उसले उत्तर दियो– 'यो टुरिष्टको शहर हो, यहाँ टुरिष्टहरूलाई अपनत्व प्रदान गर्नु पनि सञ्चालकको दायित्व हो । होटलको कुनै आलोचना भए टुरिष्ट यहाँ बस्न नआउन सक्छन् । झन् यस शहरमा त चाइनिज र इन्डियनहरूको आगमन बाक्लै छ । यो होटेलले इन्डियन टुरिष्टलाई बढी भित्र्याइरहेछ । उनीहरूलाई मैले हिन्दी भाषा बोलिदिएर, पञ्जाबी फेटा देखाउँदा निश्चय पनि अपनत्व महसुस गर्छन् । त्यसैले जहाँ गए पनि पञ्जाबीको फेटा प्रसिद्ध छ । म यही फेटा बाँधेर टुरिष्टहरू आकर्षित गरिरहेछु । थुप्रै एशियन टुरिष्टहरू यस होटलले प्राप्त गरिरहेको छ । त्यही नै मेरो भाषा र फेटाले दिएको उपलब्धि हो र संस्कृति पनि हो .... ।'

सुजितको भनाइ सकिन नपाउँदै 'पछि फेरि भेटौंला है !' भन्दै म हिँडेँ ?

❖❖❖

गुनासो छ मेरो

■ गुड्डी पन्त

गगन छाती चिरी भदौ भेल उल्र्यो
असह्य पीडा जो गुञ्जियो पवनमा
तिमी देह त्यागी जब धरामै बिलायौ
सुन देवकोटा, यहाँको प्रज्ञा हरायो ।

मन्दिर त्यहीँ छन् द्यौता उनै हुन्
तर घाउ बेग्लै छ आर्तहरूको
कुनै छैन दीप जो बालेर हेरूँ
सुन देवकोटा, यहाँको दीपशिखा हरायो ।

सबै ज्ञानी नेता भए चाटुकार
दिवास्वप्न देख्दै छन् कान्तिपुरीको
कसरी राज गर्लान् ती चिम्लेर आँखा
सुन देवकोटा, यहाँको नीति हरायो ।

शहीदको रगतले सिँचेर भूमि
स्वतन्त्रताको फूल जो फुलेथ्यो
ओइलाउँदै छ प्रजातन्त्र फेरि
सुन देवकोटा, यहाँको शान्ति हरायो ।

जहाँ सुन र नुनको व्यापार चल्थ्यो
त्यहाँ तौलिँदै छन् निर्दोष नारी
अब रहेन अलकापुरी यस नगरमा
सुन देवकोटा, यहाँको अस्मिता हरायो ।

कुख्यात व्यक्ति भए सबैका पियारा
जेलमा शोभा बन्छन् निर्दोष बालक
शायद अब साना जेलनेल बन्लान्
सुन देवकोटा, यहाँको विवेक हरायो ।

तिमी लक्ष्मी देशका ब्राह्मीप्रसाद
उच्चकोटिका तिमी काव्यकार
कुन पुष्प राखूँ भन श्रद्धाञ्जलीमा
सुन देवकोटा, यहाँको सुवासै हरायो ।

❖❖❖

निबन्ध

चम्काउनुस् आफ्नो व्यक्तित्व

■ ठाकुर शर्मा भण्डारी

कुकुनै पनि व्यक्तिको चिनारी उसको व्यक्तित्वबाट हुन्छ। प्रभावशाली व्यक्तित्वले समाज वा राष्ट्रमा प्रतिष्ठा पाउँछ। यदि कसैले आफ्नो व्यक्तित्व विशाल, आकर्षक, शान्त, सरल एवं प्रभावशाली होस् भन्ने चाहन्छ भने निम्न लिखित सातवटा कुरालाई जीवनमा अपनाउनु अनिवार्य हुन्छ :

(१) निष्कपट आचरण : यो व्यक्तित्व निर्माणका लागि महत्वपूर्ण कुरा हो– आफ्नो जीवनमा आचरणलाई निष्कपट राख्नु। फूलहरूमा जुन स्थान सुगन्धको छ, फलहरूमा जुन स्थान मिठासको छ, भोजनमा जुन स्थान स्वादको छ त्यस्तै जीवनमा आचरणको पनि महत्वपूर्ण स्थान रहेको छ। आफ्नो आचरणलाई यस्तो बनाऊँ, मानिस जहाँ गए पनि आदर एवं सत्कार पाओस्।

(२) सद्गुण : सुन्दर र महँगा कपडा लगाएर मात्र कहिल्यै पनि व्यक्तित्व आकर्षक हुँदैन। धेरै शृङ्गारिक गहनाहरू लगाएर व्यक्तित्व उज्ज्वल हुने होइन। व्यक्तित्व उज्ज्वल हुन्छ चरित्रले। चरित्रले व्यक्तिको व्यक्तित्वलाई सजाउँछ। गुणले नै व्यक्तिलाई महान् बनाउँछ र समाज एवं राष्ट्रमा प्रतिष्ठित बनाउँछ। गुणहीन व्यक्ति समाजमा आदरका पात्र हुन सक्दैनन्। गुणवान् व्यक्ति सर्वत्र आदर र यशका पात्र हुन्छन्। व्यक्तिको सात्विक गुण नै उसको व्यक्तित्वको कसी हो किनकि सात्विक गुणले नै व्यक्तिको वाणीमा विनम्रता, व्यवहारमा सरलता र विचारमा पवित्रता प्रदान गर्दछ र सुन्दरताको धरातलमा उभ्याउँछ।

संस्कृतमा एउटा पद्यात्मक सूक्ति रहेको छ, त्यसको तात्पर्य हो : मानव न केयूर, न चन्द्रमाको समान उज्ज्वल हार, न स्नान, न शरीरमा सुगन्धित वस्तु दलेर, न फूलादिले सुशोभित भएर मात्र उसको व्यक्तित्व झल्किन्छ। व्यक्तिमा यदि संस्कार युक्त वाणी छैन भने ती कुनै पनि कुराहरू काम लाग्दैनन्। संस्कारसम्पन्न वाणी धारण गर्ने हो भने मानवको शोभा आफै बढ्दछ, यसका अतिरिक्त त जति पनि आभूषण धारण गरिएका छन्, ती सबै नष्ट हुन्छन्, साँचो भूषण त वाणी हो, भनिएको छ :

केयूरा न विभूषयन्ति पुरुषं हारा न चन्द्रोज्ज्वला
न स्नानं न विलेपनं न कुसुमं नालङ्कृता मूर्धजाः
वाण्येका समलङ्करोति पुरुषं या संस्कृता धार्यते
क्षीयन्ते खलु भूषणानि सततं वाग्भूषणं भूषणम्।

(भर्तृहरि)

(३) आत्मविश्वास : आत्मविश्वासलाई जहिले पनि दृढ बनाइराख्नुपर्दछ। यो मानिसको परम कर्तव्य हो। जसका भित्र आत्मविश्वास छ, ऊ कठिनभन्दा कठिन परिस्थितिमा पनि संयमित रहन्छ, कतै पनि डराउन्न। व्यक्तिले आत्मविश्वास हरायो भने सर्वस्व हरायो। आत्मविश्वासको शक्तिले व्यक्तित्व उजागर हुन्छ। आत्मविश्वासी व्यक्ति भएमा मुखमण्डलको आभा कहिल्यै

मलिन हुँदैन, अपितु उसको मुहार कान्तियुक्त हुन्छ, आकर्षक हुन्छ ।

(४) समयको ख्याल : मानवजीवनमा समय अत्यन्त मूल्यवान् छ । समयको गति, स्वभाव र प्रवृत्तिलाई जसले चिनेर कार्य गर्दछ, उसलाई सफलता मिल्छ । जो समयमा उचित निर्णय लिन सक्दैन, उसको कार्यमा सफलता मिल्दैन । समयको ख्याल गर्ने व्यक्ति सांसारिक र आध्यात्मिक दुवै धरातलमा उँचाइको शिखर चुम्दछ । आज प्रत्येक मानव आफूभन्दा अधिक अरूको कुरा काट्नमा समय खेर फालेको हुन्छ । अनावश्यक कुरामा अमूल्य समय गुमाउँछ । यस्तो गर्नु आफैलाई समाप्त पार्नु हो, तसर्थ आफ्नो काम निर्धारित समयमा पूर्ण गर्ने व्यक्ति समाजमा प्रतिष्ठित हुन्छ, सम्मानित हुन्छ ।

(५) स्नेह वा सहानुभूति : महर्षि व्यासको एउटा वचन छ : परोपकार पुण्याय पापाय परपीडनम् । अरूको उपकार गर्नु पुण्य हो, अरूलाई दुःख दिनु पाप हो ।) यस महान् वाणीलाई मनन गरी अरूप्रति आफ्नो हृदयमा स्नेह र सहानुभूति हुनुपर्दछ । अरूलाई माया गरिन्छ भने अरूले पनि उसलाई माया गर्दछ । अरूलाई कहिल्यै पनि अपमान गर्नुहुँदैन । कसैको कुरा काट्ने काम गर्नुहुँदैन । कसैलाई अपमान गऱ्यो भने आफू पनि अपमानित भइन्छ । व्यक्तिले जे जस्तो दियो त्यही पाउने हो । आफूले अरूलाई हृदयतः खुलेर प्रशंसा गर्नुपर्दछ तर झुटो प्रशंसा गर्नुहुँदैन । यदि प्रशंसा गर्न सकिँदैन भने कसैको निन्दा गर्नुहुँदैन । कसैको निन्दा गरियो भने केही प्राप्ति हुँदैन, सदाका लागि उसको नजरबाट झरिन्छ । आफ्नो स्वभावबाट सदैव अरूका मनमा आफूप्रति तीव्र आकर्षणभाव उत्पन्न गराउनु राम्रो हुन्छ । अरूलाई साँचो मुस्कान दिऊँ । संसारमा प्रत्येक व्यक्ति कीर्ति, प्रशंसा अत्यधिक चाहन्छ । यदि मानिसले अरूको कीर्ति बढायो भने आफ्नो कीर्ति बढ्दछ । व्यक्तिले अरूको भावनाको कदर गर्नुपर्दछ । अरूले गरेका सानाभन्दा साना कामको प्रशंसा गर्नुपर्दछ । जुन जीवनमा शान्ति छैन, सन्तोष छैन त्यो जीवन, के जीवन ।

(६) गल्ती स्वीकार : संसारमा उही व्यक्ति सर्वाधिक लोकप्रिय, प्रशंसनीय हुन्छ, जो आफ्नो गल्ती स्वीकार गर्दछ । आफूबाट कुनै गल्ती भएको छ भने तुरुन्त स्वीकार गर्नुपर्दछ । प्रत्येक हप्तामा व्यक्तिले आफ्नो मूल्याङ्कन आफैले गर्नुपर्दछ । के गल्ती गरिएको छ, त्यो भविष्यमा नगर्ने प्रण गर्नु राम्रो हुन्छ ।

(७) कुव्यसनको त्याग : त्यही व्यक्ति महान् हुन्छ, जो व्यक्तिमा कुव्यसन र कुप्रवृत्ति हुँदैन । कुव्यसनले शारीरिक दुर्बलता ल्याउँछ । आफूलाई कमजोर बनाउँछ । सदा रोगी र आलसी बनाउँछ । असल कार्यमा संलग्न हुन चाहने व्यक्तिहरू नशालुपदार्थमा ध्यान दिँदैनन् । मद्यपान तथा धूम्रपानादि आजभोलि फेसन भएको छ, यसमा आफ्नो श्रेष्ठता, सभ्यता सम्झनु राम्रो होइन, कुव्यसनको द्योतक हो । जो कुव्यसनबाट टाढा रहन्छ, स्वस्थ रहन्छ, दीर्घजीवी हुन्छ र जीवनमा सफलता हासिल गर्दछ । हामीलाई यो मूल्यवान् जीवन प्राप्त भएको छ । यसलाई नराम्रो लतमा लगाएर व्यर्थ गुमाउनुहुँदैन ।

यी मूल्यवान् कुराहरूलाई कुनै पनि व्यक्तिले व्यवहारमा उतार्न सक्यो भने जीवनमा अवश्य पनि सफलता प्राप्त हुन्छ । माया, प्रेम, सद्भाव, करुणा, मीठो बोली आदि जीवनका आधार हुन् । परहितकारी जीवन नै साँचो जीवन हो ।

मिति : २०७४ चैत्र ५ गते सोमवार ।

आँखा

■ कृष्ण प्रधान

आँखाको धर्म
हेर्नु हो
संसार चियाउनु हो,
धर्म अधर्म
छुट्याउनु हो ।

आँखा हुनेले
नदेखेपछि,
आँखा हुनेले
चिम्लिन थालेपछि
देखे पनि नदेखेपछि
कालो,
कालो रहँदैन
न सेतो
सेतो नै रहन्छ ।
जोसित
अहिले आँखा छन्
ती देख्दै देख्दैनन्
जोसित आँखा छैनन्
ती देख्छन् ।

उहिलेको कुरा
धृतराष्ट्र अन्धा थिए
त्यसैले उनी
महत्वाकाङ्क्षी भए
र,
नभएको आँखाबाट
हेर्न थाले
एउटा महाभारत ।

आँखाको धर्म
हेर्नुमात्र होइन
न्याय अन्याय
छुट्याउनु पनि हो,
आँखा हुनेहरूले
घमण्ड गर्नुहुँदैन
न दम्भ नै,
धेरै दम्भ र घमण्ड भयो भने
आँखा भए पनि
जल्छन्
आँखाका गुलुपहरू,
आँखा भएपछि
सत्य वा असत्य
देखे पनि
नदेखेजस्तो
वा
नदेखे पनि
देखेजस्तो
आँखाहरू
अर्ध सत्यको खोजी होइन ।

एक एक चिम्टी
अँधेरो रातबाट
जोगाएर ल्याएको हो
उज्यालो
र,
त्यो ज्योति
यो दृष्टि
तिमीलाई

सत्य हेर्नु भनेर
दिएको हो ।
तर
तिमी भने
आँखा भएर पनि
दृष्टिविहीन जस्ता छौ,
ज्योति भरेर पनि
ज्योतिविहीन जस्ता छौ ।
दिन छ
तर
तिम्रो आँखामा
अँधेरो अँधेरो छ,
न उजेलो नै देख्छौ
न अँधेरो नै
चिर्न सक्छौ ।

आँखा भएपछि त
देखिन्छ
कि सत्य
कि असत्य ।
ए मेरा मित्र !
तिमीसित भएको
सृष्टिको सुन्दर उपहार
एकजोर आँखाको
पूरापूर उपयोग गर
आँखामा पट्टी बाँधेर
गान्धारी हुनुको अर्थ
आँखा होइन ।

मञ्जरी भिलेज, ईमाडोल, ललितपुर ।

कथा

भ्रष्टाचार

■ जलेश्वरी श्रेष्ठ

ठूलो रोदनको आवाज बैठक कोठाबाट आइरहेको थियो । भ्रष्टाचारी मन्त्री शैलेन्द्र निद्राबाट ब्युँझियो । घरमा उसले रोइरहेको स्वर सुन्छ । हडबडाएर बैठक कोठामा जान्छ । त्यहाँ उसकी कान्छी स्वास्नी डाँको छोडेर रोइरहेकी थिई । अरू मान्छेहरू पनि अँध्यारो मुख लाएर बसिरहेका हुन्छन् । साथीहरूले कान्छी स्वास्नीलाई नरोऊ नरोऊ भनी सम्झाइरहेका हुन्छन् । आफ्नी प्यारी स्वास्नी त्यसरी रोएको देखेर किन रोएको नरोऊ नरोऊ भन्दै सम्झाउँछ । तर कसैले वास्ता गर्दैनन् । नदेखेको जस्तो गर्छन् । अरू मान्छेसँग पनि उनी किन रोएको भनेर सोध्छ । उनीचाहिँ 'मेरो प्राण, मलाई किन एक्लै छोडेर गएको ? मलाई पनि सँगै लैजाऊ' भनेर रोइरहेकी थिइन् ।

'ल म त यहीँ नै छु नि, म कहाँ गएको छु र ?' उसले भन्छ र बाहिरतिर अरूले कुरा गरिरहेको पनि सुन्छ, देख्छ ।

'किन त्यस्तो विघ्न निद्रा लाग्ने औषधी खाएको होला ज्यानै जाने गरेर ?'

'बेइज्जती खप्न पर्छ भनेर होला नि ।'

'त्यत्रो पैसाको भ्रष्टाचारको आरोप लागेको छ ।'

'पुष्टि भएपछि पाँच वर्ष जेल जाने पक्का छ ।'

'त्यत्रो सानले बसिरहेको मान्छे, बेइज्जत हुन्छ भनेर डर लाग्यो होला नि ।'

'आ, केको बेइज्जत हुने नि, बेइज्जत त पचिसक्यो । केको डर ?'

'हुन सक्छ, औडाहा भएर निन्द्रा नलागेको होला । एकदुईवटा गरेर धेरै टचाब्लेट खायो होला अनि चिलिम भयो ।'

ऊ झस्कियो, अनि मनमनै बोल्यो, 'हँ, यो के कुरा गरेको ? कतै मेरै विषयमा त कुरा गरेको होइन ?'

यत्तिकैमा पुलिस, डाक्टर पनि आइपुग्छन् ।

'खै, लास कहाँ छ ?'

उसलाई अझै थाहा भएन । कसको लास ? को मरेको होला ? अनि किन रोएको होला ?

'माथि कोठामै छ ।' उसको भाइले यति बोलेर माथि कोठामा लग्यो ।

त्यहाँ पुगेर उसले देख्छ त...'ए, यो उत्तानो परेर रहेको लास त मै पो रहेँछु ।'

त्यहाँ निन्द्रा लाग्ने औषधीको बोतल पोखिरहेको, पानीको गिलास पनि ढलिरहेको रहेछ ।

'ल अब पोस्टमार्टम गर्न हस्पिटलतिर लानुपर्‍यो ।' भनेर डाक्टरले छामे, 'ए, सास त गएको रहेनछ । मन्दमन्द चलिरहेछ । अब हस्पिटल लानुपर्छ । त्यहाँ आइसीयुमा राखी उपचार गनुपर्छ बाँच्न पनि सक्छ ।' सबै जना

हस्पिटलतिर गए। उसकी जेठी स्वास्नी र छोराहरू पनि हस्पिटलमै गए।

यत्तिकैमा दुईवटा डरलाग्दा काला मान्छेहरूले ठूलो फलामको सिक्री ल्याएर हातमा लगाइदिए र ल जाम् भन्दै उसलाई ताने। अर्कोले मोटो फलामको डन्डीले उसलाई पछाडिबाट खुट्टामा हान्दै ल जाम् भन्यो। उसलाई अँध्यारो, चुच्चोचुच्चो ढुङ्गा भएको बाटोमा हिँडाउँदै लगे। खुट्टामा जुत्ता थिएन। रक्ताम्मे भएर दुख्यो। एकछिन पनि रोकिन नदिई पिट्दै लगे। लस्करै मान्छेहरू तातो ढुङ्गामा बसेको ठाउँमा लगे। कोही ऐया ऐया दुख्यो दुख्यो भन्दै चिच्च्याउँदै थिए।

'चिच्च्याउँछस्।' भनेर झन् रगत आउने गरी कोर्रा हान्दै थिए, 'अरूको किड्नी बेच्दै खाने तैँ होइनस् ?'

अर्कोतिर 'तिर्खा लाग्यो, पानीपानी' भन्दै कराइरहेका थिए। तिनीहरूलाई त्यहाँ पनि 'ल खा, ल खा' भन्दै पेट्रोल खुवाइदिँदै थिए।

'म यो पेट्रोल खान सक्दिनँ।' भन्दै थिए।

'पेट्रोलको कृत्रिम अभाव गरेर नाफा खान ब्ल्याकमा धेरै पैसा लिई बेच्ने तँ नै होइनस् ? ल खा पानीको सट्टा पेट्रोलै खा।'

एवम् रीतले त्यहाँ एक जनाले भोक लाग्यो, मलाई खान देऊ भन्छ। त्यसलाई हजार हजारको नोटको बिटा मुखमा कोचाइदिन्छन्, 'तँ सरकारी अफिसको कर्मचारी भएर घुस खाने होइन ? घुस खाएर जनतालाई दुःख दिने तैँ होइनस् ? ल खा, यही खाएर पेट भर।'

यसरी कसैलाई इँटा, सिमेन्ट खुवाइरहेको हुन्छ, 'तिमीहरू नक्कली ठेकेदार हैन ?'

'तिर्खा लाग्यो, तिर्खा लाग्यो' भन्नेलाई तातोतातो अलकत्रा मुखमा हालिदिन्छन्, 'तँ कमसल बाटो बनाउने इन्जिनियर हैन ?'

कसैलाई त सुन पगाली तातोतातो सुन मुखमा हालिदिएको हुन्छ– 'तैँ होइन सुनको तस्कर गर्ने ?'

त्यहाँको यस्तो दृश्य देखेर उसलाई भोकतिर्खा लागे पनि केही भन्न सक्दैन। ऊ भोकतिर्खा खप्नै सक्दैन। घाम पनि एकदमै चर्किरहेको छ। उसले पनि एक्कासि चालै नपाई, 'मलाई भोक लाग्यो, तिर्खा लाग्यो।' भन्न पुग्छ। उसको मुखमा पनि नोटको बिटा कोचेर जीउभरि पर्ने गरी पेट्रोल हालिदिन्छन्।

ऊ कराउन थाल्छ– 'मलाई पोल्यो, पोल्यो।'

'ए, तँलाई पोल्यो ?' भन्दै झन् सलाई कोरेर फालिदिन्छ उसको शरीरमा। उसको शरीर एकदम सहन नसक्ने गरी पोल्न थाल्छ।

'मलाई पोल्यो पोल्यो।' उसले भन्छ। उसलाई त्यसपछि एकदम चिसो बरफ भएको ठाउँमा फालिदिन्छ। सुइऽय धुवाँ आउँछ। उसको शरीर कालो हुन्छ।

अरूहरूको कालो हुन्छ। उसलाई अलि शीतल हुन्छ। वरिपरि जम्मैतिर हेर्छ। सबै उसकै घुस्याहा साथीहरू हुन्छन्। इन्जिनियरहरू, ठेकेदारहरू, डाक्टरहरू, मन्त्रीहरू, अफिसरहरू। यतिकैमा, 'ल यमराजकहाँ हाजिर हुनुपर्‍यो।' भनेको सुनिन्छ र उनीहरूलाई यमराजकहाँ लगिन्छ।

भैँसीको सिङको मुकुट लगाएका भीमकाय शरीर भएका यमराजले 'ल यिनीहरू सबै धेरै भ्रष्टाचारी, पापीहरूको समूह हो' भन्छन्। दस-पन्ध्र जना अटाउने ठूलो कराईमा तलबाट रूखको मुडा दन्दनी बलेर तेल उम्लिरहेको हुन्छ।

'ल, यिनीहरूलाई उम्लेको तेलमा एकएक गरी खसालिदेओ ।'

एकएक गरी तेलमा सबैलाई हालिदिन्छ ।

सबैको एकैचोटि आवाज आउँछ–'नाइँ नाइँ ।'

सबै जना आत्थाआत्था गर्दै कराउन थाल्छन् ।

उसलाई पनि हाल्न लाग्दा डरले थरथर काम्छ । खसाल्न लाग्दा चित्रगुप्तले, 'ए, पखपख, यसलाई नहाल । यसको आयु बाँकी रहेछ ।' तर दूतहरूले सुन्दै सुन्दैनन् । तेलमा हालिदिन्छन् । ऊ आत्थाआत्था पोल्यो भनेर कराउँछ, चिच्च्याउँछ ।

सुन, पेट्रोल र नोटको बिटा आगोमा हालेर ज्वालो पार्छन् ।

यत्तिकैमा शैलेन्द्रको 'आत्थाआत्था' कराएको आवाजले सबै जना जम्मा हुन्छन् । अगिसम्म लाससरि लडिरहेको शैलेन्द्रको होस कोमाबाट ब्युँतेसरि फर्कन्छ । तर ऊ सुरमा हुँदैन । उसले सबैलाई हेर्छ तर कसैलाई चिन्दैन । बेसुरमा आत्थाआत्था पोल्योपोल्यो मात्र कराइरहन्छ । उसको होस आएको देखेर सबै त्यहाँ आइपुग्छन् । शैलेन्द्रलाई भने विश्वासै हुँदैन । उसले आँखा मिच्छ । वरिपरि उसकी जेठी स्वास्नी, छोराहरू, कान्छी स्वास्नी, आफन्तहरू सबैको अनुहार उज्यालिन्छ । सबैको हँसिलो अनुहार देखिन्छ । डाक्टरले, 'उहाँ अब खतराबाट मुक्त हुनुभयो । औषधीको असर रगतमा छैन । घर लगे पनि हुन्छ ।' भन्छ ।

शैलेन्द्र भने एकसुरमा ऐयाऐया, आत्थाआत्था भनेर कराइरहेको हुन्छ । उसले चारैतिर भुलभुल उम्लिरहेको तातो तेलमात्र देख्छ ।

❖❖❖

बेइमानहरू

■ रीता खत्री

अपराधी मान्छेहरूको
एक हुल बस्तीहरू छाडेर
भर्खरै म समीप आएको
ऊसँग,
आजको रात म असङ्ख्य
पीडाहरू साट्छु भन्दै थिएँ
दु:खहरू बाँड्छु भन्दै थिएँ
दु:ख बाँड्न नपाउँदै
पीडा साट्न नपाउँदै
जब ऊ
छाडी आएको अपराधी मान्छेहरूको
एक हुल बस्तीतर्फ हानियो
अनिमात्र थाहा पाएँ
ऊ मेरो विश्वासमाथि खेलबाड गर्दो रहेछ
मेरो आस्थामाथि मनोमानी गर्दो रहेछ

म मूर्ख !
उसको क्षणिक स्वार्थलाई
माया ठानेर यादहरू सिरानी हाल्दै
हररात अनिदो छटपटाउँदो रहेँछु
हो म मूर्ख छु
यो देशमा मजस्तै
मूर्खहरूको ठूलो हुल छ
र त बेइमानहरू
मनोमानी गरिरहन्छन्
आस्था भत्काइरहन्छन्
विश्वास जलाइरहन्छन्
सत्य यी बेइमानहरूसँग
न म अछुतो छु
न मेरो देश अछुतो छ ।

देउराली ७ भोजपुर

लघुकथा

जुवाडे

■ रासा

उसले सोच्यो– फुट्या कौडी छैन, के गर्ने होला !

गमेर बस्यो ऊ । केही जुक्ति निस्केन । तत्क्षण हाँस्यो । मनमा कुरा खेलायो– केही न केही उपाय त गर्नुपर्‍यो ।

छोरालाई एउटा साइकल किनिदिनुपर्ने, यही सोचेर उसले स्वास्नी चाहिँलाई भन्यो -"बूढी, अलिकति पैसा ले त !" "दिन्नँ, जुवा खेल्नलाई ।"-स्वास्नी झर्किई । "हैन के लाटी ! छोरालाई साइकल किनिदिऊँ भनेर...."- उसले बहाना गर्‍यो । "त्यसो भए, ...लौ त ।" -स्वास्नीको स्वीकृतिमा रकम मुठ्याएर, प्रफुल्लित भएर ऊ बाहिरियो ।

साँझपख ऊ घर फर्कियो । "बाबा.... बाबा ! मलाई साइकल....." भन्दै छोरा ऊसित टाँसिन आइपुग्यो । "बाबु, साइकल त हरायो । भोलि अर्को किनिदिउँला ।" उसले सरासर झुठ बोल्यो । छोरा रुन थाल्यो । छोराकी आमाले सम्झाउँदै भनी–"नरो बाबु ! म किनिदिउँला ।"

भोलिपल्ट छोरालाई साइकल किनेर ल्याइदिइन् आमाले । छोरा मख्ख पर्‍यो । साइकल कुदाउन थालिहाल्यो ।

वर्षौं बिते । छोरा जवान भयो । उनीहरू बूढाबूढी भए ।

साइकल घरको छिँडीमै बेवारिस फालियो ।

पछि छोराले आफ्नै कमाइमा मोटरसाइकल किनेर ल्यायो । ऊ मोटरसाइकल चढेर घर-कार्यालय आउजाउ गर्नथाल्यो ।

एक दिन छिँडीको साइकल पनि हरायो । छोराले आमाचाहिँलाई सोध्यो– "यहाँको साइकल खोई, आमा ?"

"तेरो बाउले कवाडीलाई बेचिदियो ।" आमाचाहिँले नमीठो भाकामा जवाफ दिइन् । छोरा हिस्स पर्‍यो । बाबु भनाउँदो बेपत्ता थियो ।

(२०७४।७।४।७)

के तपाईंलाई थाहा छ ?

२०७३ को वर्ष पुस्तक आइसकेको छ र हामी २०७४ वर्ष पुस्तकमा जुटिसकेका छौं । २०७४ वैशाखदेखि ऐ. चैत्रमसान्तसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दै छौं । हामीलाई टिप्पणीका लागि पुस्तक वा परिचयका लागि जानकारी उपलब्ध गराउनुहोस् ।

साहित्य संवर्द्धन केन्द्र
शब्दार्थ प्रकाशन
चाबेल गणेशस्थान, काठमाडौं
४४९७३५१/९८४१४९६१०३

कर्मका पाइलाहरू

■ शिला पन्त

कर्मका पाइलाहरू चाल्दाचाल्दै
थकित भएर
आज म
जीवनका दोबाटाहरूमा
ठिङ्ग उभिएकी छु ।

एक्कासि मेरो नजिक
रूखका पहेँला पातहरू झरेर
यताउता छरिँदै उड्दै गरेको देख्छु
मनमा लाग्छ
मेरो जीवनका दिनहरू पनि
यसै गरी घट्दै छन्
एक दिन मेरो गति पनि यस्तै हुनेछ ।

सोच्दा सोच्दै
मेरा कर्मका यात्राहरू पनि
यसै गरी छोटिँदै छन्
घडी र पलाहरूको गति देखेर
अनि म झस्याङ्ग हुन्छु
र, सोच्न थाल्छु
मेरा सामाजिक आकाङ्क्षाहरू
धेरै नै पूरा हुन बाँकी छन्
त्यसैले अब
मेरो अघिल्तिर
समय पर्खाल भएर
छेक्न सक्दैन ।

कहिले काहीँ
मनै त हो
फुरुङ्ग हुन्छ
तरङ्गित हुँदै
अनायासै मोहित हुन्छ
अनि जन्मभूमिको माटो
हत्केलाभरि उठाएर
मनभरि सुगन्ध लिन्छु
र, प्रार्थना गर्छु
जन्मभूमिलाई मैले केही दिनुपर्छ
समय पर्खाल भएर
बिन्ति ! मेरो बाटो नछेकिदेओस् ।

❖❖❖

तपाईंले निजीस्तरबाट प्रकाशित हुने 'दायित्व'लगायत अन्य साहित्यिक पत्रिकाहरू पढ्नुभएको छ ?

रचना, अभिव्यक्ति, भानु, रश्मि, वेदना, हाम्रो पुरुषार्थ, नाद-बिन्दु, चैतन्यज्योति, वनिता, जनमत, उन्नयन, तन्नेरी, वैश्वानर वार्ता, मनोभाव, अयन, दोभान, अभिनव, शब्दाङ्कुर, अक्षर, अन्तर्बोध, महामण्डल, साहित्यसागर, नव-प्रज्ञापन, शब्दसंयोजन, कौशिकी, ज्ञानगुनका कुरा, निर्झर, कल्पतरू, वैजयन्ती, शब्दसिन्धु, हिमाली गुराँस, फित्कौली, सुलेख, कपन-बानेश्वर, संसाक, रजस्थल आदि ।

कथा

थाँक्रा खोज्छ लहराले

■ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

साँझको छ बज्यो । चिसो सिरेटो चलेर मानिसलाई घरमै बसिरहुँ भैँ भएको छ । यस वेला झमक्कै अँध्यारो भैसक्यो । सात बज्दा नबज्दा आधारात जस्तो हुन लागिसक्यो, तैपनि चमनदेव चौधरी घर आएनन् । रागिनीले आत्तिएर समनदेवलाई फोन गरेर यसबारेमा जानकारी गराइन् । तर समनदेवले आश्वस्त गराएपछि रागिनीको मन केही शान्त त भयो तर छटपटी निमट्यान्न भने भएन । अँध्यारो भएकोले कतै बूढाले घर आउने बाटो पो देखेनन् कि ! कतै दुर्घटना परेर बूढा माथितिर त गएनन् ! रागिनीको मस्तिष्कमा कल्पनाको घोडा विनाकदकाठीकै गटटगटट दौडिरहेको थियो । अब त केटाकेटी पनि आत्तिन थाले । रागिनीले वरपर आफन्तहरू र परिचितजति सबैलाई फोन गरिन् । तर चमनदेव कहीँ पनि फेला परेनन् । अब भने रागिनीलाई पक्का भयो, पक्कै पनि बूढाले निःशुल्क माथिको टिकट काटेको हुनुपर्छ । लामो निःश्वास लिएर रागिनीले मनमनै भनिन्– 'आः भए होस्, यस्तै भए एउटा आपतबाट त छुट्कारा मिल्ध्यो ।' तैपनि आफ्नो कर्तव्य पूरा गर्नलाई उनले फेरि समनदेवलाई फोन गरेर चाँडो घर आउन भनिन् ।

'बुवा अइलेसम्म घर आउनु'भा छैन । आधारात भैसक्यो । मैले चारैतिर फोन गरेर सोधिसकेँ, बुवा कतै हुनुहुन्न । बरू प्रहरी चौकीमा खबर गर्ने हो कि ?'– समनदेव घर आइपुग्नेबित्तिकै रागिनीले एकै सासमा सबै बेलिविस्तार लाइन् ।

'आखिर बुवा काँ जानु भो त ? प्रायःजसो कतै जाने मान्छे त हैनन् ।'–समनदेव एक्लै बडबडायो । त्यही वेला रोमी र रोजन पनि समनदेवको नजिक आइपुगे ।

बाबा, बुवालाई खोज्न जाउँ न ।'– रोमी र रोजनले एकैसाथ भने । घरमा सल्लाह गरेर समनदेवले भाइ अमनदेवलाई फोन गरेर बोलायो र दुई भाइले प्रहरी चौकीमा गएर रिपोर्ट लेखाए । आज आज, भोलि भोलि भन्दै चार दिन बित्यो तर चमनदेव घर फर्किएनन् । उनको बारेमा केही पत्ता पनि लागेन । समनदेवले नभ्याएको वेलामा रागिनी अमनदेवलाई लिएर आफै प्रहरी चौकी पनि नपुगेको होइन । तर चमनदेवको कहीँ कतै पत्ता लागेन । दिनको एकपटक जस्तो रागिनीले आफन्तहरू र चिनेजानेकाहरूलाई फोन पनि गर्थिन् तर चमनदेव कता हराए, कता बिलाए, कुनै खबर आएन । केही पत्ता लागेन । समनदेवले भाइ अमनदेवलाई चन्द्रनिगाहपुर पनि पठाए । तर चमनदेव आफ्नो मौजामा पनि गएका रहेनछन् । रागिनी चमनदेवको बारेमा चिन्तित भएर खोजखबर पनि गरिरहेकी थिइन् तर चमनदेव घर नफर्किएकामा उनलाई खासै दुःखमनाउ भने थिएन ।

प्रत्यक्ष रूपमा हेर्दा एकातिर चमनदेवको खोजखबर लिँदा लिँदा रागिनी दिक्क भैसकेकी

थिइन् भने अप्रत्यक्ष रूपमा चाहिँ सधैँको खिचखिच सकिएकोमा प्रशन्न पनि थिइन् । तर यो प्रशन्नता उनले कसैलाई देखाएकी थिइनन् । रोमी र रोजन दुःखी भएको देख्दा भने रागिनीको मन अलि खिन्न हुन्थ्यो । नत्र समनदेव कार्यालय गएपछि र रोमी र रोजन विद्यालय गएपछि महिला मण्डली जम्मा गरेर जत्ति तास खेले पनि, जत्ति गफ लडाए पनि जेजस्तो चलचित्र हेरे पनि अब रागिनीलाई कसैको रोकटोक थिएन । वेलावेलामा साटाकसुटुक आउने साथीहरूको त झन् कुरै भएन । रागिनीलाई लाग्यो, यत्तिका वर्षपछि मेरो असली जिन्दगी त अब पो शुरु भयो त । उनले ऐनामा गएर आफूलाई नियालेर हेरिन्–हेर हेर हेर, पेटमा त मासुको पहाड नै झुन्डिएछ नि ! तिघ्रा र नितम्ब कता छन् मासुको पहाड थुप्रिएर भन्नै नसकिने भएछन् । ऐना नजिकै गएर आफूलाई नियालिन् । हरे ! यही अनुहारको एक झलक पाउनका लागि कलेजका दिनहरूमा केटाहरूले घण्टौँ कलेजको गेटमा कुर्थे । तर विवाह, बच्चाहरू, घर परिवार भन्दाभन्दै समयभन्दा अगाडि नै उसको मुहार त चाउरीले भरिन लागेछ । रागिनीलाई थक्कथक्क लाग्यो । घर, लोग्ने, बच्चा, ससुरो स्याहार्दास्याहार्दै मैले त आफूलाई चटक्कै बिर्सेछु । रागिनीले मसक्कै आटिन्–भो, म आफ्नो रूप र यौवन पैतीस कट्दानकट्दै यसरी खेर जान दिन्न । म भोलिदेखि नै योगको क्लास ज्वाइन गर्छु । एक हप्ताजति नियमित व्युटी पार्लर पनि धाउनुपर्‍यो । छोराछोरी विद्यालयका लागि निस्किँदा रागिनीले आफू पनि सँगै निस्किने विचार गरिन् ।

निकै तन्मयका साथ रागिनी योग क्लास धाउन थालिन् । सँगसँगै व्युटी पार्लर पनि नधाउने त कुरै भएन । चमनदेव हराएको दुई हप्ता भैसकेको थियो । आफ्नो व्यापारले गर्दा समनदेव यताउति हिँड्न भ्याउँदैन थियो । भाइ अमनदेवलाई भनेर उसले बुवाको खोजखबर लिइरहेकै थियो । वेला वेलामा अमनदेवसँग रागिनी पनि चौकी र सम्भावित ठाउँहरूमा जान्थिन् । यसरी हिँड्नु रागिनीलाई रमाइलो नै लाग्थ्यो । किनभने नियमित कसरतले गर्दा छरितो हुँदै गएको शरीर र व्युटी पार्लरको प्रतापले उज्यालिँदै गएको मुहारमा कसिलो लेगिन्समा सानो सानो फूलबुट्टे टप लगाएर आफूभन्दा पाँच छ वर्ष कान्छो देवर अमनदेवसँग हिँड्दा रागिनीलाई कसोकसो नौलो स्फूर्तिको आभास हुन्थ्यो । देवरभाउजू बाइकमा बसेर चमनदेवलाई खोज्न कहिले कहाँ त कहिले कहाँ पुगिरहेका हुन्थे । अनि भोक र थकाइ मेटाउन देवरभाउजू राम्रा रेष्टुराँमा पस्दथे ।

यताउता जतातत्तै खोज्दा पनि चमनदेवको कुनै थाहा पत्तो नलागेपछि समनदेवलाई चिन्तित मुद्रामा देखेर रागिनीले समनदेवलाई चिया दिँदै भनिन्– 'कि एकपटक पत्रिकामा मान्छे हराएको सूचना भनेर दिने त ?'– समनदेवले चियाको चुस्कीसँगै रागिनीलाई पुलुक्क नियाल्यो र मनमनै सोच्यो, मूर्ख भनेको त यसको पनि दिमाग त चल्दो नै रहेछ ।' समनदेवले भोलिपल्टै गोरखापत्र संस्थानमा गएर मान्छे हराएको सूचना छाप्न दियो । उसलाई विश्वास चाहिँ होइन झिनो आशा थियो, कतै पत्रिका पढेर कुनै खबर आइहाल्छ कि भनेर तर एक दिन, दुई दिन, तीन दिन बित्यो । चमनदेवको बारेमा कुनै खबर आएन । अमनदेव, समनदेव, रागिनी लगायत परिवार नै फेरि एकपटक निराश भयो । शनिबारको दिन सबै जना बसेर दिवाभोजन ग्रहण गरिरहेको वेलामा समनदेवको सेलफोन लगातार बज्न थाल्यो । उसले फोन रिसिभ

नगरी धरै पाएन । उताबाट भनिएको कुरा सुनेपछि उसको मनमा चिसो पनि पस्यो र अलि अलि आशा पनि पलायो ।

'हनुमान ढोका प्रहरीबाट आ'को र'छ । हिँड अमन । हामी दुई भाइ पुगेर आऔँ ।'– कुनै प्रश्न नगरी अमनदेव समनदेवको पछि लाग्यो । रागिनी र केटाकेटीले केही सोध्ने आँट गरेनन् । केटाकेटी पढ्न आ-आफ्नो कोठातिर लागेपछि रागिनी भान्सामा काम गर्दै एक्लै छटपटिन थालिन् । लौन, थानाबाट के खबर आएको हो कुन्नि ! कतै बूढा भेटिएकोले लिएर फर्किए भने मैले योग क्लास, व्युटी पार्लर, किटी पार्टी गर्न कहिले भ्याउनु ? बूढाको आदेश र नखरा सहँदासहँदै कत्ति समय बच्छ र आफ्नो रहर पूरा गर्नलाई ? रागिनीको टाउको फनन घुम्न थाल्यो । रिङटा लागे झैँ भएपछि उनी मेचमा थचक्क बसिन् ।

समनदेव र अमनदेव घरबाट निस्किएको करीब तीन घण्टाजति पछि घर फर्किए । यसपटक अमनदेवकी श्रीमती सुखनी पनि सँगै आएकी थिइन् । महिलानेतृ भएकीले उनलाई फुर्सद कमै हुन्छ । त्यसैले जेठाजुको घरमा पनि उनी आक्कलझुक्कल मात्र आउँछिन् ।

'बुवालाई भेटियो त ?'–दाजुभाइ घरभित्र पस्दानपस्दै रागिनीले सोधिन् । प्रत्युत्तरमा दुवै दाजुभाइले भेटियो भन्ने आशयले टाउको हल्लाए ।

'काँ जानु भा'रैछ । किन घर नआउनु भा'रैछ ? खै त बुवा ?'– रागिनीले प्रश्नको वर्षा गरिन् ।

'बुवा बाइर हुनुहुन्छ । बुवा न्वाउनुहुन्छ होला । गिजर अन गरेर बाथरुममा साबुन र रुमाल राखिदेऊ । अनि हामीलाई चैँ खाजा बनाऊ त । अलि छिटो है । मलाई पसलमा जान हतार भैसक्यो ।'– दाजुभाइले अलि सानो स्वरमा केही सरसल्लाह गर्न थालेकोले रागिनी र सुखनी भान्सातिर लागे ।

'सुखनी, तिमी त कत्ति पछि पो आयौ त ।'

'के गर्नु दिदी, आउन त मन लाग्छ तर फुर्सद नै हुन्न ।' देउरानी र जेठानीले वार्तालापसँगै झटपट खाजा तैयार गरेर दाजुभाइलाई बोलाए । खाजा खाउन्जेल कुनै कुराकानी भएन । दाजुभाइ, देउरानीजेठानी, अनि रोमी र रोजनले चुपचाप आ-आफ्नो खाजा सिध्याए । खाजा खाइसकेपछि हतारिँदै समनदेव पसलतिर लाग्यो भने अमनदेव र सुखनी पनि आफ्नो घरतिर लागे ।

झट्ट हेर्दा रागिनी, रोमी र रोजनले चमनदेवलाई चिन्नै सकेनन् । केशमात्रै नभएर दारीजुँगा पनि अस्वाभाविक रूपमा बढेको, त्यसमाथि मैलो लुगा । रागिनीलाई अचम्म लाग्यो, नमिठो नखाने, मैलो नलगाउने र फोहोरी भएर त बस्नै नसक्ने चमनदेव र अहिले देखिएको यो बूढोमान्छे एउटै व्यक्ति हो त ? अब हैन भनेर कसरी भन्नु ? आफ्नै लोग्ने र देवरले बाबु भनेर ल्याएको व्यक्तिलाई रागिनीले मात्रै ससुरो नमानेर भो त ? साबुन र तौलियासँगै रागिनीले स्नानगृहमा सेभिङका सामग्री पनि राखिदिइन् । अनि बूढामान्छेले नुहाउन्जेलमा उनलाई मनपर्ने खाजाको रूपमा माछा तार्न थालिन् । रागिनीले मनमनै सोचिन्– यत्तिका दिनसम्म बूढाले राम्रोसँग खान पनि पाएनछन् कि कसो ? त्यस्तो हृष्टपुष्ट मान्छे त फुकिढल भएर पो आएछन् । माछा तार्दातार्दै रागिनीको लाली पोतिएको अधरमा विद्रुप मुस्कान देखापऱ्यो ।

लौ, नुहाएर सफा लुगा लगाएपछि र अनावश्यक दारीजुँगा फालेपछि च्याँसे देखिए

तापनि बूढा त सक्कली चमनदेव नै देखिए नि ! तारेको माछासँग बूढाले तीनचार पेग रेड लेभल स्वाट्ट पारेर रागिनीतिर नहेरी भने – 'बुहारी, म दुई घण्टा सुत्छु। मलाई चाँडै नउठाउनू ।' रागिनी केही बोलिनन् । उनको मनमा त प्रश्न भट्याकभट्याक गरिरहेको थियो– 'हन बुवा, बुढो मान्छे भएर तपाईं यत्तिका दिन कत्ता हराउनुभा'को थियो ?' तर एक त बूढाको स्वभाव र अर्को कुरा समनदेवले पनि नसोध्नु भनेकोले किलकिलेसम्म आइसकेको प्रश्नलाई रागिनीले बलजफ्ती घुटुक्क निलिन् ।

समनदेव घर आउनेबित्तिक्कै रागिनीले आफ्नो घोषणा सुनाइन्– 'हेर्नुस् है, मैले भन्द्याछु, बुवाको लागि एक जना निजी सहयोगी राखिदिनुस् भनेर । सक्दिनँ म अब कसैको चाकरी गर्न । जत्ति गर्नु यो घरको सेवा गरिसकें । अब म आफ्नो स्वास्थ्यको ख्याल गर्दै आफ्ना रहरहरू पूरा गर्दै यो जिन्दगी बाँच्न चाहन्छु ।' समनदेवले सम्झाएको कुनै पनि कुरा सम्झिन र सुन्न रागिनी पटक्कै तयार भइनन् । अन्ततः दिक्क भएर समनदेवले अमनदेवलाई फोन गरेर जत्तिसक्दो चाँडो बुवाका लागि एक जना निजी सहयोगी खोज्न अह्रायो ।

चमनदेवलाई चिया, खाजा, खाना सबै आफूले भनेको निश्चित समयमा चाहिन्थ्यो । तर योग क्लास, ब्युटी पार्लर र किटी पार्टीले गर्दा रागिनीसँग चमनदेवको सुसारका लागि फुर्सद नै थिएन । त्यसमाथि देवरले आग्रह गरिसकेपछि कहिलेकाहीँ मिठोमसिनो खान रेस्टुराँ पनि जानै पर्‍यो । अनि त घरमा अर्को महाभारत मच्चिन किन कौरव, धृतराष्ट्र र दुर्योधन चाहियो र ? ससुरा र बुहारी भए पुगेन त, कि कसो ?

बल्लतल्ल अमनदेवले बुवाको सहयोगी भन्दै हेर्दै सोझी देखिने एउटी पैतीस चालीस उमेरकी च्याँसी महिला लिएर आयो । ती महिलालाई देख्नेबित्तिकै रागिनी, रोमी र रोजन भित्तामा छेलिएर हाँस्न थाले । कस्ता कस्ता नोकरचाकर नटिक्ने घरमा चमनदेवको अघिल्तिर यस्ती पाखे टिक्ली त ? अरूबाट छलिएर रागिनीले मुख बिगारिन् । तैपनि लोग्ने, ससुरा, देवर र छोराछोरीका अगाडि भलाद्मी बन्दै उनले सानी नामकी ती महिलालाई घरको कायदाकानुन र चमनदेवको बानीबेहोरा र उनको आवश्यकताको बारेमा बिस्तारमा भनिन् । सानीले पनि एकैपटक सबै बुझे झैँ गरेर मुन्टो हल्लाइन् । रागिनीको आदेशानुसार नुहाइसकेपछि रागिनीकै जड्यौरी लाएर चिसो कपालसँगै सानीले चमनदेवका लागि हर्लिक्स लिएर उनको अघिल्तिर पुग्दा खै किन हो चमनदेवलाई आफ्नो छाती अलि बढी नै ढुकढुक गरेको अनुभव भयो ।

तीनचार दिनमै सानीले चमनदेवको चिया, खाजा, खाने तालिकादेखि कतिखेर उनलाई के चाहिन्छ बुझिसकेकी थिइन् । कम बोल्ने स्वभावकी सानीले चमनदेवले भन्नुअगावै औषधि खाने समयमा उनलाई पानी र औषधि पनि दिएकै हुन्थिन् । अर्कोतिर अब बिहानै उठेर घरमा कुचो लाउने, दूध ल्याउने, चिया, खाजा, खाना बनाउने कामका लागि पनि सानीलाई भन्न नपर्ने भैसकेको थियो । कसलाई के मनपर्छ भनेर एकपटक उनलाई भनिसकेपछि दोहोर्‍याउनुपरेको थिएन । चमनदेवले कत्तिखेर टेलिभिजनमा समाचार हेर्छन् भनेर बुझिसकेपछि सानीले ठिक्क समयमा आएर चमनदेवले समाचार हेर्ने च्यानल पनि लाइदिन्थिन् । पावरवाला चश्माले ढाकेको आँखाले चमनदेव सानीलाई पुलुक्क नियाल्थ्यो मात्र ।

'बुवा, सानीको काम कस्तो छ ?'– पसलमा जानुअघि समनदेवले सोध्यो ।

'ठिकै छ ।'– चमनदेवले सङ्क्षिप्त जवाफ दियो ।

समयमा खाना खाने, समयमा सुत्ने, समयमा औषधि लिने र यी कामका लागि कसैलाई अह्राइरहनु नपर्ने भएर हो कि चमनदेव निकै रातोपिरो देखिन थाले । छोरोसँग सल्लाह गरेर चमनदेव प्रातःकालीन समयमा हिँड्न पनि थाले । तर समनदेवले सानीलाई पनि साथी लान भनेको कुरा पहिला त चमनदेवले पटक्कै मानेका थिएनन् । तर प्रेसरका रोगी चमनदेवको साथीको रूपमा सानी सँगसँगै हैन, अलि पछि पछि हिँड्छे भनेर समनदेवले सम्झाएपछि चमनदेव राजी भएका थिए । चमनदेव प्रातःकालीन भ्रमणमा निस्केको वेलामा सानी दशपन्ध्र कदमको दूरी बनाएर चमनदेवको पछिपछि हिँड्थिन् । घरमा आएपछि छतमा गएर चमनदेव योग गर्न थाल्थे भने सानी घरको साफसफाइ र चियानास्ताको धन्दामा लाग्थिन् । छिमेकीहरू पनि अचम्मित थिए, किन अचेल समनदेवको घरबाट ससुरा बुहारीको दन्तबझानको स्वर बाटोसम्म पुग्दैन भनेर ।

'समन, पख । आजदेखि म पनि दुकान जान्छु ।'– समनलाई आफ्नो कानमा विश्वास नै लागेन । आमा बितेपछि बुवाले पसलतर्फ फर्केर पनि हेरेका थिएनन् । आज के भयो बुवालाई ? कतै बूढा धताएका त होइनन् ? तर उसले केही सोध्ने आँट गरेन । बाबुछोरा गाडीमा बसेपछि ड्राइभरले गाडी अगाडि बढायो । चमनदेव पसलमा पुदा सेल्स गर्ल र व्वाई चकित भए तर कोही केही बोलेनन् । दुईवटा ब्रिफकेशबाट गहना निकालेर कर्मचारीहरूले शोकेसमा सजाउन थाले । नगद काउन्टरमा चमनदेव आफै बसेपछि समनदेव छेउको कुर्सीमा बस्यो । व्यापार पनि आज अन्य दिनभन्दा राम्रो भयो । दिनभरिको कारोबारबाट सङ्कलित रकम बैंकमा जम्मा गर्न समनदेव बैंक जानलाग्दा चमनदेवले उसलाई वचत खाता खोल्नका लागि एउटा फाराम ल्याउन अह्राए । कसका लागि भनेर समनदेवलाई सोध्न मन लागे पनि बुवाको अगाडि उसले सोध्न सकेन ।

सानातिना सुन र चाँदीका गहनाहरू सेफमा राखेर ठूलागहना चाहिँ दुईवटा ब्रिफकेशमा राखेर बाबुछोरा घरतिर लागे । रोटी, तरकारी र फ्राई गरेको माछासँगै चमनदेवले थोरै व्ल्याक लेभल पनि लियो । खाना खाइसकेपछि ऊ कसैसँग नबोली सुत्न गयो । जूठोधन्दा सिध्याएर जहिले पनि एकपटक चमनदेव सुतेनसुतेको हेरेरमात्र सानी आफ्नो कोठामा सुत्न जान्थिन् । भऱ्याङ छेउको सानो कोठा सानीलाई दिइएको थियो । हलजत्रा कोठाहरू भएको घरमा त्यत्ति सानो कोठातिर यो पनि कोठा होला भनेर मानिसहरूको ध्यान जाँदैनथ्यो । प्रातःकालीन भ्रमणमा जाँदा चमनदेव र सानी दुवैले छोटा तर बलिया लट्ठी बोकेका हुन्थे । किनभने बाटोमा कुकुरले र पशुपति क्षेत्रमा बाँदरले निकै दुःख दिन्थ्यो । एकाबिहानै अमनदेव सूचिकार र कपडाको चाङ बोकेर आएछ । सूचिकारले चमनदेवका लागि शर्ट, पैन्ट, सफारी सुट, सुट आदिको नाप लियो । अमनदेवले बाबुसँग सोध्दै कपडाको छनौट गरिदियो । घरका अन्य सदस्यहरू आँखामा प्रश्न लिएर केवल दर्शकमात्र भएर यी सबै क्रियाकलाप हेरेर बसिरहे ।

चमनदेव र समनदेव दुवै बैंक पुगेर फाराम भरेर काउन्टरमा बुझाए । काउन्टरको कर्मचारीले खाता खोल्ने रकमको भौचर भर्न भनेपछि चमनदेवले समनदेवलाई भन्यो ।

'समन, पचास लाखको भौचर भर्दे ।'

'तर बुवा, यत्ति ठूलो रकम .....?'– आश्चयले विस्फारित नजरले हेऱ्यो समनदेवले ।

'नआत्तिई, यो रकम लिएर म कतै जान्न । मेरो खातामा भए पनि यो हामी सबैको पैसा हो ।'– चमनदेवले भनेपछि समनदेवले अरू तर्क गरिरहने साहस गरेन र उसले चुपचाप फाराम भऱ्यो । एकाउन्ट नम्बर प्राप्त भइसकेपछि स्टेटमेन्ट, चेकबुक चमनदेव आफैले लियो । फेरि एकपटक समनदेवले अचम्मित भएर बाबुलाई हेरिरह्यो तर केही सोधेन ।

अचेल खानामा पनि भिन्नभिन्न स्वादका सब्जीहरू बन्न थालेकोले चमनदेवको भोक बढ्दै गएको छ भने समनदेवको घट्दै गएको छ । उसलाई रोटी पटक्कै मन पर्दैन भने चमनदेवलाई रोटी र बेथुको सागसँग दही भएपछि अरू केही चाहिँदैन ।

पसलबाट भएको दैनिक नाफाको केही प्रतिशत चमनदेवले आफ्नो खातामा पनि जम्मा गराउन थालेका थिए । पुराना व्यापारी भएकाले उनको योजनाअनुसार चल्दा पसल निरन्तर फाइदामा नै गइरहेको थियो । अचानक तीस राजनैतिक दलको मोर्चाले निश्चित माग राखेर अनिश्चित हडतालको घोषणा गरेपछि पसल नखुलेको पनि तीन दिन भैसकेको थियो । एक दिन उनले दुवै छोराहरू र वीरगन्जबाट एकमात्र छोरीज्वाईंलाई बोलाएर अब आफूले समयमै छोराहरूलाई अंशबण्डा गरिदिने घोषणा गरे । छोराहरूको कुनै प्रतिक्रिया नआएपछि मालपोत कार्यालयबाट आएका अधिकृतकै अगाडि पहाडे कागजमा लिखितम् गर्ने काम सकियो । चमनदेव र समनदेव बसिरहेको घर उनले समनदेवलाई नै दिए भने विशालनगरमा रहेको आधा रोपनी जग्गा र दश लाख रुपैयाँ अमनदेवलाई दिए । वीरगन्जमा रहेको तीन कट्ठा जग्गा तीनै जना छोराछोरीलाई समान रूपले बाँडिदिए । अनि अहिले बसिरहेको घरसँगै जोडिएको दश आना जग्गा उनले आफ्नै नाममा राख्ने निर्णय सुनाउँदा चारै जना छोराछोरीले नरुचाएको भाव प्रस्टै देखिन्थ्यो तर प्रतिक्रियामा कोही बोलेनन् ।

'हेर छोराहरू, बिन्दिया पनि मेरै खून हो र तिमीहरूकी साख्वै बैनी पनि हो । त्यसैले तिमीहरूले अन्यथा नमान । उसको पनि एउटी छोरी छे । त्यो नातिनीका लागि म मेरो तर्फबाट एक लाख दिन्छु । तेती नै रकम तिमेरु दाजुहरूले पनि देओ । कि के भन्छौ ?'– चमनदेवको प्रश्नमा कोही बोलेनन् । चमनदेवले धेरै प्रतीक्षा गर्दा पनि कोही नबोलेपछि चमनदेवले आफूले लाइरहेको सिक्री खोलेर बिन्दियालाई दिँदै भनिन् – 'हेर छोरी, ज्वाईं सा'बको अइले कमाई नभए पनि पुस्तैनी सम्पत्ति प्रशस्त छ । तर यो दश तोलाको सिक्री मेरी नातिनीलाई मेरो आशीर्वाद हो, लौ ला ।– गारो गरेर आँखाभरि आँसु पारेर बिन्दियाले सिक्री लिइन् ।

'अमन, यो घरसँगै एउटा सानो चिटिक्क परेको घर बनाउनुपऱ्यो । समनले पसलबाट फुर्सद पाउँदैन । तेसैले घर बनाउने जिम्मेवारी तेरै हो नि । पैला त नक्साको लागि एउटा आर्किटेक्चर खोज । सानो अढाई तले घर बनाउने हो । तेरो कलेजबाट छुट्टी ली, घर नबनिन्जेलका लागि ।'– बाबुले भनिसकेपछि अमनदेवले नाइँनास्ती केही गर्न सकेन । स्वीकृतिमा मुन्टो हल्लाइरह्यो । एउटा घर हुँदाहुँदै अर्को घर किन चाहियो ? भनेर छोराबुहारीले सोध्न सकेनन् भने चमनदेवले पनि अर्थ्याइरहेन ।

'समन, घर बनाउनका लागि कत्ति पैसा छुट्याउन सक्छस् भोलि नै मेरो खातामा ट्रान्सफर गरिदे ।'– प्रत्युत्तरमा समनदेवले कालो अनुहार बनाएर धुम्धुम्ती बसिरह्यो ।

नयाँ घरको नक्सा तयार भएपछि शुभसाइत गरेर घर निर्माणको काम धुमधामसँग चालुभयो । शर्त अनुसार नै ठेकेदारले चौबीसै घण्टा काम लाइरहेको थियो । केवल ढलान खोल्नमात्र समय लागिरहेको थियो । अमनदेवलाई बिन्दियाको श्रीमान् जगदीशलाल चौधरीले पनि सघाइरहेको थियो । घर बनाउनका लागि सबैभन्दा बढी त सानी लागिपरेकी थिइन् । भातभान्साको काम सकेर उनी श्रमिकहरू सँगसँगै निर्माणको काममा खटिएकी थिइन् । उनको रखवालीले गर्दा सामानहरूको दुरुपयोग हुन पाएको थिएन । तर घर निर्माणको कामलाई दुइटी जेठानी र देउरानीले फर्केर पनि हेरेका थिएनन् । उनीहरूको मनमा एउटै उत्सुकता थियो, किन बूढाले अर्को घर निर्माण गर्न लागे त ?

पैसा भएपछि छ महीना लाग्ने काम दुई महिना पनि नलाग्ने रहेछ भन्ने प्रत्यक्ष देखियो । भुइँतल्लामा भान्सा, बैठक र शौचालयका लागि मात्र ठाउँ छुट्याइएको थियो । पहिलो तल्लामा दुइटा मास्टर शयनकक्षको निर्माण गरिएको थियो भने एउटा सानो बैठक कोठा निकालिएको थियो । प्लाष्टरपछि रंगरोगन सकिँदा सिलाएर तयार राखिएका पर्दाहरू झुन्डिसकेका थिए । जगदीशलालले देखाएको क्याटलग अनुसार डिजाइन चमनदेवले मन पराएपछि शयनकक्ष र बैठक दुलही झैँ सिँगारियो भने मोड्युलर किचन आफैमा मनमोहक देखिरहेको थियो । बैठक, भऱ्याङ र स्नानगृहहरूमा इटालियन मार्वल बिछ्याइएको थियो भने बैठकको बीचमा नेपाली गलैंचाले शोभायमान बनाएको थियो । अब नयाँ घरमा जो बसे पनि कुनै कुराको अभाव थिएन । किनभने बाबुको अगाडि मुख खोल्न नसकेपछि बाध्य भएर घर निर्माणको लागि समनदेवले पटकपटक गरेर बीस लाख चमनदेवको खातामा हालिदिएको थियो । यसै वेला अचानक चमनदेव ज्वरोले थलिए । डाक्टरले लेखिदिएको औषधीले भन्दा पनि सानीको सेवासुश्रुषाले चमनदेव तङ्ग्रिएकोमा कसैलाई शङ्का थिएन ।

अंशबण्डापछि त ससुराबुहारीका बीचमा करिबकरिब बोलचाल नै बन्द भएको थियोभन्दा पनि हुने स्थिति आइसकेको थियो । किनभने चमनदेवले चियापानीदेखि लिएर खाजाखानासमेत सानीलाई नै भन्ने गरेकोले उनले रागिनीलाई पुछनी गर्नै छाडिदिएका थिए । त्यसमाथि छुट्टै घर बनाएको र त्यसका लागि आफ्नो लोग्नेसँग चमनदेवले पैसा लिएको रागिनीलाई पटक्कै मन परेको थिएन । लोग्नेले आफ्नो कुरा नसुनेपछि रागिनी अमनदेवसँग गुनासो गरिरहन्थिन् । ससुरा मन नपरेपछि रागिनीलाई सानी पनि मन पर्न छाडेको थियो । त्यसैले काम लगाउने वेलामा बाहेक उनी सानीलाई पनि उस्तो बोलाउन्नथिन् । तर सानी पनि हिजोको दिनकी सानी थिइनन् । किनभने, भोक लागेको वेलामा नियमित पाइने खान्की, सन्तुष्टि र सुरक्षाको अनुभूतिले द्वन्द्वपीडित सानी आजका दिनमा निकै हृष्टपुष्ट र आकर्षकसमेत देखिन थालेकी थिइन् ।

घरको निर्माण सम्पन्न भए पनि घर सर्ने साइत जुरेको थिएन । रातको खाना खाँदैगर्दा चमनदेवले नै मौनता भङ्ग गर्दै भने– 'समन, मैले तिमीहरूलाई अन्याय नहुने गरी अंशबण्डा गरिदिएँ । ढिलै भए पनि अब म आफ्नै सानो पसल खोल्छु । शेयर मार्केटमा एउटा शटर मिलेको छ । जगदीशको पनि काम छैन ।

मलाई पनि साथी हुने, उसलाई पनि काम र आम्दानी हुने । डेकोरेशनको काम उसैलाई हेर्न लाउँछु । तेसपछि पसलमा पनि उसले मलाई सघाइहाल्छ । घर बनाएर बचेको पैसा म तेसैमा लगानी गर्छु । बीसतीस लाखको उधारो त बजारबाट म तेसै उठाइहाल्छु । के भन्छस् तँ ।'

'तपाईंले सोचेपछि ठीकै हुन्छ होला, बुवा ।'– सङ्क्षिप्त जवाफ दिएर समनदेव उठ्यो । उता रागिनीको राता ओंठमा कुटिल मुस्कान दौडिए । व्यापार छुट्टै गरेपछि कतै बूढा छुट्टै बस्ने त होइनन् ?

दशैँ आएको सङ्केतस्वरूप बिहानीपख चिसो हावासँगै मालश्रीको धुन गुञ्जिन थालिसकेको थियो । घटनास्थापनको दिन शेयर मार्केट्सको भवनमा चमन ज्वेलरी नामको पसल निकै धुमधामबाट शुभारम्भ भयो । यस काममा सबैभन्दा बढी बिन्दया, जगदीश र सानी खटिएका थिए । निधारबाट पसिना बहे पनि उनीहरूको मुहारमा थकान हैन सन्तुष्टि नाचिरहेको देखिन्थ्यो । सुन बजारमा चमनदेवको पुरानो चिनजान र पुराना ग्राहकहरूले गर्दा पहिलो दिन नै व्यापार निकै राम्रो भयो । तर पसलको उद्घाटनको दिनमा चमनदेवका दुवै छोराबुहारी उपस्थित भएनन् । तर चमनदेवले पनि कुनै खोजखबर गरेनन् भने कुनै प्रतिक्रिया पनि व्यक्त गरेनन् ।

विजयादशमीका दिन नयाँ घरमा गृह प्रवेशको कार्यक्रम गर्ने योजना चमनदेवले जगदीश, बिन्दिया र सानीलाई भनिसकेका थिए र त्यसै अनुरूप उनीहरूले गृहप्रवेश र गृहपूजाको चाँजोपाँजो पनि मिलाइसकेका थिए । बिन्दयाले कलेजमा पढाएर राम्रै आम्दानी गरिरहे तापनि जगदीश भने खालि रहेको मौकाले ससुराले उनलाई आम्दानी पनि हुने र व्यवसायमा अनुभव पनि हुने विचारले आफूसँगै सुनको व्यापारतर्फ तानेका थिए । जगदीश पनि नयाँ व्यापारतर्फ निकै आकर्षित भइरहेको थियो । अर्कोतर्फ चमनदेवका छोराबुहारीहरूलाई नयाँ घर र चमनदेवका बारेमा कुनै चासो थिएन । एउटै घरमा रहेको छोरोले पनि बाबुले खाए नखाएको सोध्न छाडिसकेको थियो तर आइरहेका परिस्थितिहरूले चमनदेवलाई कुनै असर गरेको देखिन्नथ्यो ।

बिन्दिया र जगदीशले बिहानदेखि चमनदेवको प्रतीक्षा गरिरहेका थिए तर नौ बज्दासमेत प्रातःकालीन भ्रमणमा निस्केका चमनदेवको कतै अत्तोपत्तो थिएन । पटकपटक उनको मोबाइल फोनमा सम्पर्क गर्दा पनि फोन रिसिभ भइरहेको थिएन । गृहपूजाका लागि आएका पण्डित पनि छटपटिरहेका थिए । करीब सवा दशबजेतिर चमनदेव आए । उनलाई देखेर बिन्दिया र जगदीश अक्क न बक्क परे । केही बेर त छोरीज्वाइँको बक नै फुटेन । फूलमालामा सजिएका चमनदेव आफैले जगदीशको पाखुरा समातेर सबैले सुन्ने गरेर भने– 'न त जिन्दगी एक्लै बाँच्न सकिन्छ, न त गृह प्रवेश नै एक्लै गरेको शुभ हुन्छ । त्यसैले यो कदम त मैले उठाउनु नै थियो । किनभने ठमेल, सोह्रखुट्टे प्रहरीचौकी, हनुमान ढोका खोर कसले पटक पटक गइरहन चाहन्छ र ? दुई बेसहारा मिलेर एउटा मजबुत जिन्दगी बाँच्न सकिन्छ भने किन त्यसो नगर्ने त ? लहरालाई थाँक्रा त पक्कै चाहिन्छ ।'– गृहप्रवेशको विधि शुरु गर्न पण्डितलाई इशारा गर्दै चमनदेव मुसुमुसु हाँसिरहेका थिए भने बाबुको कुरो नबुझेर बिन्दिया ट्वाँ परिरहेकी थिइन् । उता रातो पहिरन र गहनाले झरिझुट्ट भएर सानी लाजको गुडिया झैँ आफैभित्र खुम्चिने प्रयत्न गरिरहेकी थिइन् ।

तरहरा (सुनसरी)
हालः मण्डिखाटार, काठमाडौं ।

नेपाल बिग्रन्छ कि !

■ सुदीपभद्र खनाल

हाम्रो भाषिक एकता धमिलिई नेपाल मैलिन्छ कि !
हाम्रो संस्कृति सभ्यता विथलिई संस्कार वैलिन्छ कि !
हाम्रो सुन्दरता कुरूप बनिए सौन्दर्य सिद्धिन्छ कि !
नेपाली यदुवंशकै नियतिमा दुर्भाग्यले पुग्छ कि ! ॥१॥

हाम्रो धर्म र कर्म मर्म नबुझी दुत्कार पो हुन्छ कि !
आफै बुद्ध बुझेर चाल जनको गुम्बा पसी रुन्छ कि !
हाम्रो श्वेत हिमालमा रगतको छिर्का कतै पर्छ कि !
हाम्रो शान्ति समृद्धि शुभ्र सपना यै बीचमै मर्छ कि ! ॥२॥

हाम्रो उच्च स्वतन्त्रता गगन नै भत्केर पो खस्छ कि !
हाम्रो पूज्य धरा प्रमत्त युगका झञ्झाविषे फस्छ कि !
हाम्रो प्राञ्ज विनम्रता सरलता हाम्रै व्यथा बन्छ कि !
आई शत्रु प्रसून-बाग उखली हेलत्वले खन्छ कि ! ॥३॥

हाम्रो सुन्दर शान्त देश रणको मैदान पो बन्छ कि !
लड्दा शक्ति अजङ्गका सकसमा हाम्रै धरा पर्छ कि !
हाम्रो मानवता गुमेर जनता आपस्तमै लड्छ कि !
अर्कैका छल स्वार्थमा रुमलिई नेपाल बिग्रन्छ कि ! ॥४॥

फैली तस्कर भ्रष्ट गोल धमिरा लागेर सिद्धिन्छ कि !
सत्ताशक्ति अहं बढीकन चिरा फाटेर पो गुम्छ कि !
हाम्रो उच्च हिमाल भाल दृढता पैह्रेर पो झुक्छ कि !
हाम्रो उन्नत शान मान गरिमामा दाग पो लाग्छ कि ! ॥५॥

गोर्खाली रणजीत वीर जगमै बेकार मानिन्छ कि !
सानो हीन गरीब दीन-दुखिया नेपाल ठानिन्छ कि !
नेपाली कमजोर घोर अदना संसारकै बन्छ कि !
चिन्ता लाग्छ नसप्रिए दिनदिनै नेपाल बिग्रन्छ कि ! ॥६॥

हाल : अमेरिका

समालोचना

नारीविद्रोहको सशक्त प्रस्तुति : मानिस र मुकुण्डो नाटक

■ डा. साधना पन्त 'प्रतीक्षा'

१. विषय प्रवेश :

• विजय मल्ल (वि.सं.१९८२-२०५६) नेपाली साहित्यका विविध विधामा स्थापित व्यक्तित्व हुन् । सर्वप्रथम शारदा (१९९७) मा 'स्मृति' शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक यात्रा आरम्भ गरेका उनी त्यसपछि भने नाटककारका रूपमा देखिएका छन् । २००१ सालमा 'राधा मान्दिन' एकाङ्कीबाट नाट्ययात्रा आरम्भ गरेका उनका बहुला काजीको सपना

(२००४), कोही किन बरबाद होस् (२०१६), जिउँदो लास (२०१७), भोलि के हुन्छ ? (२०२८), स्मृतिको पर्खालभित्र (२०४०), मानिस र मुकुण्डो (२०४०), भूलैभूलको यथार्थ (२०४१), पहाड चिच्याइरहेछ (२०४१) र माधुरी (२०४८) नौवटा पूर्णाङ्की नाटक तथा बहुला काजीको सपना (२०२८), पत्थरको कथा (२०२८), दोभान (२०३४), भित्ते घडी (२०४०) र सृष्टि रोकिँदैन (२०४८) पाँच एकाङ्की सङ्ग्रह प्रकाशित छन् ।

पहिलो नाट्यकृति 'राधा मान्दिन' एकाङ्कीका माध्यमबाट नै विजय मल्ल नारीवादी चेतनायुक्त नाटककारका रूपमा देखापरेका हुन् । पितृसत्ताले निर्देशित तत्कालीन सामाजिक परिवेशमा महिलाहरूलाई पारिवारिक तथा सामाजिक स्वतन्त्रता प्राप्त नहुने, अनेक प्रकारका विभेदमा पिल्सिएर रहनुपर्ने बाध्यता उनका नाट्यकृतिहरूमा व्यक्त भएको पाइन्छ । उनका आरम्भका नाटकहरूका नारी पात्रहरू अनेक प्रकारका अन्याय र विभेदमा परे पनि त्यसप्रति त्यति सचेत देखिएको पाइँदैन । त्यसैले ती यथास्थितिवादी भूमिकामा देखिएका छन् । पछिल्लो चरणका नाटकका नारी पात्रहरूमा भने नारीचेतना तथा अस्तित्वबोध देखिएको छ । त्यसैले तिनीहरू विद्रोही भूमिकामा देखिएका छन् । विजय मल्लको मानिस र मुकुण्डो नाटक नारी पात्र तथा तिनका समस्यालाई प्रधानता दिएर लेखिएको नाटक हुनाका साथै पछिल्लो चरणको नाटक भएको हुनाले यसका नारी पात्रहरू विद्रोही तथा केन्द्राभिमुख देखिएका छन् । पितृसत्तात्मक सामाजिक संरचनाभित्र सरिता र उषाजस्ता नारी पात्रहरूद्वारा गरिएको विद्रोहको सशक्त प्रस्तुति रहेको यो नाटक नारीवादी चिन्तनका दृष्टिले महत्वपूर्ण मानिन्छ । यहाँ उनको यस नाटकलाई नारीवादी मान्यता अन्तर्गत नारीविद्रोहका कोणबाट विश्लेषण गरिएको छ ।

२. नारीवादी मान्यता अन्तर्गत नारीविद्रोहको सैद्धान्तिक आधार

चाहे पूर्व होस् चाहे पश्चिम, समाजमा युगौँदेखि स्थापित पितृसत्ताले महिलालाई दोस्रो दर्जाको मानिसका रूपमा व्यवहार गर्दै आएको हुनाले उनीहरू अनेकौँ शारीरिक तथा मानसिक प्रताडना खेप्न विवश भएको देखिन्छ । नारीको जैविकीय विशेषताका आधारमा उसलाई घर परिवारभित्र सीमित राख्ने, पुरुषको दासी, बिना पारिश्रमिकको श्रमिक, रक्षिता, भोग्या

आदिका रूपमा नारीहरू शोषित हुँदै आएको देखिन्छ । कतै कर्तव्य र दायित्वका नाममा त कतै डर र त्रासको आडमा महिलाहरूमाथि अन्याय हुँदै आयो । यही अन्यायको उत्कर्षबाट नारीवादी चिन्तनको आरम्भ पनि भएको देखिन्छ । पश्चिमी महिलाहरूले यसलाई नेतृत्व दिएर आफू माथि भएको सामाजिक, आर्थिक तथा राजनैतिक विभेद र अन्यायका विरुद्ध विद्रोह गरे । पुरुष सरह पारिश्रकिम, शिक्षा, स्वास्थ्य, रोजगारी, मातृत्व, यौनिकता आदि पक्षमा स्वतन्त्रता र समानता नभएकोमा विद्रोही बने । नारीहरूमाथि हुने शोषण, उत्पीडन तथा असमानताका विरुद्ध विद्रोह गर्दै सर्वप्रथम उदार नारीवादी धारा देखा परेको हो त्यसपछिका अन्य नारीवादी धाराहरूले यसलाई थप प्रसारित गरे ।

पितृसत्तात्मक समाजको पारिवारिक संरचनाभित्रका नारीहरूको यौनिकता तथा महिलाको लैङ्गिक पहिचानको नयाँ किसिमले व्याख्या गर्दै विकसित आमूल नारीवादलाई नारीविद्रोहका दृष्टिले महत्वपूर्ण मानिन्छ । पितृसत्ताबाट पीडित महिलाहरूले त्यसको सामना गर्नका लागि प्राकृतिक लिङ्गको भूमिकामा समेत विकल्पको खोजी गर्नुपर्ने मान्यता यसले राखेको पाइन्छ । उदार नारीवादीहरूका सुधारका माध्यमले महिला मुक्ति हुन्छ भन्नेमा विश्वास नलागेपछि सन् १९६८ मा टाइ-ग्रेस एट्किन्सनको नेतृत्वमा अलग भएको एउटा नारीवादी समूह नै आमूल नारीवादी समूहमा परिणत भएर पितृसत्तालाई नै महिलाको प्रमुख शत्रु ठानेर आफ्नो कार्यदिशा तय गरेको देखिन्छ । परिवार, धार्मिक संस्था, विश्वविद्यालय आदिमा वैधानिक, राजनैतिक एवम् आर्थिक किसिमले योजनाबद्धताका साथ आफ्नो दृष्टिकोण राखी परम्परागत पितृसत्तात्मक सोचाइमा परिवर्तन ल्याउनुपर्दछ भन्ने मान्यता राख्ने यी क्रान्तिकारी नारीवादीहरू मातृत्वको परम्परागत अवधारणालाई पनि अस्वीकार गर्दछन् (अनामिका, सन् २००१:४४) । पुरुष प्रभुत्व तथा तत्जन्य उत्पीडनबाट मुक्ति पाउनका लागि महिलाहरूको मात्रै छुट्टै परिवार तथा समाज निमार्ण गर्ने उनीहरूको विद्रोही सोचले प्रचलित सामाजिक संरचनाकै विनिर्माण गर्ने हुनाले यसलाई पृथकतावादी दृष्टिकोण भनी आलोचना पनि गरिएको पाइन्छ ।

अमेरिकामा केट मिलेटको सेक्सुअल पोलिटिक्स (सन् १९७०) को प्रकाशनसँगै नारीवादमा यस प्रकारको नयाँ विचारधाराको प्रसार भएको मानिन्छ । सुधारमा भन्दा क्रान्तिमा विश्वास राख्ने मिलेटले पितृसत्तामा नारीको शोषित पीडित अवस्थाको उजागर गरेकी छन् । उक्त पुस्तकमा मिलेटले समाजमा स्थापित पितृसत्ता तथा त्यसभित्र रहेको महिला उत्पीडनप्रति विद्रोही भाव व्यक्त गरेको पाइन्छ–

परम्परागत रूपमा पितृसत्ताले बाबुलाई महिला तथा बालबालिका माथिको सबैजसो अधिकार प्रदान गरेको छ । शारीरिक हिंसालगायत बेचबिखनदेखि सबैखाले हिंसा गर्नेसम्मको छुट उसलाई दिएको देखिन्छ । यहाँ बाबुलाई नातासम्बन्धभित्र निर्माता र मालिकका रूपमा अधिकार प्रदान गरिएको हुन्छ । वंशानुगत रूपमा हेर्दा सबै सम्बन्धहरू मातृत्वका आधारमा नभएर पितृत्वका आधारमा निर्माण गरिएको पाइन्छ । वंशाणुगत रूपमा नै मातृत्वका आधारमा सम्पत्तिमाथिको अधिकार र सामाजिक पहिचान दिइएको पाइँदैन (मिलेट, सन् २०००:३३-३४) ।

आमूल नारीवादीहरू समाजका प्रत्येक तह र निकायमा रहेको यौनजन्य शोषण र दमनप्रति विद्रोह गर्दै परिवर्तनको माग गर्दछन् । त्यसैले उनीहरू परिवार तथा समाजमा पुरुष विरूद्धका सम्भावनाहरूका बारेमा पनि चर्चा गर्ने गर्दछन् । आमूल नारीवादीहरूले पितृसत्तात्मक सामाजिक संरचनाभित्र महिलाहरूमाथि हुने सामाजिक, सांस्कृतिक, यौनिक आदि विभिन्न पक्षीय शोषण-उत्पीडनका विरुद्ध विद्रोह गरेको देखिन्छ ।

पश्चिमी मुलुकबाट उठेको नारीविद्रोह विस्तारै पूर्वी जगतमा पनि प्रसारित हुन पुग्यो । सामाजिक, आर्थिक, राजनैतिक सबै पक्षमा आफ्नो पहिचानका लागि अग्रसर विद्रोही महिलाहरूले स्थापित गराएको नारीवादी चिन्तन साहित्यिक क्षेत्रमा पनि स्थापित हुन पुग्यो । पितृसत्ताको पृष्ठपोषण गर्ने साहित्यका विरुद्ध त्यसको विरोध गर्ने, यथास्थितिवादी नारी पात्रहरूको सट्टा विद्रोही नारी पात्र उभ्याउने, समाजमा पृथक पहिचान तथा लैङ्गिक परिचय सहितका नारी पत्रहरूको सिर्जना गर्ने परिपाटी बन्दै गयो । नेपाली साहित्यमा पनि परम्परागत मूल्यमान्यताप्रति विद्रोह गर्ने नारी पात्रहरू सिर्जित हुन पुगे । प्रस्तुत अनुसन्धानात्मक लेखमा मानिस र मुकुण्डो नाटकमा प्रस्तुत नारीविद्रोलाई निम्नलिखित आधारहरूमा विश्लेषण गरिएको छ :

२.१. पितृसत्ता र लैङ्गिकताप्रतिको विद्रोह

समाजमा स्थापित पुरुषको अधिपत्य अर्थात् पितृसत्ताले नारीलाई सदैव आफ्नो अधीनमा राख्ने गर्दछ । यसै गरी लैङ्गिक आधारमा पनि महिलावर्ग उत्पीडित हुने गर्दछन् । आमूल नारीवादीहरूको विद्रोह विशेषगरी पितृसत्ता र त्यसमा निहित लैङ्गिक विभेदमा केन्द्रित देखिएको छ । पितृसत्तामा महिलासम्बन्धी सम्पूर्ण अधिकार पुरुषमा रहेको भन्दै केट मिलेटले आफ्नो कृति सेक्सुअल पोलिटिक्समा लेखेकी छन्–

पितृसत्तामा महिलाका बारेमा व्याख्या गर्ने प्रतीकहरू पुरुषनिर्मित छन् । आदिम तथा वर्ततमानको सभ्य युग पुरुषहरूकै युग हो । पुरुषहरूले नै महिलाका लागि सांस्कृतिक मूल्यमान्यताहरू निर्माण गरेका हुनछन् । महिला छविको निर्माण र उनीहरूको आवश्यकता अनुसार उपयुक्त फेसन पनि पुरुष सिर्जित नै हुन् । यसबाट पूर्वानुमान गर्न सकिन्छ कि मानवीय मूल्यमान्यताहरू सबै पुरुषबाटै स्थापित भएका छन् (मिलेट, सन् २००० :४६) ।

मानव इतिहास पुरुषको मात्र इतिहासका रूपमा आएको हुनाले जसरी महिलाको ऐतिहासिकता ओझेलमा परेको छ त्यसरी नै महिलाका पीडा तथा अनुभूतिहरू पुरुष प्रभुत्वको ओझेलमा परेका हुनाले ती सदा अव्यक्त र अदृश्य रहन्छन् । पितृसत्ताले महिलाका लागि अनेक प्रकारका विभेदकारी परम्परा र मान्यता स्थापित गरी उनीहरूलाई दोस्रो दर्जा दिएको हुन्छ । समाजको यस्तै एकपक्षीय प्रभुत्वको उत्कर्षबाट आमूल नारीवादी मान्यता मुखरित भएको हुनाले आमूल नारीवादीहरूका विचार विद्यमान सामाजिक व्यवस्थाप्रति उग्र देखिने गर्दछ । यसै सन्दर्भमा समलिङ्गी नारीवादी विचारहरू समेत जन्मेको देखिन्छ । समाजमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा महिलाहरूले जति पनि उत्पीडन भोग्दै आएका छन्, त्यसको पछाडि पुरुष तथा पुरुषसत्तालाई देख्ने आमूल नारीवादीहरूले नारी समलैङ्गिक सम्बन्धलाई नारीमुक्तिको माध्यम मानेको देखिन्छ ।

मानिस र मुकुण्डो नाटकको सामाजिक परिवेशमा स्थापित पितृसत्तात्मक मूल्य मान्यताले पुरुषको श्रेष्ठतालाई महत्व दिँदै

उसलाई असीमित अधिकार दिएको देखिन्छ । यही अधिकारका आधारमा पुरुष वर्गले महिलालाई आफ्नो अधिकारको वस्तु ठानेर उपभोग गर्न चाहेका छन् । महिलाको स्वतन्त्र अस्तित्व हुँदैन अतः उनीहरू कुनै न कुनै पुरुषको अधीनमा रहनु पर्छ भन्ने परम्परागत मान्यताका कारण नारी पात्रहरूलाई आफ्नो अस्तित्व कायम राख्न सङ्घर्ष गर्नुपरेको देखिन्छ । नारी र पुरुषबीच निर्धारण गरिएका अनेकौँ विभेदले पीडित नयाँ पुस्ताका दुई नारी पात्र सरिता र उषा यसप्रति असन्तुष्ट देखिएका छन् । नाटकको आरम्भतिर नै ती दुईबीच यस्तै असन्तुष्टिबारे कुराकानी भएको देखिन्छ । एउटा विवाहित पुरुषले अविवाहित भएको नाटक गरेर आफूलाई प्रेम गरेको र पछि उसको यथार्थ थाहा पाए पछि उसलाई घृणा गर्दै उषाले यस्तो विद्रोही भाव व्यक्त गरेकी छ– "के म पत्याऊँ त्यस्तालाई । त्यसै अर्काको जवानीसँग खेल्न चाहनेलाई मैले पनि जानेकी छु गर्न । हेर अब कुनै बहाना गरी मकहाँ आयो भने त्यसको खप्परैमा बजाइदिन्छु । पतित.... सरिता ! अब त म यही हत्केलामा नचाइदिन्छु, त्यस्तालाई । नर्स, अझ एउटी अर्टिष्ट त हो नि भन्ने सम्झेको होला (मल्ल, २०४० : ५५) ।" उसको यस्तो अभिव्यक्ति नारीलाई भोग्या ठान्ने अनि खुट्टाको जुत्ता मान्ने परम्परागत पितृसत्तात्मक सोचाइका विरुद्धको विद्रोहका रूपमा आएको देखिन्छ । महिलाले स्वतन्त्रतापूर्वक पेशा-व्यवसाय गर्दा पनि उमाथि गिद्दे दृष्टि राख्ने तथा एक नभई अनेक विवाह गर्ने अनि महिलाकै कमजोरी देखाउने पुरुष प्रवृत्ति तथा त्यसको पृष्ठपोषण गरिरहेको समाजप्रति ती नारी पात्रहरू असन्तुष्ट देखिएका छन् । उनीहरू आत्मनिर्भर भएर स्वेच्छाले जीवन यापन गर्न चाहन्छन् ।

सरितालाई एउटा सम्पन्न साहुले रखौटी बनाउने प्रस्ताव राख्दा उसकी आमाले समर्थन गरेकी छ । पितृसत्तात्मक समाजमा छोराछोरीबीच भेदभाव गरिने हुनाले उसले आफ्नो छोराको आर्थिक सुरक्षाका लागि अनि छोरीले एउटासँग जानै पर्ने बाध्यताका कारण छोरीलाई रखौटी बनाएर छोरालाई राम्रो जागिरको सम्झौता गरेकी छ । यसप्रति असन्तुष्ट सरिताले यसरी विरोधपूर्ण व्यङ्ग्य गरेकी छ–

त्यो नयाँ सडकको साहूले के भन्यो मलाई ? मलाई रखौटी स्वास्नी राख्छु रे, जहाँ उसले राम्रा राम्रा बंगलाहरू बनाएको छ रे...! आमा उसको कुराले दङ्गदास हुनुभएको छ ....' बुझ्यौ श्याम ! तिमी पनि ठीक त्यस्तै गर्थ्यौ र हामीजस्तालाई लोभ्याउन नसके सुनको छडीले हानेर हामीलाई लुटेर लान्थ्यौ, अनि हामीलाई आँपलाई जस्तो चुस्नसम्मन चुसेर कोयाजस्तो मिल्काइदिन्थ्यौ (५८) ।

पितृसत्तात्मक समाजमा पुरुषले नारीलाई आफ्नो चाहना र अनुकूलता अनुसार छल, बल, धनको लोभ आदि अनेक उपायद्वारा शोषण गर्ने तथा आवश्यकता हुँदासम्म उपयोग गरी मिल्क्याइदिने परम्पराप्रति असन्तुष्ट भएकी सरिताले आफ्नो भाइ श्यामलाई पुरुष प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै त्यसो भनेकी हो । उसको कुरा सुनेर उषाले पनि "सरिता ! के तिमीले त्यस साहूलाई आफ्नो खुट्टाको चप्पलले ठोकेर पठाइनौ (५९) ?" भनेकी छ । उसको यो भनाइ पनि पुरुष सत्ताले नारीमाथि गर्ने शोषण-दमनप्रतिको विद्रोह हो । यी दुवै नारी पात्रहरू पितृसत्ता तथा लैङ्गिकताको परिवेशमा रहेका छन् तर पनि यिनीहरू आफ्नो अस्तित्वका लागि सचेत देखिएका छन् । आफ्नो स्वतन्त्रता र स्वाभिमान त्यस्ता

व्यभिचारी र सामन्त पुरुषलाई सुम्पन उनीहरू तयार छैनन् । असमान सम्झौतामा नझुक्ने तथा आफ्नो पृथक् पहिचानका लागि सङ्घर्षरत यी नारी पात्रहरू आफूमाथि हुने अन्याय तथा शोषण विरुद्ध खुलेर विद्रोह गर्न सक्षम देखिएका छन् ।

२.२ पारिवारिक तथा सामाजिक शोषणप्रतिको विद्रोह

परम्पराद्वारा निर्देशित समाजमा महिलावर्ग घर परिवारभित्र तथा समाजमा पनि शोषित हुने गर्दछन् भन्ने मान्यता नारीवादले राखेको देखिन्छ । विशेषगरी सुधारभन्दा परिवर्तनमा विश्वास राख्ने आमूल नारीवादीहरूले महिलामाथिको पारिवारिक तथा सामाजिक शोषण एवम् उत्पीडनप्रति विद्रोह गरेको पाइन्छ । उनीहरूले विवाहलाई महिलाको पारिवारिक तथा सामाजिक शोषण गर्ने बलियो माध्यम मानेको पाइन्छ । यस सम्बन्धमा केट मिलेटले यस्तो धारणा राखेकी छन्–

विवाहपश्चात् कानूनी रूपमा महिला र पुरुष एकीकृत भएको मानिन्छ । विवाहले महिला तथा पुरुषलाई एकीकृत र सुदृढ बनाउछ तर त्यसले महिलाको पृथक् अस्तित्वलाई भने निलम्बित गरेको हुन्छ । यस्तो अवस्थामा कानूनले महिलालाई एक्लै भएर काम गर्दा हिनताबोध हुने हुनाले बाध्यतावश पुरुषसँग सहकार्य गर्नुपर्ने अवस्थासम्म पुऱ्याएको हुन्छ (मिलेट, सन् २००० : ६८) ।

मिलेटका अनुसार विवाहले महिलालाई अस्तित्वविहीन बनाउँदै पुरुषसत्तालाई सबल बनाउने गर्दछ । यसै आधारमा आमूल नारीवादीहरू विवाहजस्तो सामाजिक परम्पराद्वारा महिलाका अधिकार पुरुषमा आबद्ध गर्ने तथा उनीहरूमाथि प्रत्यक्ष वा परोक्ष रूपमा शारीरिक वा मानसिक शोषण-दमन गर्ने गरिएकोमा त्यसप्रति विद्रोही देखिएका छन् । उनीहरू कानूनले पुरुषलाई दिएको अधिकार तथा महिलाका खोसिएका अधिकार प्राप्तिलाई जोड दिन्छन् । उनीहरूको विद्रोह त्यो समग्र अवस्थाप्रति रहेको देखिन्छ जसले विवाहपश्चात् महिलाको कानूनी अस्तित्वलाई अप्रत्यक्ष रूपले निलम्बित गर्दछ (मिलेट, सन् २००० : ६९) । विवाह तथा पारिवारिक जीवनका माध्यमबाट महिलावर्ग बढी उत्पीडित हुने यथार्थलाई यस धाराका सबैजसो नारीवादीहरूले प्रस्तुत गरेको देखिन्छ ।

आमूल नारीवादीहरूका अनुसार पुरुषहिंसाबाट बच्नका लागि महिला उनीहरूको हैकम र अधीनस्थता स्वीकार्न बाध्य छन् । आफूमाथि हुने हिंसा निवारणका लागि नै महिलाहरू पुरुषप्रति आज्ञाकारी हुने, परम्परालाई शिरोधार्य गर्ने, निष्ठावान् बनी उनीहरूको नियन्त्रणप्रति असन्तुष्टि प्रकट नगर्ने गर्दछन् । पितृसत्तात्मक सामाजिक संरचनाभित्र नारीहरू पुरुष हिंसाको त्रासका कारण नै मौन रहेका छन् । घरेलु हिंसा, बलात्कार, अनिच्छित सन्तानोत्पादन, स्वास्थ्यप्रतिको लापरवाही, यौनमा आधारित हत्या, मानसिक यातना आदि पुरुष हिंसाभित्र पर्दछन् । पितृसत्ताभित्रको महिला विरोधी संस्कृतिमा आफूलाई सुरक्षित राख्न महिलाहरू त्यसका निकृष्टभन्दा पनि निकृष्ट अनुशासनहरू स्वीकार गरिरहेछन्, तैपनि उनीहरूमाथि हुने पितृसत्तात्मक संस्थागत दमन-उत्पीडन निवारण हुन सकेको देखिँदैन (म्याडसेन सन् २००० : १६०-१६१) । त्यसैले आमूल नारीवादीहरू महिला वर्गको उन्मुक्तिका लागि पितृसत्तात्मक सामाजिक संरचनालाई नै उखेलेर फाल्नुपर्ने धारणा राख्दछन् ।

मानिस र मुकुण्डो नाटकको सामाजिक परिवेशमा नारी पात्रहरू यस्तै शोषणमा परेका

र पर्न लागेका देखिन्छन् । उनीहरूले त्यसप्रति विद्रोह पनि गरेको देखिन्छ । यस नाटकको प्रमुख भूमिकामा रहेका सरिता र उषा दुवै कलाकार हुन् । उषा पेसाले नर्स पनि हो । हाम्रो समाजमा नर्स, टाइपिष्ट, कलाकार आदिलाई महिलाको पेसा मानिनुका साथै त्यसप्रतिको आम धारणा पनि सकारात्मक रहेको देखिँदैन । नर्स भएकै कारण आफूलाई पुरुषहरूले हेपेको भन्दै उसले गुनासो गरेकी छ । सरिता पनि उसको समर्थनमा देखिएकी छ किनभने यी दुवै जना एउटै मूल्य मान्यताबाट पीडित भएका छन् । उनीहरू बीच भएको प्रस्तुत संवादले पनि यसको पुष्टि गर्दछ "सरिता ! हामीलाई के सम्झेका छन्, त्यस्ताहरूले... आर्टिष्ट, नर्स, टाइपिष्ट, हामी सबै एकै जातकाहरू... के हामी साना हौँ त (५५) ?" विवाहित पुरुषले प्रेमको नाटक गर्दै आफ्नो यौवनसँग खेल्न आउनाको कारण आफू कलाकार एवम् नर्स भएकोले हो भन्ने उषाले आफ्नो पेशाप्रति नकारात्मक धारणा राखेर शोषण गर्न खोज्ने प्रवृत्तिप्रति विद्रोह गरेकी हो । आफ्नो कामप्रति अरूले चासो राख्नु र त्यही आधारमा आफ्नो अवमूल्यन गर्नुलाई उसले सहन सकेकी छैन भन्ने कुराको साक्ष्य उसको यस भनाइले प्रस्तुत गरेको छ– "राक्षस सरिता ! सब पतित राक्षस हुन् । साँच्चि भनेको । हामी काम गर्छौं, सेवा गर्छौं चाहे जस्तोसुकै सानो काम किन नहोस्, हामीलाई सानो सम्झने कसैलाई के खाँचो, के हक (५६) ?" घरभित्र तथा घरबाहिर दुवैतिर महिलालाई पुरुषभन्दा तल्लो तह निर्धारण गर्ने तथा उनीहरूको शारीरिक तथा मानसिक शोषण गर्ने पुरुष प्रवृत्ति र सामाजिक परम्पराप्रति उषा रुष्ट देखिएकी छ ।

सरिताको पनि अवस्था त्यस्तै छ । उसले कलाकार भएर आफ्नो स्वाभिमान जोगाएर बाँचेकी छ । आफूले मनपराएको व्यक्तिसँग बिहे गरेर आफ्नै कमाइमा जिउँन चाहने उसलाई उसकी आमाले नै धनी मानिसको रखौटी बन्न कर गरिरहेकी छ । जब परिवारभित्र नै महिलाको इज्जत हुँदैन समाजबाट उनीहरूले इज्जत पाउने आश गर्नु पनि व्यर्थ हुन्छ । साहू तथा आमाले आफूप्रति गर्न लागेको शोषणका विरुद्ध उसले व्यङ्ग्यात्मक रूपमा विद्रोह नै गरेकी छ–

मेरी आमाले यसै कोठामा ल्याएर बसालेर उसलाई स्वागत गर्नुभएपछि, मैले यो दुवै हात जोड्ने कि चप्पल उठाएर हान्ने ? ....मेरी आमाको आँखा कुराको बीच-बीचमा चमक-चमक, चम्कन थाल्यो । साहूजी निस्कन आँट्यो, मैले नाटकमा नायिकाको भूमिका खेलेजस्तो गरी उसलाई छेक्दै भने-साहूजी मेरी आमाले त मन्जुरी नै दिइसक्नुभो मेरो रायमा चाहिँ म रखौटी नै बन्नुपरेपछि.... तर यसको मूल्य छ साहूजी.... आमालाई एउटा चश्मा किनिदिनोस्.... उहाँको आँखामा जालो आएको छ । फुलो परेको छ.... लौ भन्नुस् साहूजी ! अन्धीले छानेको लोग्ने मानिसको म रखौटी कसरी बन्न सक्छु.... साहूजी ! मेरी आमाले आँखा देखेपछि फेरि आउनोस्, म तपाईंको राम्ररी सत्कार गर्छु (पृ. ६०) ।"

यहाँ सरिताले महिलाको अस्तित्व अस्वीकार गर्ने र उसलाई शोषण गर्ने प्रवृत्तिलाई अन्धोको संज्ञा दिएकी छ । धनको प्रलोभनमा नारीअस्मिता किन्न खोज्ने व्यभिचारी पुरुषको सामना गर्न आफू सक्षम रहेको आशय उसको यस अभिव्यक्तिले व्यक्त गरेको छ । परिवार तथा समाजले महिलालाई अवमूल्यन गर्न छाड्नुपर्दछ, अन्यथा आफूहरूले त्यस विरुद्ध प्रतिकार गर्न सक्ने सङ्केत पनि उसले गरेकी छ ।

२.३ यौन शोषणप्रतिको विद्रोह

पितृसत्ताले महिलाको यौनिकतामाथि नियन्त्रण गर्नुका साथै उनीहरूको यौन शोषण गर्ने गर्दछ भन्दै नारीवादीहरू यसको विरोध गर्दछन् । विशेषगरी आमूल नारीवादीहरू महिलाको यौनिकताप्रति सचेत देखिनुका साथै उनीहरूमाथि हुने यौन शोषणप्रति विद्रोह गर्दछन् । आमूल नारीवादी समूह न्युर्योक रेड स्टकिङ्सकी संस्थापक सुलामिथ फायरस्टोनले द डाइलेक्टिक अफ सेक्सको आरम्भमा नै यौनवर्ग यति गहिरो छ कि सायद त्यो अदृश्य बन्दै छ भनेकी छन् । उनले सन् १९७० मा प्रयोगमा ल्याएको शब्द 'यौन वर्ग' ले महिलालाई अदृश्य तहमा नै पुग्ने दमितका रूपमा व्याख्या गरेको पाइन्छ । उनले यस्तो विचारलाई आमूल नारीवादको केन्द्रका रूपमा प्रस्तुत गर्दै यसलाई पुरुषको महिलाप्रतिको हेपाइ र अत्याचारको आधारभूत कुरा भनेकी छन् । उनले महिला-पुरुषबीचको असमानताको कारण देख्न सकिने जैविक भिन्नता नभएर महिला-पुरुषबीचको प्रजनन भूमिका हो भन्दै महिला र पुरुषबीचको जैविक पुनरुत्पादनको भिन्नताका कारण महिला उत्पीडनमा रहेको धारणा राखेकी छन् । यस्तो भिन्नताले लिङ्गमा आधारित श्रमविभाजनको स्थापना गर्नाले महिलावर्ग पछि परेको भन्दै उनले महिला हिंसाको मूल कारणका रूपमा रहेको जैविकीय पुनरुत्पादनमाथि महिलाको नियन्त्रण भएमा मात्र यौनवर्गको अन्त्य हुने धारणा राखेकी छन् (टङ, सन् १९८९ : ७३-७४) । उनी जैविकीय आधारमा पुरुषसत्ताले महिलामाथि गर्ने शोषण-दमनप्रति विद्रोही देखिएकी छन् ।

महिलालाई यौनजन्य उपभोग्य वस्तु ठान्ने परम्पराप्रति आक्रामक देखिने आमूल नारीवादी सिद्धान्तको केन्द्रमा विषमालिङ्गी बीचको वैवाहिक संस्थापनले महिलालाई पुरुषको अधीनस्थ बनाएको विचार स्थापित देखिन्छ । क्याथरिन म्याकिननले समाजमा पुरुषको महिलामाथिको शक्ति उसको महिला विरोधी पौरुष यौनिक अपराधबाट बढेको हो भन्ने विचार राखेकी छन् । उनका अनुसार यौनिकताको अर्थ पुरुषको हेपाइ र महिलाको अधीनतालाई निश्चित गर्नुमात्र नभएर कामुकतासम्म पनि पुगेको हुन्छ । यसैका माध्यमले पौरुष हेपाइलाई विभिन्न स्वरूपमा संस्थागत गरिएको छ । यसको एउटा उदाहरण बलात्कार पनि हो । पुरुषको महिलाप्रतिको हेपाइ विषमलिङ्गी विवाहको अभ्यासद्वारा महिलामाथि हुने अपराधका रूपमा प्रकट हुने गर्दछ । त्यसैले यौनिकता राजनैतिक, आर्थिक, धार्मिक, हेपाइहरूको समेत आधार भएको विचार म्याकिननले राखेको देखिन्छ (टुना, सन् १९९५ : १३२) । आमूल नारीवादीहरू पुरुष निषेधित समलैङ्गिक समाजको परिकल्पनामा समेत केन्द्रित रहेका देखिन्छ ।

यसैगरी एन्ड्रिया दोर्किनले त महिला स्वतन्त्रता तथा मुक्तिका लागि महिला पुरुषबीचको पुनर्उत्पादन सम्बन्धलाई नै निषेध गरी पुनर्उत्पादनका लागि विषमलिङ्गी विवाह नभई प्रविधिको प्रयोग गरिनु पर्ने धारणा राखेकी छन् । फायस्टोन र दोर्किन दुवैका मतानुसार यौनिकताकै कारण महिला दमित छन् । जैविक आधारमा महिलामाथि पुरुषले दमन गर्दै आइरहेको छ । आफ्नो जैविक संरचनाका आधारमा महिलाहरू पुरुषको बन्धन स्वीकार गर्दै आएका छन् र जैविक पुनर्उत्पादनको विशेषताका कारण उनीहरू स्वयम् पुरुष सुरक्षाको घेराबन्दी चाहन्छन् भन्ने पुरुष दार्शनिकका विचारलाई दोर्किनले अस्वीकार गरेकी छन् । उनका अनुसार महिलाको यथास्थिति उनीहरूको रोजाइ नभई बाध्यता

हो । पुरुष हिंसाबाट बच्नका लागि महिला उनीहरूको हैकम र अधीनस्थता स्वीकार्न बाध्य छन् ।

पितृसत्ताभित्र महिलाहरू यौनिक पक्षबाट प्रताडित भैरहने सन्दर्भमा आमूल नारीवादी विचारधारका विभिन्न महिलाहरूले विद्रोह गर्नुका साथै त्यसबाट महिलाको उन्मुक्तिका लागि प्रयास गरेको देखिन्छ । यसै सम्बन्धमा महिलाको यौनिक स्वतन्त्रताका लागि यौनिक क्रान्तिको आवश्यकता औल्याउँदै केट मिलेटले सेक्सुअल पोलिटिक्समा लेखेकी छन्–

यौनिक क्रान्तिले मुख्यतया पितृसत्ताको अन्त्य गर्दछ । पुरुषप्रधान विचार तथा परम्परागत रूपमा भएको लैङ्गिक सामाजिकीकरण जसले महिला र पुरुषका बीचमा फरक भूमिका, स्वभाव र अवस्थालाई समर्थन गर्दछ, त्यसलाई पनि समाप्त गर्दछ । यसले फरक यौनिक उपसंस्कृतिलाई एकीकृत गर्दै महिला-पुरुष दुवै पक्षका बीचमा पहिलादेखि छुट्टिँदै आएको फरक लैङ्गिक अनुभवलाई समेत एकीकृत गराउँदछ (मिलेट, सन् २०००: ६२) ।

पितृसत्तात्मक समाजमा महिलाको यौनिकतामाथि पुरुषको नियन्त्रण हुनाका साथै उनीहरूको यौन शोषण पनि हुने यथार्थअनुरुप नारी एकातिर प्रेमी वा पतिको सम्बन्धका पुरुषबाट यौनिक रूपमा प्रताडित हुन्छे भने अर्कातिर नारीलाई मनोरञ्जनको साधन तथा यौनदासी ठान्ने प्रवृत्तिका कारण उनीहरू बेचिएर देह व्यापार जस्तो यातना समेत झेलिरहेका हुन्छन् । मानिस र मुकुण्डो नाटककी नारी पात्र उषालाई विवाहित पुरुषले प्रेमको बहाना गरी यौन तृप्ति खोज्नु तथा अर्की पात्र सरितालाई साहुले धनको प्रलोभन दिएर रखौटी बनाउन खोज्नु दुवै प्रसङ्गमा यौन शोषण देखिन्छ । यसका विरुद्ध ती दुवै नारी पात्रहरूले विद्रोह पनि गरेका छन् ।

उनीहरूले विभिन्न देवीदेवताका मुकण्डो लगाएर नृत्य तथा अभिनय गर्ने हुनाले कोठामा अनेक देवता तथा राक्षसहरूका मुकुण्डा हुन्छन् । कुराकानीको क्रममा श्यामले आफूलाई सबैले हेप्ने हुनाले आफूले राक्षसको भूमिकामा अभिनय गर्दा लगाउने राक्षसको मुकुण्डो लगाएर सबैलाई तर्साउँदै हिँड्न चाहेको विचार प्रकट गरेको वेला सरिताले भनेकी छ– "कुनै न कुनै प्रकारको मुकुण्डो नलगाई सुख छैन हामीलाई यहाँ । मलाई पनि महाकालीको मुकुण्डो लगाएर हातमा खप्परको पात्र लिएर यो विश्व ब्रह्माण्डमा रिँगरिङ्ती नाचूँ नाचूँजस्तो लाग्छ (७५) ।" उसको यो अभिव्यक्ति पनि यौन शोषणप्रतिको विद्रोही उद्‌गार हो किनभने पौराणिक प्रसङ्गअनुसार देवी पार्वतीलाई शुम्भ-निशुम्भ नामका दैत्यहरूले अवला नारी मानेर नारीको स्थान केवल पुरुषको मनोरञ्जन र दासता हो भन्दै हरण गर्न खोजेपछि उनले महाकाली बनेर क्षणभरमा नै सारा दैत्यहरूको अन्त्य गरिदिएकी थिइन् । त्यसैले महाकालीलाई नारीशक्तिको प्रतीक मानिएको छ । आफूलाई धनी साहुले भोग्या बनाउन वैभवको पासो थापेको र आमाले त्यसलाई समर्थन गरेको देखेर उसले यसो भनेकी हो । उसको यसप्रकारको अभिव्यक्ति यस नाटकमा प्रस्तुत नारीविद्रोहको राम्रो उदाहरण हो ।

आफूलाई रखौटी राख्छु भन्न आएको साहूलाई सरिताले अपमानित गरेर पठाएको सुनेर उषाले भनेकी छ– "ठीक गऱ्यौ तिमीले सरिता ! म भए त अझ दिन्थेँ चप्पल उठाएर... (६०) ।" यसबाट के देखिन्छ भने ऊ यस्ता शोषकहरूप्रति जाइलाग्न तयार छ । यस्तै

श्यामले राक्षसको मुकुण्डो लगाएर अभिनय गर्दै उषालाई फकाइरहेको बेला सरिताले भनेकी छ "बरू राक्षसहरूमा प्रेममा विजय हासिल गर्ने नियम छ। मासुको मोलतोल भाउमा विश्वास गर्दैनन्। हाम्रा मानिसहरू यसको उल्टो मासुमा नै झम्टा दिन्छन्, मासु, हामी मासुको लाम्टा बाहेक केही हैनौं उनीहरूका लागि बुझ्यौ उषा (५७)।" उषाले पनि यसको समर्थन गर्दै भनेकी छ "त्यही त भन्छु म पनि। हामी मासुका डल्ला हौं। डल्लालाई भकुण्डोलाई जस्तै जता हाने पनि भयो। जे गरे पनि भयो (५७)।" उनीहरू दुवैको अभिव्यक्तिले नाटकको सामाजिक परिवेशमा रहेको महिलाप्रतिको यौनिक दृष्टि तथा उनीहरूमाथि हुने यौन उत्पीडनलाई बुझाएको छ। मानिसले राक्षसले जत्तिको पनि नारीको सम्मान नगर्ने अनि नारीलाई केवल आफ्नो यौन प्यास मेटाउने साधन ठानेर मौका पायो कि झम्टिहाल्ने दुष्प्रवृत्तिप्रति उनीहरूले विरोध गरेका छन्।

छोराको आर्थिक उन्नतिका लागि छोरीलाई धनी साहूलाई बेच्न तम्सने आमा प्रवृत्ति तथा वैभव आर्जन गर्न आफ्नै दिदी बहिनीलाई सीमापारि पुऱ्याएर बिक्री गर्ने पुरुष प्रवृत्तिप्रति सरिताले खुलेर विद्रोह गरेकी छ। इमानदारीको टाइपिष्ट जागिरले धन कमाउन नसकेर साहूकहाँ जागिर खान जान लागेको भाइलाई साहूले सो जागिर दिएबापत आफूलाई रखौटी बनाउन चाहेको वास्तविकता बताउँदै उसले यसरी व्यङ्ग्य गरेकी छ–

तिमी एकैचोटि लखपति बन्छौ। लखपति !... तिमीले मिहिनेत पनि गर्नुपर्दैन, तिमीले दिमाग पनि खियाउनुपर्दैन, तिमीले कष्ट पनि उठाउनुपर्दैन, अनि तिमी राजसी ठाँटमा बस। मोज गर.... म कतिमा बिक्न सक्छु .... सबैको मूल्य लगायो भने.... तिम्रो काम के भने हामीलाई तिमीले भारततिर लैजाने मात्र ... खाली हामीलाई बम्बैमा पुऱ्याइदिनुपर्दछ। मलाई १० हजार सम्मनमा जरुरै किन्लान्। अनि हेर उषालाई १२/१५ हजार, सुशीलालाई पनि त्यस्तै १२/१५ हजार.... उर्वशीलाई त २५ देखि ५० हजार...., तिमीले डराउनुपर्दैन, म सबलाई आफैले बटुलेर लान्छु। आफूलाई र उनीहरूलाई बेचिदिन्छु त्यहाँ वेश्यालयमा। तिमी चाहिँ खाली चुप लागेर हेरिरहनू, बस्नू। बेचिसकेपछि पैसा बटुलेर यहाँ फर्कनू तिमी (७९)।

यथार्थबाट अनभिज्ञ उसको भाइले यसलाई ठट्टा सम्झन्छ तर सरिताले आमाले बनाएको योजना भाइलाई बताउँछे। उसले भाइलाई फेरि यसो भन्छे– "त्यसो भए तिमी मलाई बेच्तैनौ ? मलाई बेच्ने हिम्मत छैन तिम्रो ? रखौटी बन्न नगई त्यस रत्नदास साहूले तिमीलाई कसरी हाकिम बनाउँछ त, उसको कारोबारको ? म रखौटी बन्नु र बेचिनुमा के फरक छ, लौ भन ? राजु ! हिम्मत नहार तिमी, हामी सबलाई बेच्नै पर्छ तिमीले (७९)।" उसले प्रत्यक्ष रूपमा भाइलाई यथार्थबोध गराएको भए पनि परोक्ष रूपमा उसको यस्तो अभिव्यक्ति चेलिबेटी बेचविखन गरेर सम्पन्न बन्ने दुष्ट तथा महिलाको यौन शोषण गरी मनोरञ्जन गर्ने दुराचारीप्रति लक्षित देखिएको छ। ऊ यस प्रकारको प्रवृत्तिविरुद्ध सङ्घर्ष गर्ने दृढतामा रहेकी छ त्यसैले कुशलतापूर्वक आफ्नी आमाको योजनालाई असफल बनाएकी छ।

३. निष्कर्ष

मानिस र मुकुण्डो नाटकका मुख्य नारी पात्रहरू पितृसत्तात्मक सामाजिक संरचना भित्र विभिन्न प्रकारका शोषण-उत्पीडनको

अवस्थामा आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्षरत देखिएका छन् । परम्परागत नभएर विद्रोही अनि केन्द्राभिमुख लैङ्गिक भूमिकामा रहेका उनीहरूले पितृसत्ता र लैङ्गिकता, पारिवारिक तथा सामाजिक शोषण, यौन शोषण जस्ता पक्षहरूप्रति विद्रोह गरेका छन् । नारीविद्रोहका दृष्टिले यो नाटक महत्वपूर्ण देखिएको छ । किनभने यस नाटकको प्रमुख भूमिकामा रहेका दुई नारी पात्र सरिता र उषा विद्रोही छन् । आफूमाथि हुन लागेको पितृसत्ताको शोषणका विरुद्ध उनीहरूले खुलेर विद्रोह गरेका छन् । यसका साथै आफ्नो अस्तित्वबोध भएका ती नारी पात्रहरू स्वतन्त्र अस्तित्वका साथ बाँच्न सफल पनि देखिएका छन् । उनीहरूको विद्रोह पितृसत्ता र लैङ्गिकता, पारिवारिक तथा सामाजिक शोषण र यौन शोषणप्रति केन्द्रित देखिएको छ । यसका साथै विद्रोहको प्रस्तुति पनि आकर्षक रहेको देखिन्छ । यस्ता विद्रोही नारी पात्रहरूका माध्यमबाट मल्लले पुरातन सामाजिक मूल्य-मान्यतामा परिवर्तनको अपेक्षा गरेको देखिन्छ । आफूमाथि हुने जुनसुकै शोषण र उत्पीडनका विरुद्ध सर्वप्रथम नारी आफैले विद्रोह र प्रतिकार गर्नुपर्दछ भन्ने धारणा पनि यी विद्रोही नारी पात्रहरूका माध्यमबाट व्यक्त गरिएको छ ।

सन्दर्भ सामग्रीसूची

अनामिका. स्त्रीत्वका मानचित्र. देहली : सारांश प्रकाशन प्रा.लि. सन् २००१ ।

टङ, रोसम्यारी. फेमिनिस्ट थट. बाउल्डर र सनफ्रान्सिस्को : वेस्टभ्यु प्रेस. सन् १९८९ ।

ट्युना, नान्सी र टङ रोसम्यारी. फेमिनिजम एन्ड फिलोस्पी. सान फ्रान्सिस्को, अक्फोर्ड : वेस्टभ्यु प्रेस. सन् १९९५ ।

मल्ल, विजय. स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डो. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. २०४० ।

मिलेट, केट. सेक्सुअल पोलिटिक्स. सिकागो : युनिभर्सिटि अफ इलिनोइज प्रेस. सन् २००० ।

म्याड्सेन, डेबोरा एल. फेमिनिस्ट थ्योरी एन्ड लिटरेरी प्राक्टिस. लन्डन : प्लुटो प्रेस. सन् २००० ।

उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

भावपूर्ण श्रद्धाञ्जली !

'दायित्व वाङ्मय विशिष्ट सम्मान'द्वारा सम्मानित प्रा.डा. कुमारबहादुर जोशी, 'शङ्कर कोइराला स्मृति पुरस्कार'द्वारा सम्मानित मनु ब्राजाकी तथा दायित्व वाङ्मय प्रतिष्ठानका सचिव केशवराज पन्तकी धर्मपत्नी यशोदादेवी पन्तको असामयिक निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै शोक सन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल
परिवार

समीक्षा

छन्दमर्मज्ञ डा. जितालीप्रणीत छन्दको छहारी : एक विमर्श

■ मुकुन्द शर्मा चालिसे

सर्वं छन्दोमयं जगत्– सम्पूर्ण संसार छन्दले व्याप्त छ । यस्तो सूक्ति मनन गर्दै आएका विज्ञजन सर्वत्र छन्दको व्याप्ति देख्छन् । चदि आल्हादने वा छदि आच्छादने भन्ने धातुबाट छन्द शब्द निष्पन्न हुन्छ र अर्थ आनन्ददायक वा ढाकिएको भन्ने हुन्छ । जे भने पनि छन्दले आनन्द दिँदै संसार ढाक्छ भन्ने अर्थमा हामी थिउरिन्छौँ तर हामी यसलाई विशेषीकृत गरेर मोदिनी कोषमा जान्छौँ र त्यहाँका भनाइ उताछौँ– छन्द : पद्ये च वेदे च । अर्थात् पद्य-श्लोक र वेदको अर्थमा छन्द व्यवहृत हुन्छ। गायत्री छन्दसामपि– गीता । यहाँ छन्दले वेदलाई बुझाएको छ । अब हामीलाई उहिल्यै आदिकवि वाल्मीकिले 'रामायण' काव्य दिए र लौकिक छन्द दिए त्यताबाट ओर्लँदै वर्तमानकालमा आउँछौँ अनि अघि मेदिनीले भनेको पद्यमा आफ्ना भावना मुखरित गर्छौँ ।

अब जगत्मा अनुष्टुप् उपजाति आदि लौकिक पद्यको प्रचलन भयो, त्यसमा नियमन गर्नका लागि आचार्य पिङ्गलादिहरूले छन्दःशास्त्र बनाए । वर्ण र मात्रालाई गन्दै चरण चरण बनाएर पद्य बनाउने संस्कृति नै खडा भयो । महाकवि कालिदास, भारवि, माघ आदि यिनै छन्दो नियमलाई अपनाएर महाकाव्य लेखी अमर भए ।

नेपालमा आदिकवि भानुभक्तले वार्णिक छन्दलाई सर्वथा स्वीकार गरी रामायण लेखे र महाकाव्य लेखन परम्परालाई छान्दस नियममा लेख्ने निरूपण जस्तै गरिदिए । यद्यपि गद्य शैलीमा लेखिएका एकाध महाकाव्य नेपाली वाङ्मय क्षेत्रमा पाइन्छन् ।

नेपाली छन्द कविताका अनुयायीलाई सजिलो बनाउन पिङ्गलादि छन्दःशास्त्र उपागम्य थिएनन् र नेपालीमा त्यस्तो ग्रन्थको आवश्यकता थियो । 'छन्दोहार' नामक गोविन्दप्रसाद ढुङ्गानाको कृति राम्रै थियो । बजारमा अन्य छन्द सागर-सोपान, मानसालङ्कार आदि कृति पनि छन्दका विषयमा मर्म खुलाउन लागि परेका थिए । छन्दको छहरा, छन्द पराग आदि रचना छन्दका लागि तत्पर नै छन् । यसै सन्दर्भमा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएर आएको छ । एउटा महत्वपूर्ण पुस्तक छन्दको छहारी । यस कृतिका लेखक हुनुहुन्छ– डा. बमबहादुर थापा जिताली ।

डा. बमबहादुर थापा जिताली स्वयम् शास्त्रीय वार्णिक छन्दका कुशल कवि हुनुहुन्छ । देवो भूत्वा देवं यजेत् भनेजस्तै छन्दको प्रयोक्ता भएर नै सच्चा छन्दोऽनुयायी हुन सकिन्छ । यस्तु क्रियावान् स पण्डितः । क्रियावान् नै ज्ञाता हो । सैद्धान्तिक ज्ञान त आधा मात्रै हो, प्रयोगात्मक ज्ञान नै वास्तविक पूर्ण ज्ञान हो । यद्यपि छन्दःशास्त्र गहन र व्यापक छ । यसका प्रस्तारहरू असीमित भएर तरङ्गित हुन्छन् र 'छन्दोमयं जगत्' भनाइ चरितार्थ हुन्छ। तैपनि जितालीले जनजीवनमा प्रचलित मात्र होइन, एकाक्षरीदेखि छब्बीस अक्षरसम्मका छन्दहरूको परिचय दिनुभएको छ । साथै मात्रिक र लोकलयका

छन्दहरूको विवरण दिनुभएको छ । 'छन्दको छहारी' पुस्तकमा सङ्ग्रह गरिएका छन्द, तिनको परिचय र उदाहरण यहाँ छन् । राम्रो कुरो त के छ भने समसामयिक नेपाली कविताहरूका कविताहरू यहाँ उदाहरण बनेर आएका छन् । बिर्सन खोजिएका छन्दहरू मञ्जु भाषिणी, प्रहर्षिणी, मदिरा, गीतिका जस्ता छन्दको यहाँ राम्रो प्रयोग छ । जितालीजीले अरू ख्यातनामा कविहरूका कविताका साथमा आफ्नो पनि कविता उदाहरणमा पस्केर आफ्नो कवित्वको राम्रो परिचय दिनुभएको छ अनि अरूका कविता उदाहरणमा नपाइएको खण्डमा आफ्नै मात्रै दिएर छन्द ज्ञानलाई पुट मारिदिनुभएको छ । यहाँ म पहिले सत्र अक्षरको शिखरिणी छन्दका बारेमा भन्छु । यसमा लेखकले विभिन्न ख्यातिप्राप्त तेह्रवटा कविका तेह्रवटा श्लोक राखेर अन्त्यमा आफ्नो श्लोक राखिदिनुभएको छ । सो श्लोक यस्तो छ–

कहाँ पाऊँ मैले करुण रसका सिञ्चित थला
कतै छैनन् हाम्रा मधुर मुरली गुञ्जन गला
कता लागे होलान् सरसपनका उन्नत कला
भनी रुन्छिन् मेरी प्रिय शिखरिणी छन्द विमला ॥

आफ्नो श्लोकले छन्दलाई सिँगार्ने प्रयास यस पुस्तकमा सर्वत्र छ । अरू लेखकले नलेखेका छन्दका उदाहरण उहाँ आफ्नै श्लोकले दिनुभएको छ । जस्तो २६ अक्षरको उत्कृति भेद अन्तर्गत भुजङ्गविजृम्भित छन्दको उदाहरण यस्तो छ–

म म त न न न र स ल गु - गण भएको ।

राजा हुन्छन् साझा भन्थे जनहित वरिपरि हरियो हुने अवतार हुन्
नेता जस्ता हैनन् भन्थे परहित विकसित नहुने नहुन् सरकार हुन्
दासी हुन्नन् रानी कैल्यै पलपल ढलपल नहुने उनी उपकार हुन्
प्यासी हुन्नन् रानी भन्थे हरदम घर नजिक हुने उनी उपचार हुन् ।

यति लामो छन्दलाई पनि कत्ति नबिराई प्रयोग गर्ने डा. बमबहादुर थापा जितालीमा छन्दशास्त्र सिद्ध भएको मान्नुपर्छ । बलजफ्ती श्लोक बनाई छन्द पूरा गरेर कविता हुँदैन । 'कविता छन्द थुपारेर हुँदैन, भाव भए पो हुन्छ ।' उहिल्यै पारसमणि प्रधानले हामीलाई बाटो देखाएर गएका छन् । त्यही बाटोमा आधारित भएर छन्दको छहारी निर्माण गरिएको छ । यस्तो प्रयोगात्मक श्लोक सङ्ग्रहले दिने अर्थको महत्व आफ्नै ठाउँमा छ । वास्तवमा हामी छन्दका लागि लेख्दैनौँ । आफ्ना सन्देश, अनुभूति, उद्वेग वा प्रार्थनालाई सौन्दर्यपूर्ण एवम् कलात्मक शैलीले प्रस्तुत गर्न खोज्छौँ अनि छन्दको खोजी हुन्छ । उपयुक्त छन्दले उपयुक्त भावलाई घनीभूत बनाउँछ । छन्दःशास्त्रकारहरूले यसमा गहिरो अध्ययन गरेका छन् । एउटा कुरा स्पष्टै के हो भने कुनै पनि विषयलाई छन्दले आस्वाद्य र स्मरणीय बनाउँछ । अतः छन्दको छहारीजस्ता ग्रन्थको उपादेयता सिद्ध हुन्छ ।

नेपाली कविता काव्य जगत्मा केही समय छन्दको अपकर्ष भएको अनुभव गरियो । नेपालका वरिष्ठ कवि कवयित्रीहरूले गद्य कविताबाट भाव सम्प्रेषणामा सहजता अनुभव गर्न लागे । छन्द बन्धन झैँ मानिन लाग्यो तर केही छन्द कविहरू विचलित भएनन् । वास्तवमा छन्द बन्धन थिएन, अपितु यो कविताको सौन्दर्यदायक तत्व थियो । गद्य कविहरूले पनि कतै कतै छन्दको आधान गरेकै हुन्छन् र त्यो गेय र आस्वाद्य भएको हुन्छ । छन्दको छहारीजस्ता किताबले सबै कवितासाधहरूलाई दिशा निर्देश गर्छन् । यहाँ ल्याइएका मनोरम पद्यले छन्दको लालित्य स्वतःसिद्ध छ भन्ने देखाउँछन् । छन्दमा अभिमुख हुनुपर्छ, अनि छन्द नसानसामा अनुस्यूत भएर आउँछन् । त्यसैले त हाम्रा

पुर्खाहरूले शब्दकोष र वैद्यशास्त्रजस्ता ग्रन्थ पनि छन्दमै निर्माण गरे ।

'छत्तीस छन्दको छहरा (२०६७) भन्ने किताब लेखेर छन्द कविताको प्रवर्धनमा विशेष रुचि देखाइसकेका कवि बमबहादुर थापा जितालीको जापानी छन्दमा नेपाली कविता (२०६४) कृतिले पनि छन्दको बहुआयामिक ज्ञान देखाउँछ । उहाँ आफ्ना थुप्रै कृति पस्केर अनेक पुरस्कार सम्मान पाइसकेका कवि हुनुहुन्छ । 'छन्दको छहारी' मा परेका उहाँका विविध छन्दका कविता पढ्दा उहाँमा सारस्वत साधना सफल रहेको देखाउँछ । अतः उहाँकै तत्परताले पनि कतिपयलाई छन्दमा कविता लेख्न लगाउला ।

अन्त्यमा– गद्य कवितामा पनि लयात्मक ध्वनिको खोजी हुन्छ, आवृत्ति हुन्छ र मनले कतै न कतै सङ्गीत खोज्छ । छन्दको रमणीयता पुराण भन्नेले, कथा भन्नेले पनि कतै न कतै स्वीकार गरेको हुन्छ अनि छन्दलाई अनावश्यक भन्नेहरूले गरेको हुन्छ । छन्दलाई अनावश्यक भन्नेहरूले पनि धर्म नमान्नेहरूले संस्कृतिका लागि भनेर दशैंमा टीका लगाएजस्तै भित्रभित्रै लय खोजिरहेको हुन्छ । यसैले छन्दको महत्व बुझेर काव्यकविताका अनुयायीहरूले यस्ता पुस्तकको चासो राख्नुपर्छ । गणहरू, पुस्ताहरू, छन्दहरूका पठन-पाठन स्कुल कलेजहरूमा नियमित गर्नुपर्छ । विद्यार्थीहरूमा अन्त्याक्षरी प्रतियोगिता आदि गराइनुपर्छ । छन्दोबद्ध कविता प्रतियोगिता, कविता वाचन प्रतियोगिता आदि पनि नियमित हुनुपर्छ । भानुभक्त लेखनाथ सम, देवकोटा, माधव घिमिरे आदि कविका अमर कृतिमा प्रेम रहोस् । यो देश छन्दोमय होस् । छन्दको छहारीमा सबै रमाउन पाऊन् । अन्त्यमा डा. बमबहादुर थापा जितालीको यो सुन्दर ग्रन्थको प्रचार प्रसार होस् ।

अन्त्यमा छन्दोज्ञान नहुनेका लागि परमावश्यक र छन्दमा रुचि राख्ने र कलम चलाउने कविहरूका लागि परम रमणीय यस्तो उपयोगी पुस्तक तयार गर्नुभएका कवि लेखक डा. बमबहादुर थापा जितालीलाई हार्दिक बधाई ज्ञापन गर्दछु साथै भविष्यमा अरू सुन्दर कृतिमा उभिएको देख्ने शुभाशा व्यक्त गर्दछु ।

कैलासकुञ्ज, बूढानीलकण्ठ, काठमाडौं

दायित्व बोल्छ !

- दायित्वमा रचना पठाउँदा ईमेल मार्फत् प्रीति फन्टमा टाइप गरी पठाइदिनुहुन,
- दायित्वमा प्रेषित रचनाहरू सूचना नगरी अन्यत्र दिएमा त्यस्ता लेखकको नाम कालोसूचीमा राखिने व्यहोरा अवगत गर्नुहुन,
- दायित्वका लागि फोटो नपठाएका स्रष्टाहरूले एक प्रति अटोसाइजको फोटो समेत पठाउनु हुन,
- कृति परिचय गराउन चाहने महानुभावहरूले परिचयात्मक लेख र एक प्रति किताब वा दुई/दुई प्रति कृति उपलब्ध गराउनु हुन,
- दायित्वलाई सुपाठ्य एवं सर्वप्रिय बनाउनका लागि विविध विधाहरूका लेख रचनाहरू पठाई सहयोग गर्नुहुन,
- दायित्वमा अत्यधिक मात्रामा लामा र बहुसङ्ख्यक समीक्षाहरू आउने गरेकाले हामीले स्थान दिन सकिरहेका छैनौं । यसतर्फ समीक्षकहरूको ध्यानाकर्षण हुन,
- लेख रचनामा प्रकाशित विषयवस्तु तथा तथ्याङ्कहरूको सम्पूर्ण उत्तरदायित्व सम्पादक एवं प्रकाशकमा नरही स्वयं लेखकमा रहने व्यहोरा समेत अवगत गर्नुहुन अनुरोध छ ।

तिमीले जितेको युद्ध

■ जनकराज पन्त

देश हारेको वेला
तिमीले जितेको युद्ध
अँधेरी रातमा पनि
ऊ पर जाऊ न केन्द्रमा
टिलिपिली बत्तीभित्र
लाहुरेको सुस्केरा ।

बा गणतन्त्र स्थापित भयो रे !
म आएँ,
हाम्रै टोलमा सिंहदरबार छ रे !
अनि के के छ रे !
मैले तिम्रा लागि ल्याएका न्याना कपडा
अनि आमाको साडी
के कुरा गरौँ
पल्लो घरका काका अध्यक्ष भएछन्
वल्लो घरकी सानिमा उपाध्यक्ष
अनि दौँतरी सदस्य
विकास त भएछ नि बा
फकलैन्ड अनि देशकै युद्ध जितेका तिमी
बैशाखी फेर्न के गर्नुपर्ने हो कुन्नि ?
आमा !
खोल्साबाट तिमीले बोकेर ख्वाएको पानी
हाम्रो गाउँमा कहिले आउँछ कुन्नि ?
एक वर्ष पुगेको छैन
अध्यक्ष काकाले घरमा जस्ता हालिसकेछन्
उपाध्यक्ष काकीले लाभग्राहीमा
नाम पठाइसकिछन्
तिमी बैशाखी फेर्न सदस्य बन्नुपर्ने नि !
म त युद्ध हारेको मान्छे
अरबको सागरमा भेडा चराउँदा चराउँदै
दशै वर्ष बितेछ
तैपनि, तिम्रा लागि न्यानो कपडा
अनि, आमाको लागि साडी
फेरि, बैनी त पराइसँग हिँडिसकिछ !
परिवर्तन भएछ नि !

खेतालाहरू नेता बनिसकेछन्
साइकलेहरू गाडी चढिसकेछन्
चप्पलेहरू दरबार ठड्याइसकेछन्
खोइ त बा !
तिम्रा युद्ध इतिहास बोकेका खुट्टाहरू
खोइ त आमा !
खोरिया खोस्रँदा खोस्रँदा
कुर्कुच्चा फुटेका खुट्टाहरू
र, उस्तै देख्छु तिम्रा चाउरी परेका अनुहारहरू
परिवर्तन केका लागि ?
परिवर्तन कसका लागि ?

गणतन्त्र आयो भन्छन् नि !
सिंहदरबार गाउँमा छायो भन्छन् नि !
यसरी नै,
खेतलाहरूको बिगबिगी हुने हो भने
बा, आमा ! ठूलो आशा नगर
म त भेँडा चराउन अरबै जान्छु
जिउने कोशिस गर्दै गर
तिम्रा लागि कृत्रिम खुट्टा
अनि आमाका लागि धाराको जोहो गरेर
फर्की आउनेछु, गणतन्त्र नेपालमा ।

बागलुङ
हाल : प्रजिअ ओखलढुङ्गा

कथा

उपहार

■ राममणि पोखरेल

गाउँ पृथ्वीको सानो भाग । त्यहाँ यातायातका साधनको पहुँच छैन । ग्रामीण जनता पिउने पानीको अभावमा टाढाका कुवामा पानी भर्न जाने गर्दछन् । शताब्दियौँदेखि यहाँका वासिन्दाको दुर्दशा यस्तै छ । जीवनको सुविधा के हो ? कस्तो हुनुपर्छ भन्ने ज्ञान पनि उनीहरूमा पलाएको छैन । मात्र दुःखका बोझ बोकेर बाँचेका छन् । शीत, बतास र घामपानी छल्ने साना बुकुरे झुप्रामा जिउन विवश छन् । प्रकृतिले यदाकदा रिस पोख्दा या प्रकृति मातिँदा ग्रामीण जनताले कल्पना नगरेको दुःख खेप्नुपर्छ । प्रत्येक मान्छे सामाजिक र प्राकृतिक त्रासमा बाँच्न विवश हुँदो रहेछ ।

चक्रमान एक साँझ मादक पदार्थ सेवन गरेर घर आयो । छोरी र छोराले आफ्नो भाग खाएर बसेका थिए । गर्मी मौसम थियो । पानी पर्ने गम्मर गर्दै थियो । मानौँ आकाशमा कालो बादल मडारिन थालेको थियो । मुना आमाको मृत्युले चिन्तित थिइन् । गोरे पनि सुर्ताएको थियो । घरमा प्रवेश गरेको त्यस्तै आधा घण्टा बितेको थियो होला । छोरीले नरम स्वरमा बाउलाई खाना खाने अनुरोध गरी । लटपटिएको स्वरमा चक्रमानले मुनालाई भन्यो, "तँ भाइसँग बसेर पढ, म केही समयपछि आफै पस्किएर खान्छु ।" काठे गुवाले कटेरो बेरेर ज्यान लुकाएका थिए, तिनीहरूले । प्रलयकारी भूकम्प गएको त्यस्तै तीन महिना बितेको थियो । चक्रमान आफ्नै गुवालीमा सुत्ने गर्दथ्यो । छोरी मुना, छोरा गोरे र अरू केटाकेटी तलतिर काकीको घरमा आएर रात बिताउँथे ।

पेटमा जुका परेर हो कि, त्यस दिन अलि बढी पिएर हो, चक्रमानले खाना खाएको एक घण्टा नपुग्दै ह्वालह्वल्ती छाद्यो । बाहिर खाटमा बसेर पढ्दै गरेका दिदी भाइ आत्तिएर बाउलाई स्पर्श गर्न पुगे । ती दुवै डराए । प्रलयकारी भूकम्पमा घर भत्कँदा आमा गुमाएका ती दिदी भाइ बाउले छादेको दृश्यले डराएर अत्तालिँदै काकीलाई बोलाउन गए । आफ्नो घरमा केटाकेटीलाई खाना खुवाएर पढ्न बसाएर एक छेउमा बसेर सालका पातका दुनाटपरी गाँस्दै थिइन् भीमकला । केही क्षणअघि जेठाजु चक्रमानले घरमा ख्वाक्कखुक्क गरेको आवाज त उनका कानमा बज्रेको थियो । तर उनले त्यति वास्ता गरेकी थिइनन् । भीमकलाको ध्यान सामुन्ने बसेर पढ्दै गरेका आफ्ना सन्तान र गाँस्दै गरेको दुनाटपरी र सिन्कामा केन्द्रित थियो । माथिल्लो घरको सामान्य ढाकढुकको आवाजले उनको ध्यान भङ्ग भएको थिएन ।

छाद्दै गरेको जेठाजुलाई भेट्न आउँदा, उनको नाकमा छादको दुर्गन्धले असर पाऱ्यो । भूकम्पको दिनदेखि पुरानो व्यवहार जेठाजु बुहारीको छुवाछूत अर्थात्, बुहारीलाई छुन हुँदैन भन्ने भनाइ र व्यवहारलाई तिनीहरूले परित्याग या उन्मूलन गरेका थिए । जेठानी दिदीलाई घरले थिचेर मार्दा उनलाई थिच्ने काठ र ढुङ्गा माटो ती दुवै जेठाजु बुहारीले मिलेर पन्छाएका थिए । एक आम्खोरा पानी

सारेर भीमकलाले जेठाजुको टाउकामा हालेर पखाल्न लागिन्, कुल्ला गर्न लगाइन् । उठाएर बिछ्याउनामा पल्टन लगाइन् । तनक्क परेर सुत्न भनिन् । चक्रमानको छाद दुर्गन्धित भएको थियो । राम्ररी नचवाइएका भटमासका टुक्रा या कनिका जस्ता देखिन्थे, मादक पदार्थको दुर्गन्ध उस्तै थियो । पाडाको मासुका चोक्टा पनि छादमा प्रष्ट देखिन्थे । भूकम्पमा भत्केको घरको थुपारेको माटो हातले उठाई ल्याएर, भीमकलाले छाद छोपिन्, दुर्गन्ध नफैलियोस् भनेर । मुना र गोरेले पनि सिलवरे आरीमा फुको माटो बोक्न सघाए । पढ्दै गरेका भीमकलाका छोराछोरी पनि अँध्यारो छाम्दै आमा ठूलो बाउ र दाजु दिदी भएठाउँ कुद्दै पुगे । नानीहरूलाई छाडेर भीमकला घर आई । भण्डार कोठाबाट कागतीको पकाएको अमिलो शिशीबाट निकालेर एक गिलास पानीमा चार थोपा चुहाएर, त्यही पानी लिएर चक्रमानलाई पियाउन पुगी ।

रात छिप्पिदै थियो । अँधेरी पक्षका रात थिए । मातेर बिछ्याउनमा पल्टेको जेठाजुलाई सम्झाउन थाली । नानीहरूलाई सम्झाई बुझाई गरेर सुताई । चक्रमान छटपटाउँदै थियो । चकमन्न रात थियो । आकाशमा तारा चम्केका थिए । गाउँमा भुस्याहा कुकुर भुकेको आवाज सुनिएको थियो ।

भीमकलाले, चक्रमानलाई चीसो पानी पिउन पुन आग्रह गरी । मायालु पाराले उठाई र पानी पिउन दिई । ओठमा लतपतिएका छादका दाग पुछ्यो चक्रमानले । कुला गरेर पानी पियो र पुन : बिछ्याउनमा पल्टियो ।

खाटको छेउमा थचक्क बसी भीमकला र निदाउरो मुख पारेर चक्रमानलाई छामी । रुन रुन खोज्दै भनी– "तपाईंको बानी बिग्रियो । पाँचवटा सन्तानको बाउ हो तपाईं । यदि घर व्यवहार समाल्न केन्द्रित हुनुभएन भने त यो घरको जहाज डुब्छ । मर्ने त मरी गए, भूत भए । अब चिन्ता गरेर फर्कने छैनन् । बँच्नेको चिन्ता गर्नुपर्छ । सोच्नुहोस् त ? म पनि त एकल महिला हुँ । तपाईंको भाइ बितेको पनि वर्ष दिन नाघ्यो, म कसरी चित्त बुझाएर सन्तानको मुख हेरेर बसेकी छु ।" भीमकला एक्लै बरबराई, चक्रमानले सुनो सुनेन थाहा भएन । उसलाई सुनाउन खोजेकी चाहिँ हो ।

गाडी दुर्घटनामा भाइको मृत्यु भएको दुई दिनपछि दाहसंस्कार गरेको थियो । त्यो घाउमा खाटा नबसी त्यसको बर्ष दिन नपुग्दै प्रलयकारी भूकम्पमा परेर श्रीमती गुमाएपछि, एक प्रकार पागलजस्तो भएको थियो चक्रमान । श्रीमतीको काजक्रिया सकेपछि, विरक्तिएर ऊ दिउँसै मादक पदार्थ सेवन गर्न थालेको थियो । उसका गाउँले इष्टमित्र नातागोताले सम्झाएका थिए– गति नछाड, बाँच्नेको चिन्ता गर । आफ्नो सन्तानको मुख हेरेर चित्त बुझाऊ । वर्ष दिन नाघेपछि, एक जना महिला साथी खोज । घर व्यवहारको सन्तुलन मिलाउनपर्छ । निराश भएर हिँड्नुहुँदैन । तिमी आफै जानिफकार छौ । सोच सम्झ विचार पुऱ्याऊ ।' उसका एक जना मामा थिए । उनले त धेरै कुरा देखाएर सम्झाएका थिए । तिमी यी पाँच सन्तानको भविष्य निर्माता छौ । एउटी त केटालाई जिम्मा लगायौ, चार जना त तिम्रै साथ छन् नि ! यिनलाई पाल्ने र बाटो देखाउने कर्तव्य तिम्रो हो ।

काकाको छोरा भाइ डम्बरले भनेको थियो– "भाउजूको काज काम गर्न दिएको रकमले एउटा सन्तानलाई बोर्डिङ हाल । त्यो भत्किएको घडेरीमा अर्को घर नबनाऊ, अन्तै सारेर घर बनाऊ । भूकम्प तिम्रो घरमा मात्र आएको होइन । प्रलयकारी भूकम्पले झन्डै पाँच हजार मानिसको ज्यान लियो । मेरी भाउजू, तिम्री पत्नीले मात्र ज्यान गुमाएकी होइनन् । प्राकृतिक सङ्कट यदाकदा पर्छ नै ।

धेरै मानिसलाई कालको कार्यालयले बोलायो । धेरै मानिसले ज्यान गुमाए । कयौँ घाइते र अपाङ्ग भए ।'

त्यस रात मातेर लटिएकै भरमा चक्रमान निदाएको थियो । बिहान सबेरै उठ्यो । पालेको दुहनी गाईलाई घाँस दियो । परेवाको खोर उघाऱ्यो । नियमित कर्म गरेर दलानमा टुसुक्क बस्यो । छोराछोरी उठिसकेका थिए । बुहारीले तल्लो घरवाट, चिया पकाएर ल्याई । चक्रमानको हातमा थमाइदिई । जेठाजुबुहारीका आँखा जुधे, शरीर स्पर्श भयो । एक अर्कालाई मायालु पाराले पुलुक्क हेरे । अघिल्लो दिनको छाद सम्झेर चक्रमान लज्जित जस्तो भयो । हातको कपको चियाले ओठ र जीब्रो पोल्दै, भीमकलाको अनुहारमा हेर्दै लज्जित भएजस्तो गरेर भन्यो– "मेरो व्यवहारले गाउँ हँसायो, परिवारलाई अपमानित गऱ्यो होइन ? छोराछोरीलाई मानसिक चिन्ता पनि बढायो ।" भीमकला मुसुक्क हाँसी र घोसे मुन्टो पारेर लाज मानेजस्तो गरेर भनी– "त्यो त तपाईं आफै बुझ्ने नि, म के जान्नु" । ऊ आफ्नो घरको भान्सा कोठातिर छिरी ।

दिनभरिको परिश्रम, रातको दारुपानी धोकाइ, मनमा उठेका पीरवेदनाका बेथा मनमा खेलाउनु जीवनका बाध्यता थिए । भूकम्पमा ज्यान गुमाएकी श्रीमतीको सम्झना यस्तै थिए, चक्रमानका दिमाग चक्कराउने विषय । भाइबुहारी भीमकलाले देखाएको उदार व्यवहार सेवाले पनि उसको मानसिक चिन्तामा केही कमी भएको थियो तर पनि ऊ दारुपानी र चुरोटको अम्मली भएको थियो । छोराछोरी यस्तो गलत व्यवहारको विरोधमा थिए । समस्या र असन्तोषले बाँधिएका थिए ।

दुर्घटनामा परेर बितेको भाइ कनकरामको घाउ पुच्छाउनी रकमको लागि एकपल्ट सदरमुकाम जानुथियो उनीहरूले । प्रशासनमा कागजपत्र बुझाएपछि भीमकला नजाँदा पनि हुन्थ्यो । तर उनका मनमा अनेकौँ तरङ्ग र शङ्का उठेका थिए । पैसा हात परेपछि कहीँ जेठाजुले घरै छाड्ने हो कि ! सदरमुकाम कतिपल्ट धाउनुपर्ने हो, ठेगान थिएन । एक घण्टाको बाटो पैदल पार गरेपछि बस चढ्ने स्थानमा पुगिन्थ्यो तर बसको नियमितता थिएन । अर्को भूकम्पले बाटो बिगारेकोले बस या ट्रक कमै गुड्दथे । एकपल्ट प्रशासनमा कागजपत्र बुझाएपछि, सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा नगद बुझ्न पाइने कानुनी व्यवस्था रहेछ । भीमकला पनि सतर्क भएर अड्डा पुगी । दुवै जेठाजु बुहारीले आँखाबाट आँसु झारे । "चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी" भन्ने उखान कनकरामको जीवनमा ठ्याक्कै मिल्न गयो । यातायातको नियम अनुसार रकमको माग भयो । लगभग पन्ध्र दिनपछि हामी तपाईंहरूलाई सूचना पठाउँछौँ । चासो राखेर बस्नुहोला, कर्मचारीले सल्लाह दिए । उनीहरू दुवै जेठाजु बुहारी पैसा पाउने आशामा घर फर्केका थिए ।

वर्षा बित्यो । हिउँद लाग्ने समय नजिकियो । वर्षाले पिनापु डाँडालाई राम्ररी पखाल्यो, भनौं सफा गऱ्यो । वर्षाको भेलमा भूकम्प पीडित परिवारले दुःखले दिन बिताए । यहीबीच तीनवटा साना बालबच्चाले ज्यान गुमाए । उपचारको अभावमा घाइतेहरूले रोएर दिन काटे । यही समयको हाराहारीमा, एक जना सर्वोच्च नागरिकले आफ्नो आयको हिस्सा लगभग तीन लाख रुपैयाँ पशुपतिनाथका पुजारीका परिवारलाई चन्दास्वरूप दिएको खबर पनि प्रचारमा आयो तर ती प्रलयकारी भूकम्पमा परेका सङ्कटले बेरिएर मुस्किलले ज्यान बचाएका अपाङ्ग, रोगी व्यक्तिहरूले यदि त्यो पुजारीलाई दिइएको रकम पाएको भए, तीस जनाले जीवनदान पाउन सक्थे भन्ने पनि आशा राखेका थिए पिनापु डाँडाका वासिन्दाले ।

जाडाले कठ्याङ्ग्रिएर अब कति जनाले पिनापु डाँडामा आफ्नो अमूल्य जीवन गुमाउने हुन् त्यसको लेखाजोखा थिएन ।

दुई ज्यान गुमाएको परिवार थियो चक्रमानको । कसैको अनुहारमा उज्यालोपना थिएन । सामान्य त जीवित वस्तुको मात्र अस्तित्व देखिँदो रहेछ । मृतकको सम्झना रह्योमात्र । दिन बित्दै गएर भूकम्प गएको वर्ष पुग्यो । उचित राहत भएन । पिनापु गाउँका तीनवटी केटी हराए । उमेर पुगेका युवतीहरूलाई फकाएर लिएर गएको पाँच महिनासम्म अत्तोपत्तो थिएन । सम्पर्कविहीन थिए तिनीहरू । गाउँमा चासो बढेको र सतर्कता बढेको थियो । नौला मान्छे यदि गाउँ पसे भने, प्रहरीलाई सूचना दिनुपर्छ भनेर गाउँभरीका जनतालाई सतर्क पारिएको थियो । सूचना सुनाइएको थियो ।

चन्द्रमायाको वर्षै दिन निकटिदै थियो । दुना टपरी गाँसिदै थिए, खर्चको व्यवस्था गरिँदै थियो । एक रात भीमकलाले सपनामा, आफ्नी जेठानी दिदीलाई देखी । पानीसँग भेट नभएका मैला कपडा शरीरमा भिरेर, आफैले लिपपोत गरेको घरको आँगनको छेउमा उभिएकी रहिछन् । आँखा जुधे पनि बोलाचाला हुन भ्याएनछ । उनी बिउँझिइन्, उनले सम्झिइन् ठीक एक वर्षअघि मेरी जेठानीदिदी चन्द्रमायाको प्राण यही घरको भित्र समाप्त भएको थियो । मृत्युवरण गर्नुभन्दा तीन महिनाअघिको एक बिहान जेठानी देउरानी बीचको भनाभन सम्झी उसले । प्रत्येक मानिसको एउटा स्वभाव हुन्छ । आफ्ना सन्तानको पक्ष लिने गल्ती कमजोरीको उचित मूल्याङ्कन नगर्ने । एक बिहान मिनिरल वाटरको बोतलको निउँमा आँगनमा दाजुभाइका समान उमेरका केटाकेटीलाई गाली गर्ने र सम्झाउने गरेकी थिइन् । विवादको मुख्य निउँ नबुझिकन चन्द्रमायाले आफ्नी देउरानी भीममायालाई आफ्नै तालले, आफ्ना केटाकेटीको पक्ष लिएर गाली गरेकी थिइन् । "डलर हात पार्छु पक्का भवन बनाएर शहरमा गएर बस्छु भन्ने लोभ र आशामा राँडीले पोइलाई विदेश पठाउन आँटेकी थिई । बिचरा पोइले बाटोमै जिब्रो टोक्यो । तर पनि घाउ पुछ्राउनी केही रकम पाउने भएकी, छ, त्यै पैसा पाउँछु भनेर सन्किएकी मातिएकी अर्काका छोरछोरीलाई हात लगाएकी राँडीका हात झरून् ।" ती जेठानीले आफूलाई भनेका वचन उसका कानमा पुनः गुञ्जन पुगे । उनलाई सपनाजस्तो लागेन ।

ती जेठानीदिदीका तुच्छ वचन आफ्ना कानमा बज्रँदा पनि, भीमकलाले कुनै रुखो प्रतिक्रिया जनाएकी थिइनन् । किनभने लोग्ने अघि लागिसकेको थियो । उनको पक्षमा केही गरिदिने बोलिदिने उसको जेठाजुमात्र थियो । उसलाई चिढाएर, कसको पछि लाग्नु भन्ने थियो उनलाई । जेठानीदिदीका कटु वचनले मुटुमा नै गाँठो परेको भए पनि उनले मौन भएर पचाएकी थिइन् । मेरो पनि घरमा आड अडेसो गर्ने पोइ भएको भए ता चिरपट दाउराले हान्ने सोचेकी थिइन् । तर परिस्थिति त्यस्तो भएन ।

आज सपनामा एक्कासि जेठानी दिदीलाई देख्ता ती दिदीले प्रयोग गरेका शब्द पनि दिमागमा तरङ्गित हुन आए । प्रलयकारी भूकम्पको वार्षिकी मनाउने क्रममा धेरै ठाउँमा आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली सभा गरियो । पिनापु डाँडामा पनि यस्ता कार्य गरियो । यस्ता कार्य मानव सन्तुष्टिको लागि पनि गरिँदा रहेछन् ।

चन्द्रमायाको वार्षिकी चक्रमानले पुरेत बोलाएर यज्ञयज्ञादिपूर्वक सम्पन्न गऱ्यो । त्यस कार्यको बाहिरी अगुवाइ चक्रमानले गऱ्यो भने आन्तरिक व्यवस्थापनको अगुवाइ भीमकलाले गरी । केही आफन्तहरू पनि घरमा आएका

थिए । छुटिएर बसेकी एकल महिला भाइबुहारी भीमकलाले जेठानीदिदीको वर्ष दिनमा गरेको कामको चाँजोपाँजो र परिश्रम हेरेर, आउने निम्तालु आश्चर्य चकित हुनुका साथै खुशी भएका थिए । यसरी चन्द्रमायाको वर्ष दिने कार्य सम्पन्न गरिएको थियो ।

जेठानीदिदी चन्द्रमायाको वर्ष दिनमा आएका पाहुनाहरूलाई कोसेली पात गरेर सबैको चित्त बुझाएर पठाई भीमकलाले । गुनासो गर्ने मौका पाएनन् पाहुनाहरूले ।

एक रात भीमकलालाई निद्रा परेन, माइतको याद आयो । सेता लुगा लगाएर बसेको एक वर्ष त्यसपछिको भूकम्पको आपत दशैँ तिहार, माघेसक्रान्ति माइत गइन ।

उसले सोची– बूढी सत्तरी वर्ष माथिकी आमा, दाजु, भाउजू, भाइ, बुहारी छन्, एकपल्ट चार दिनको लागि पुगेर आउँछु । जेठाजुलाई सोध्नुपर्ला या अनुमति लिनै पर्ला । पुरुषहरू रातबिरात मातेर जहाँ पनि दौडन्छन् त ? हामी स्त्रीजातिले होस पुऱ्याएर हिँड्नुपर्छ, यी लालाबालालाई पकाई खुवाउनै पर्छ, विद्यालय जान सामान तयार पारिदिनै पर्छ । कपडा पनि धुनै पर्छ । फेरि यो भूकम्पले पँधेराको पानी पनि सुकाइदियो । पानी बोक्न टाढा जानुपर्छ ।'

भोलिपल्ट बिहान उठेर भीमकलाले घर कस्यार लगाई । चीया पकाएर जेठाजु लगायत केटाकेटीलाई पियाई । चक्रमान दलानको छेउमा उभिएको थियो । आफ्नो घरको भान्साकोठाबाट गएर, नजिकै उभिई लजालु भएर । पुलुक्क जेठाजुका मुखमा हेरी र केही डराएजस्ती भएर भनी– "केही दिनको लागि माइत जाउँ कि भनेको, आमा बिरामी हुनुहुन्छ रे ! माइत नगएको पनि धेरै समय भयो । केटाकेटी सुर्ताउलान् हजुर बाहिर नगए राम्रो हुन्थ्यो । उनीहरूको रेखदेख पनि हुने बिन्ती बिसाउन उभिएकी हुँ ।"

चक्रमानले अव्यक्त पीडा प्रदर्शित गऱ्यो । भित्रभित्रै कुँडिएजस्तै भयो, जाऊ भन्न पनि सकेन । पर्दैन नजाऊ भन्न पनि हिम्मत गरेन । अप्ठ्यारो मानेर घोरिँदै भन्यो– "जान त जाऊ, कति दिनमा आउँछ्यौ त ? ढिलो नगर । नानीहरू सुर्ताउछन् ।" यति भनेर उसले भीमकलाको शरीर सर्वाङ्ग नियालेर हेऱ्यो ।

जान त अनुमति नपाएकी भए पनि जाने थिएँ । शिरानी राखेकी मात्र हुँ भनेर मनमा कुरा खेलाउँदै ऊ घरमा भित्रिई थान्कोमुन्को गर्न थाली भ्याइनभ्याई ।

हिँड्ने समयमा चक्रमानलाई सूचना गरी– "चामल, मकैको सामल, कोदाको पीठो, डालामा राखिदिएकी छु, पालोपालो पकाएर खानू । सिन्की गुन्द्रुक र मस्यामको दाल पनि बट्टामा राखेकी छु । आमाको मुख हेरेर मात्र भए पनि छिट्टै आउँछु ।"

भीमकला माइत पुग्दा आमा दाजु, भाइ, भाउजू बुहारी सबै खुशी भए । पैसा कमाउन विदेश त अरू व्यक्ति पनि गएका छन्, जाँदै छन् । मेरै ज्वाईंलाई चैँ बाटैमा मर्न जुरेको रहेछ भनेर आमा रोइन् । नजिकै बसेर आमाले आँखाबाट झारेका आँसु हेरी भीमकलाले र भनी– "अब आमा खाटा बसेको घाउ नकोट्याउनुहोस् । मेरा आँखाबाट धेरै आँसु बगेका छन् ।"

माइतमा निकै प्यार माया पाई भीमकलाले । एकल भएपछिको पहिलो भेट थियो माइतीसँगको । कनकराम काम गर्न विदेश जान लाग्दा बाटोमै दुर्घटनामा बितेका थिए । माइतीहरू साथै गाउँका छिमेकी पनि खुसी भए, यो सूचना सुनेर । सिन्दुर पुछिए पनि केही रकम पाइछौ, धन्यवाद । के गर्नु त, पहरामा लडेर बितेको भए पनि चित्त बुझाउनुपर्दथ्यो । दैवको खेल यस्तै भयो ।

हिँड्ने समयमा बूढी आमाले अर्ति दिइन्– "उमेरदारी छस्, बालबच्चा सानै छन्, जेठानी दिदीको मृत्युपछि जेठाजु विरक्तिएका होलान् । पुरुषको मन थामिन गाह्रो हुन्छ, होस गर्नू । उमेर पापी हुन्छ, दायाँ बायाँ नगरेस् । दमको रोगले चापेको छ, म त अब आज कि भोलि छु । नराम्रो कुरा दाग लाग्ने कामबाट जोगिनु ।"

भीमकला आमाका कुरा सुनेर खिसिक्क हाँसी, केही बोलिन । आमाको अनुहार र बूढो हाडछाला मात्र भएको दमले निलेको शरीरलाई अन्तिम दर्शन गर्दै बाटो लागी घरतर्फ ।

दाजुहरूले एकसरो लुगा र बाटाखर्ची दिएर कोसेलीसहित भीमकलालाई बिदा गरेका थिए ।

एक सातामा घर आउँदा, घर लथालिङ्ग भएजस्तो आभास भो उनलाई । पकाउन नजानेर काँचो कचिलै खाएछन् नानीहरूले । चक्रमान मात्न थालेछ फेरि । एक साँझ भीमकला र चक्रमानको भनाभैरी भयो । आँखा राता पारेर मुख चलाए दुवैले । भीमकला आक्रामक थिइन् भने चक्रमान रक्षात्मक देखियो । त्यहाँ भएका सन्तान सबै आमा या काकीको पक्षमा उभिएका थिए ।

चक्रमानले नरमाइलो अनुभूति गऱ्यो र आफू परिवारमा एक्लो भएको महसुस गऱ्यो ।

ती दुवै जना चक्रमान र भीमकलाका आयश्रोतले गति लिए । भूकम्पमा ज्यान गुमाएको घर भत्केकोमा ढिलोचाँडो राहत लिएर अर्को घर निर्माण गरेर बस्नु थियो । राहतका चरण चरण थिए । उता भीमकलाले पाउने सहयोग रकम पनि सम्बन्धित जिल्लाको प्रशासन कार्यालय मार्फत् आउने करीब निश्चित थियो । प्रथम किस्ता पाइसकेकी थिइन् ।

दुवै जनाले तरिका जान्दा व्यवस्थापन गर्न सक्ता प्राप्त श्रोतको परिचालन गर्दा, ती एकातिर आमा गुमाएका अर्कातिर बाउ गुमाएका बालबच्चाको भविष्य सुखमय नै हुने सम्भावना थिए । त्यो ठाउँ छाडेर अन्यत्र बसाइँ सर्दा पनि जीवन सुखमय नै हुन सक्ने सम्भावना प्रशस्त थिए । भोलि कसरी उज्यालो होला भन्ने विषय लिएर जति चिन्तित भीमकला देखिन्थिन्, चक्रमान त्यति सम्वदेनशील थिएन । प्रत्येक दिन चक्रमान ढिलो घर फर्किन्थ्यो । एक टुक्रा अन्धकारले गाउँ छोपेको थियो । आकाशमा तारा फल्दै थिए । वर्षाको हिलो पानी झरी भए पनि रात सफा देखिन्थ्यो । न जाडो न गर्मीका दिन थिए । विगतमा दशैँ तिहार निराश र शोकमा बितेका थिए, यसपल्टको पर्व रमाइलो हुने छाँटकाँट देखिएको थियो ।

केटाकेटीलाई खाना खुवाएर भीमकला कोठामा बसेकी थिइन् । यी मान्छे बराला भए, कसरी यिनलाई ठेगानमा ल्याई काम लगाउनु । म माइत गएका बेला त यी छोराछोरी भोकभोकै सुते होलान् । यतिखेरसम्म कस्तो घर बिर्सन सकेका त भनेर भुटभुटिरहेकी थिइन् । माया पनि दिन सक्तैनन्, घर व्यवहार बिगारिसके, आफ्नो पुरुषत्व देखाए पनि त हुने नि ! आभागी रहिछु, मेरा वेदना कसले सुन्ने र बुझ्ने पुरुषहरूले महिलाको मार्का बुझ्ने दिन कहिले आउला ? छाडेर हिँड्न पनि यी सन्तानको माया लाग्छ । अर्कोसँग जान पनि आँट आउँदैन । महिलाको कुनै धर्म, संस्कृति, जात हुँदैन भन्दथे, त्यस्तै हो कि के हो ? यदि मेरा बाउले मलाई विदेशको केटालाई सम्पर्क गरेर दिएका भए म त्यै देशकी नागरिक बन्ने थिएँ । त्यै देश मेरो प्यारो हुने थियो । चक्रमान नशालु पदार्थले मातिएर आउँदा हुन् । आफू खाएर बस्न पनि मन मान्दैन । फुटेको चुलो जोड्न हुँदैन थियो । समय तीव्रगतिले बढिरहेछ । आफ्नै गतिमा यिनै पुरुषको पछि नलागी यो पाउनुपर्ने रकम हातलागि गर्न पनि कठिन छ, शरण पर्नै पऱ्यो । यी नानीहरू

बिरामी हुन्छन् । मभन्दा तेह्र वर्ष जेठा छन्, यिनकै बिछ्याउना तताउन पाए पनि उचित हुन्थ्यो । यी सन्तानको भविष्य त सुध्रने थियो । यी जेठाजुले अर्की स्वास्नी नभित्र्याई बस्न सक्दैनन् । म आँट गरेर पोइ खोज्न जान सक्दिनँ । कस्तो विषय रहेछ, हामी महिलाको जीवन नाता सम्बन्धको त्यान्द्रो चुँडालेर हिँड्न पनि सकिँदैन । विगतले सराप्छ, भविष्यले व्यङ्ग्य गर्छ । भीमकलाका आवेग आक्रोश, बिलौना उनका दिमागमा सल्बलाइरहन्छन् ।

अन्धकार रात छ । कतै भुस्याहा गाउँले कुकुर पनि भुकेको सुनिँदैन । जुत्ताले धरती टेकेको आवाज कानमा पर्छ । तीखा आँखा पारेर भीमकलाले बाहिर अँध्यारामा कुदाउन खोजिन् । एउटा कालो आकृति आफूतिर आउँदै गरेको देखिन् । बिछ्याउनामा पल्टेकी उनी उठेर थचक्क बस्छिन् । कालो आकृति फटाफट कोठामा प्रवेश गर्छ । दायाँ बायाँ नहेरी आफूलाई गाँज्न आए झैँ लाग्छ । उनी केही बोल्न भ्याएकी हुन्नन् । कालो आकृतिले अँगालो मारे झैँ लाग्छ । भीमकला चिच्याउँदा पनि मौन हुन्छे । मैले हातपात गर्दा विरोधमा कराई भने म घर छाडेर भाग्दिनँ, पञ्चायत राख्ने हिम्मत गर्न सक्दिनँ । जे होला हिम्मती भएको थियो चक्रमान ।

कालो आकृतिले उसलाई निकै समय थिच्छ । उनी प्रतिरोध गर्न सक्तिनन् चाहन्नन् पनि । त्यो कालो आकृतिलाई उनी निकै बेरसम्म चिन्न सक्तिनन् । चिनेपछि पनि प्रतिरोध गर्न चाहन्नन् । मानवोचित कर्म गर्न ऊ सफल हुन्छ । लथालिङ्ग भएका शरीरका कपडा समेटेर उनी दायाँ बायाँ नहेरी आफ्नो कोठामा पल्टिरहन्छिन् चुपचाप । चक्रमानले त्यो दिन बाहिर के खाएको थियो, थाहा छैन । घरमा खाने चेष्टा गर्दैन । भीमकला उसलाई खाना खान अनुरोध पनि गर्दिनन् । उनलाई सपनाजस्तो लाग्दछ ।

नियमित समयमा चक्रमानले बिछ्याउन छाड्यो । छोराछोरी पनि उठेर नित्यकर्ममा लागे । चक्रमानले आफूलाई शारीरिक र मानसिक रूपले चङ्गा पायो । तर भीमकलाले अन्य दिनजस्तो छिटै बिछाउन छोडिन । सामान्य रूपमा शरीर फुर्तिलो भए पनि मानसिक रूपले कमजोर महसुस गरी, सामान्य प्रस्तावबाट नै यस्तो कर्म गरिएको भए पनि उचित हुने थियो । यो एक्कासिको आक्रमण उचित भएन । घीनलाग्दो भयो भन्ने सम्झी, अल्छी मानेर सुतिरही । चक्रमान र छोरीछोराको प्रतिक्रिया पनि बुझ्नुथियो । चक्रमानले नजिकै आएर भीमकलालाई नियालेर हेऱ्यो । तर केही बोलेन । पश्चात्ताप भएजस्तो पनि गरेन । 'अँध्यारोको काम दुई हातले छाम' भनेजस्तो भयो उसलाई । पिनापु डाँडामा हिउँद लागेको सङ्केत देखिएको थियो । वन, पहाड रमाइला हुँदै थिए । चक्रमान आँखा तरेर बाटो लाग्यो । भीमकलाका चेतना नलुकाएका आँखाले एक नजर लगाए ।

छोराछोरीले आमालाई उठाउन खोजे । भीमकलाले बिछ्याउना छोड्न चाहिन । आँखा पिलिक्क पल्टाएर तिनीहरूलाई हेरी । ''खाजा बनाएर खाओ मलाई आराम गर्न देओ'' भीमकलाले भनी ।

उसको भित्री दिलको चाहना थियो, कालो रातको फाइदा लिनेहरूले उज्यालो दिनको मार्का पनि बुझ्न सक्नुपर्छ । चक्रमान आऊन् स्पर्श गरून् माया देखाऊन् । त्यही आक्रमण उचित होइन । आपसी माया ममता मानवीयता मनुष्यत्व गुण हो । उनका दिमागमा यस्तै कुरा सल्बलाएका थिए ।

घाम झलमल्ल लागे । काँचो कचिलो भए पनि खाना पकाएर, खाएर केटाकेटी विद्यालयतर्फ लागे । बोकापाठा चक्रमानले बाहिर साऱ्यो । डालेघाँस झुन्डायो । गाई दुयो । भीमकला

रिसाइन् भन्ने भयो उसलाई । उनले हल्ला गरी भने मेरो के हालत होला भनेर तर्सियो पनि । दोहोरो स्वास फेरेर भीमकला कोठामा लम्पसार थिई । निकै समय गम खाएर चक्रमान डराई डराई भीमकलाको कोठामा प्रवेश गऱ्यो । उसको शरीर शीताङ्ग भएको थियो । विवशता पोखिएर आँखा लठिएजस्ता भएका थिए । उसले पीडा महसुस गऱ्यो । भीमकला सुतेको खाटको छेउमा गएर टुसुक्क बस्यो । कोठाको निरीक्षण गऱ्यो । भीमकला कोल्टे परेर पल्टेकी थिइन् । चक्रमानले डराई डराई आफ्नो बलियो हातले उनको पिँडुलामा समायो । गोडा झट्कारी भीमकलाले । चक्रमानले भन्यो– "तिम्रो नारी शरीरलाई धेरै दिनदेखि माया गर्दै आएको थिएँ, भन्नमात्र नसकेको । मैले आफूलाई भ्रममा राख्न सकिनँ । तिम्रो यो भौतिक शरीरलाई हेरेर र स्पर्श गरेर मात्र आफूलाई सन्तुष्ट बनाउन सकिनँ । तिमीलाई स्वीकारै छैन भने माफ माग्दछु । यस्तो कर्म पुनः दोहोरिँदैन । स्वीकार छ भने जीवन साथै चलाऊँ । मेरो जीवनमा तिमी उपहार भयौ ।"

'जीवन साथै चलाउँ' शब्द कानमा गुञ्जनेबित्तिकै भीमकला छटपटाएर उठी । लामो जिब्रो झिकेर रिसाउदै भनी– 'मातेर आएर अर्कालाई अप्ठ्यारो मार्ने, पहिला जानकारी नदिइकन हमला गर्ने राक्षसी पाराले ।' भन्दै उठेर बाहिर निस्की । पछि पछि चक्रमान पनि बाहिर निस्कियो ।

शारीरिक र मानसिक रूपले तिनीहरू दुवै जना एक आपसमा नजिकिएको प्रमाणित हुँदै थियो । मानिस अज्ञानी हुनु नै सुखी हुनु हो त ? ज्ञान र अनुभवले यी दुई जेठाजु बुहारी एक भएका हुन् कि अज्ञानताका कारण जोडिन पुगेका हुन् । यसको मूल कारण थाहा थिएन । त्यस दिनदेखि ती दुवै जना बाहिरफेर हिँड्न खुल्ला भएका थिए । दुवै पट्टिको राहतको चाँजोपाँजो मिलाउन पाए त भविष्यको आफ्नो व्यवहार सहजै सोभ्याउन हुन्थ्यो । चक्रमान र भीमकलाको जीवनले नयाँ रौनक थपेको थियो । समाजले ठड्याएको चोर औँलाको तिमीहरूले चासो राखेका थिएनन् ।

दिनहरू बित्दै गए । दुवै जनाको घरायसी व्यवहार बेग्लै हुन थाल्यो । सन्तानहरू साझा भए । भीमकलालाई उपहारको रूपमा लियो चक्रमानले । गाउँमा चर्चा थियो, कहीँ चक्रमानले भाइको रगत लतपतिएको पैसा कुम्ल्याएर बिचरी बुहारीलाई अलपत्र पार्ने हो कि ? अर्कातिर ती जेठाजुबुहारीको मिलेको व्यवहार देखेर केही लसपस भयो कि भन्ने शङ्का पनि थियो । यसलाई पँदेर्नीगफ भन्दा पनि हुने । तर वास्तविकता अर्कै थियो ।

पिनापु गाउँबाट माघेसक्रान्तिको दिन कोशी नुहाउन जाने महिलाको ताँती थियो । भीमकला पनि बाटो लागेकी थिइन् । माघेसक्रान्ति हिन्दू धर्मालम्बीको एक प्रकारको तिलौरा खाने पर्व मानिन्छ । पानीमा डुबेर बाहिर निस्कँदा त्यहाँ स्नान गर्न पुगेका महिलाका नजर भीमकलाका शरीरमा जोतिए । ढाडिएको शरीर नियाले महिलाहरूले । एक आपसमा मुखामुख गरे उनीहरू भीमकलालाई देखेर तर प्याच्च मुख फोरेर भन्न गाह्रो मानेर हिचकिचाए । गाउँलेमध्ये अलि छिचरी थिइन् पुच्छारेघरे कृष्णमाया । नुहाइसकेर लुगा फेर्दै गर्दा पुलुक्क भीममायाको मुखमा हेरेर भनिन्– "भीमाकान्छी, पोइले स्वर्गको बाटो ततायको त धेरै समय बित्यो त, तिम्रो शरीर त ढाडिएजस्तो छ नि के हो, जेठाजुकै वीर्य थाप्यौ कि अरूको ओछ्यान ततायौ ? निको छाँट छैन नि ।"

भीममाया लाजले बोल्न सकिनन् । उनी निदाउरी भइन् । सत्यतथ्य बताउन चाहिनन् । हतार हतार गरेर चीसा लुगा पोका पारेर

फट्को मार्दै बाटो लागिन् । उनी बाटो लागेपछि त्यहाँ भएका महिलाहरूले विभिन्न अड्कलबाजी र प्रतिकृया जनाए । "नमरी बाँचे दैवले साँचे, यो दुनियाँमा के के देख्न सुन्न पाइन्छ अचम्म !" चक्रमानले दारुपानी खान छाड्यो भनेर गाउँमा भन्दथे, यही कारण पो हो कि के हो ? भीमकलाको ओछ्यान तताउन पाएर, दारु पिउन छाडेको हो त ?

सुकेको बाबियोमा आगो लागेर बले झैँ यो कुरा माघ एक गतेबाट प्रारम्भ भएर दश गतेसम्म चारैतिर फैलियो । धेरै व्यक्तिका कानमा कुरा पुग्यो । गाउँका बूढापाकाले चक्रमानलाई भने– 'नयाँ काम पो गरिछस् त, भतिज ।'

"के नयाँ काम भन्नु काका ! एउटा एकल महिलालाई, एक विधुर पुरुषले संरक्षण गर्न खोज्यो उसका सन्तानको भविष्य बनाइदिन चाह्यो यति त हो नि ।"

गाउँघरमा आलोचना भयो । निन्दा गरे भनेर तिनीहरू निराश भएका थिएनन् । अघि देवताका पालामा पनि यस्ता काम भएका थिए । 'पाँच पाण्डवकी एउटै श्रीमती थिइन् द्रौपदी । अहिले पनि हिमाली क्षेत्रमा कुनै जातिमा तीन दाजुभाइले एउटै महिलालाई श्रीमती बनाउने चलन छ ।' लक्षमन बाजेले सम्झाएर भने । चक्रमानले कुनै उत्तर दिन चाहेन । मौन भएर ती काकालाई आँखा फर्काएर हेऱ्यो । मनमा कुरा खेलायो, यति कुरा बुझ्ने मानिस गाउँमा दश जना जति भए त मलाई सहयोग पुग्थ्यो ।

भीमकलाको शरीर डोलिँदै गयो । गालामा पोतो बस्यो । गाउँका महिलाहरूको तीखो र असभ्य आलोचनाले, ती दुवै नयाँ दम्पती चक्रमान र भीमकलालाई खास प्रभाव परेन । तिनीहरूले हाँसेर टारे पचाए, कतै बोलेर कतै नबोलेर । मूल्यहीन आलोचना र चोट सहेर साहसी भएकी थिइन् भीमकला । उनीहरूले भूकम्पको राहतबाट गतिलो घर बनाए, बसाइ जाने विचार त्यागे । आलोचनाका शब्दहरू गाउँमा कम भए । कनकमानको घाउ पुछाउनी रकमले छोराछोरी गतिलो विद्यालयमा पढाउन थाले ।

सूर्य उत्तरायण हुन्छन्, मकर सङ्क्रान्तिमा भनेर पनि भनिन्छ । धार्मिक र सामाजिक दुवै दृष्टिले यसको महत्व छ भनिएको छ । कोशी स्नान गर्न जाँदा वास्तविकता खुल्ने घटना र व्यवहार पनि गाउँमा हुँदो रहेछ ।

मिति : २०७४/११/१३

शाश्वत सत्य

■ मुकुन्द न्यौपाने

श्रीकृष्ण दिनरात म भन्न पाऊँ
तिम्रै शरणमा अब चित्त लाऊँ
उपासनामा म सधैँ रमाऊँ
उद्धारकर्ता तिमी नै समाऊँ ।

मलाई छैन रिसराग कसैको
म पिउँछु रस श्रीकृष्ण एकको
अनेकतामा म खुशी सजाउँछु
म एकमा एक मिली बिताउँछु ।

म लोभ स्वार्थीपनमा रमीकन
अकर्मको मोह पिएर बस्दिनँ
यो देह आखिर क्षणभङ्गुरै छ
शाश्वत र सत्य पनि एक नै छ ।

लाजिम्पाट

यस्तो नहोस्

■ बीपी शाही

उनीको बेवास्तामा
मेरो वास्ताले
के नै अर्थ रह्यो र !
उनीप्रतिको वास्तामा
मप्रतिको बेवास्ताले
के नै अर्थ रह्यो र !
दशकौं बित्यो
यस्तै वास्ता र बेवास्तामा ।

तर पनि
जीवन चलिरहेकै छ
आ-आफ्नै तालमा
घर त
बगैंचाका रङ्गीन फूलहरूले
स्वर्गको अनुभूति दिइरहेकै छन्
घर पनि मनमोहक बगैंचा जस्तै हुनुपर्ने हो
तर यहाँ
थुप्रै घरहरू छन् उजाडिएको बगैंचाजस्तै
न त्यहाँ मनमा खुशी छ
न त तनमै आनन्द,
त्यस्तै घरहरूमा पर्छ मेरो पनि
भनिन्छ,
शिक्षितहरू व्यावहारिक हुन्छन्
कहीँ आ-आफ्नै घमण्डले
आफू ठीक अरू सबै बेठीक सम्झन्छन् कि ?
त्यसैले,
एकको वास्तामा अर्कोको बेवास्ताले
चलिरहेछ जिन्दगी अहिलेसम्म ।

भोलिको दिन कसैलाई थाहा हुँदैन
समयको चक्रले
कहाँबाट कहाँ पुऱ्याउँछ
त्यो भन्न कहाँ सकिन्छ र !
एक अर्कामा समझदारी जहाँ छ,
त्यो घर नै स्वर्ग समान हुन्छ भन्छन्
मेरो कोशिस सधैँ असफल
उसको आनन्द र रमाइलोको लागि
सबथोक त्यागिदिएको छु
मात्र म फकीर सरी
जीवन यापन गरिरहेछु ।
तर पनि,
मेरो वास्तवमा सधैँ सधैँ
बेवास्ता गरिरहेको हुन्छ
आफ्ना सन्ततिले भोलि के भन्ला
त्यसको चिन्ता ममामात्र सीमित छ
छरछिमेकले भेउ पाउला
समाजले के भन्ला भन्ने चिन्ता पनि
मैमाथि छ
मेरो मनमा जलन छ, छटपटी छ
भुसको आगो झैँ सल्किरहेछ
आखिर जिन्दगी दुई दिनको न हो'
सुख शान्तिमा रमाऔं किन भन्दैन र गर्दैन
सधैँ मेरो वास्तामा बेवास्ता भई
किन रमाउन चाहन्छन् सधैँ सधैँ
म भगवान्सँग प्रार्थना गर्दछु,
मेरोजस्तो जीवन, कसैको नहोस् ।

चाबहिल

कथा

सडककथा

■ रमेशजंग थापा

यो साल गर्मी ह्वात्तै बढेर आएको छ । गर्मीको कारणले हो या अरू विविध कुराले, प्रायः मानिसहरू उकुसमुकुस भई चलायमान देखिन्छन् । किन होला ? सडकमा भीडभाडको लर्को दिन प्रतिदिन अचम्मसँग बढ्दै गइरहेको भान हुन्छ । यी सब कुराको अनुशीलन एवम् अनुसन्धान गर्ने कोसँग फुर्सद होला ? कुन्नि खै ? एउटा कुरा भने पक्कै हो, जत्ति भीडभाड देखिए पनि मान्छे फगत एक्लो छ । ऊ स्वयम् भीड हो या त्यसभित्र अल्झिएको मानिस ? वा मान्छेभित्रको भीड ? मानिसले भीड बनायो कि भीडले मान्छे ? यी यावत् कुराहरूलाई मैले ठम्याउन सकिरहेको छैन । सायद, त्यो आगमको कथान्तमा पनि सम्भव नहोला कि ?

दार्शनिकहरू भन्छन्, 'एउटा चित्रले हजार शब्द बोल्छ ।' म भन्छु, 'एक शब्दले हजारौं भावहरू बोक्छ' कृपया नझुक्किनुहोस् म दार्शनिक होइन । मैले भीडलाई सोध्ने साहस कहिल्यै गरिनँ बरू आफ्नै हृदयपटलको अन्तर्तहमा गई सोधेँ, 'यत्रो हुलबाट मान्छेहरू ठोक्किँदै, एक्लिँदै कतातिर जाँदै छन् हँ ? के यो आश्चर्य होइन र ?' यस्तै भीडभाडमा भोगेका थोरै दृश्य कथाहरूलाई अनुभूतिको खुला क्यानभासमा कोर्ने म धृष्टता गर्दै छु ।

उतापट्टि हेरौँ त फुटपाथको सानो त्रिभुजाकार कुनामा एक जना वयस्क नाङ्लोभरि केरा फिँजाएर टुक्क्रुक्क बसेको छ । ऊ अति श्रान्त देखिन्छ । तर मग्न भएर आफ्नो मुठिभरिको रुपैयाँ बोल्दै गनिरहेको छ– 'चालीस, पचास, सत्तरी, असी, सय' । कहाँबाट आई अगाडि ठिङ्ग उभियो अर्को । झर्केर दिक्क मान्दै त्यो सोध्छ– 'ए दाइ पैसा पछि गन्नुस्, अहिले व्यापार गर्नुस् । केरा दर्जनको कत्तिमा दिनु'भा छ हँ ? छिटो भन्नुस् मलाई समय छैन ।' त्यत्तिखेरै सडक पार गर्दै आइरहेकी एउटी महिला केराको बोक्रामा राम्रै चिप्लिइन् तर गाली गरिन् नराम्ररी,– 'सिनाहुँ, थ्वो केरा मिइम्ह व नइम्ह... झोक्कनिमाः (मरिजाओस् यो केरा बेच्ने र खाने.... पक्लक्कै मरोस्)' हतासिँदै लोग्ने कतातिरबाट आई उठायो 'का ....माम...। दँ ...दँ.....नुँ...नुँ...।....आ....म्वाल । (....भो..... भो....उठ....हिँड... भयो..... छोड्द्यौ) ।' परपीडनमा आनन्द मान्दै रमाइरहेका केही उरन्ठेउला केटाहरू परबाट गललल हाँसे । लाजले मुख कान तातो रातो पार्दै ती जोडी हुलमा मिसिए ।

मूल सडकको बायाँतर्फको फुटपाथमा अपर्झट भेट भएका दुई साथीहरू तन्मय भएर, गफ गर्दै छन्, 'धेरै दिनभयो कता हराइस् तँ ?' अर्कोले घाँटी मऱ्याक्क पट्काउँदै भन्छ– 'कहाँ हराउनु नि घर गाथेँ । रिजल्ट भइसकेछ । यहाँ आएर मात्र थाहा पाएँ ।' पहिलो चाख लिँदै सोध्छ– 'पास त भइस् होला नि ? कुन डिभिजनमा ?' ऊ एकपल्ट अन्कनाउँछ र जबाफ दिन्छ– 'सेकेन्ड डिभिजनमा सत्र नम्बर मात्र पुगेन .... । अँ

गुड थर्ड डिभिजन हो ।' 'ल बधाई छ । भोज ख्वा ।' ऊ कुरा पन्छाउँदै सोध्छ– 'तेरो के छ हालखबर ? बाहिर जाने कुरा मिल्यो ?' अर्कोले मन मारेर जवाफ दिन्छ– 'के हुनु सब बेहाल छ, चार पटक भइसक्यो अमेरिका ट्राइ मारेको, सधैँ रिजेक्ट गरिदिन्छ खैरेले । ए ... अँ तँलाई थाहा भो ? विशाललाई डीभी भरेछ नि ! वा क्या लक्की !' 'हो र ? मलाई थाहा छैन, कस्तो मजा भएछ तेल्लाई । हाम्रो त भाग्य नै खराब छ । अब व्याचलर-मास्टर नगर्ने । म त मलेसियातिर लाग्नुपर्ला । जत्ति पढे पनि नेपालमा जागिर पाइने होइन ।' मेहँदीले कपाल खैरो बनाएका अधबैंसे एक जोडी उनीहरू नजिक आइपुग्छन् । श्रीमती टर्रो स्वरमा बोल्छे– 'के बाटो ओगटेर कुरा गऱ्याहोला .....साइड लागेर गफ गरे पनि त हुन्छ । म्यानरै छैन.....के भन्ने ।' त्यसपछि उनीहरूको भलाकुसारी क्रमभङ्ग हुन्छ । 'ल .....है फुर्सदमा भेटौंला । .....मोबाइल गर है ।' भन्दै दुवै विपरीत दिशातिर हानिन्छन् ।

फुटपाथ अलिकति फराकिलो हुन्छ । स्वास्नी भन्दै हुन्छे– 'जमाना खराब भयो । ....कुनै चीजबीज गतिलो भेटिँदैन । .....हेर त फेसन हेरिनसक्नु छ । खै, हाम्रा पालामा यस्तो केही थिएन ।' तर लोग्नेको चिन्ता अर्कैतिर छ– 'राधिका, कत्ति दिन, भइसक्यो भात पेटमा नपरेको । साँझ पेटभरि भात खान्छु है ? मकैको च्याँख्ला खाँदा-खाँदा पेट-जिब्रो खस्रो भइसक्यो । स्वाद न व्यादको ।' राधिका क्षणभर मै दुर्गा बन्छिन्– 'कहाँ हुन्छ ? हुन्न हुन्न कत्ति मुश्किलले सुगर झरेको छ । डाक्टरले भनेको सबै कुरा बिर्सनुभो ?' लोग्ने दिक्दार भएर भन्छ– 'हे परमात्मा ! मैले सधैँभरि भात खान नपाउने भएँ त ?' श्रीमती सम्झाउँदै भन्छे– 'दुईचार महिना धैर्य गर्नुस् । दशैँसम्म सुगर कन्ट्रोल भयो भने एक छाक भात अर्को छाक रोटी खानुहोला ।' लोग्ने भावुक भएर बग्छ– 'हे ईश्वर ! भात पाउनको लागि मैले दशैं कुर्नुपर्ने भो ? उहिले भोक थियो, भोजन थिएन, अहिले भोजन छ भोक छैन । कुनै वेला खान मन लाग्यो भने.....! हरे ! खानै नहुने रोग छ ।' स्वास्नीले यताउति दायाँ-बायाँ हेर्दै हकार्छे– 'चुप लाग्नुस्, सुन्लान् अरूले लाजको मर्नु, बाटोमा हिँड्दा भातको कुरा । अँ .... राम्रै भो घरमा च्याँख्ला सकिएको थियो .... सम्झाइदिनुभयो । जाऊँ त्यो पसलमा त्यस साहूसँग पनि राम्रै कुरा गर्नुछ आज । गएको हप्ता फेर एण्ड लब्ली क्रिम नक्कली दिएछ मोराले । त्यसपछि म पार्लर जानुछ, नगको कत्ति दिन भइसक्यो ।' लोग्ने लुरुलुरु मन मार्दै पछि लाग्छ । ती जोडी पसलभित्र पसेर हराए ।

यसै बीच चोक पारगरेर एउटा रातो भ्यान चर्को आवाजमा माइक फुक्दै देखियो– 'आदरणीय दाजुभाइ, दिदीबहिनीहरू ! भोलि दिउँसो ठीक दुई बजे खुलामञ्चमा विशाल आमसभा हुँदैछ । देशको जल्दोबल्दो समस्याहरूको विषयमा हाम्रा श्रद्धेय नेताहरूबाट सम्बोधन भाषण हुँदैछ । यहाँहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं..... ।' आवाज कान खानेगरी ठोकिएर हराउँदै गयो । बस कुरेर बसेका दुई युवक माइकको आवाज गौर गरेर सुने । पछाडि सानो झोला बोकेको युवकले झोक निकाल्यो, 'सबै पार्टीले जनतालाई ठगेर यो देशलाई चुर्लुम्म डुबाए । नेताहरूलाई टुँडिखेलमा लगेर एक-एक गरी झुन्ड्याउनुपर्छ । ..... त्यसपछि यो देशमा सुधार आउँछ कि' अर्को साथी सहमतिमा टाउको हल्लाउँदै समर्थन गर्छ, 'हो झुन्ड्याउनु पर्छ । .... यो त उनीहरूको ठगी खाने भाँडो हो ।' मिनिबस छेउमा आएर ध्याच्च रोकियो । ढोका खोल्दै तीक्ष्ण स्वरमा खलासी कराउँछ, 'गौशाला.... पुरानोबानेश्वर..... मैतिदेवी..... पुतलीसडक.... रत्नपार्क ।' दुवै

साथी मुखामुख गर्छन् । एउटाले भन्छ, 'ल ल जाउँ शहरतिर..... आज कुनै जुकाड लागिहाल्छ कि... ?' दुवै जना बसभित्र पस्छन् । ड्राइबर रन्किँदै चिच्याउँछ सुइखुट्टे खलासीलाई, तासिछिरिङ छिटो ढोका लगा । तेरो बाउ ट्राफिक देखिनस् भोटे । आइसक्यो छिटो ।' ढोका ढ्याम्म लाग्छ । साथै बस हुत्तिन्छ अगाडि । पछाडि केही परबाट एक जना सेतै फुलेको बूढो बसलाई हात दिँदै दौड्छ तर भेट्दैन । सुइ....य सुस्केरा हाली पार्किङ बोर्ड मुनि उभिन्छ । एक छिनपछि आफ्नो चोर औंलाले दिनतिर सोभ्याउँदै ओठ चलाउँन थाल्छ । त्यसै वेला नजिकैको घरबाट एक जना गधापच्चीसे युवा हतार हतार बाहिर निस्किन्छ । वृद्ध ठूलो अवसर पाएझैं युवकतर्फ हान्नेर पुग्छ र सोधिहाल्छ, 'बाबु.... बाबु ! एउटा कुरा सोधुँ ? मैले बुझ्न नसकेको..... तपाईंलाई थाहा छ कि ?' केटो अनौठो मान्दै सोध्छ– 'यस वेला म ज्यादै हतारमा छु बाजे, झट्ट भनिहाल्नुस् के कुरा हो ?' ती कायकुञ्चित वृद्ध सूर्यनारायणतर्फ इङ्गित गर्दै भन्न थाल्छ– 'यो पृथुल भवबन्धनबाट त्यो घाम, यो धर्ती, त्यो आकाश एवम् रीतले हामी सबै कतातिर जाँदैछौं बाबु ?' युवक झनक्क रिसाउँछ र बूढालाई तलदेखि माथिसम्म हेर्दै भन्छ– 'कुनै कुरा कतै जाँदैन बाजे । यस्सो हेर्दा तपाईंको चाहिँ साँच्चै गएछ ।' 'ए..... मेरो पनि गयो ? हो र ? कहिले ... ?' युवक अब सडकतिर हेर्दै बोलाउँछ, 'ट्याक्सी ट्याक्सी ।' एउटा सेतो रङ्गको ट्याक्सी चरमराउँदै घ्याच्च रोकियो । ऊ भित्र पसी हडबडाउँदै चालकलाई भन्छ– 'मलाई चाँडै नपुगिनहुने छ.... छिटो चलाउनोस् है दाइ ।' एक्सिलेटर थिच्दै ड्राइभर सोध्छ– 'कहाँ हजुर ?' उसले छोटो उत्तर दिन्छ– 'थापाथली.... प्रसूतीगृह ।'

एक छिनपछि अर्को निलो रङ्गको ट्याक्सी त्यही ढ्याक्क रोकियो । बाहिर निस्किँदै दुईटी बैंसवाला देखिए । एउटी लीन भएर मोबाइलमा कुरा गर्दै छे– 'ए... हो, गुड, त्यहाँ सातै बजे ! ल ल हुन्छ । अँ अर्को कुरा अस्तिजस्तो लफडा नहोस् है । विमला पनि मैसित छे । सकभर उसलाई पनि सँगै लिएर आउँछु । ..... ल .....वाई ।' खुसी हुँदै विमलातर्फ फर्केर भन्छे, 'विवेकको फोन हो । उसले आज साँझ झकास प्रोग्राम राखेको छ । कहाँ थाहा छ ? ड्रिमल्यान्ड होटलमा । एकदम बिन्दास हुने भो यो वर्षको शुरूवात । तँलाई पनि लिएर आउनु भनेको छ । ढिलो भएमा मैकहाँ सुत्लिस् हुन्न ?' विमला डराएजस्तो गर्छे– 'हुन्न नाईं भो मलाई डर लाग्छ । अस्तिको पालि तँकहाँ सुत्दा एउटै कोठामा, पछि..... विवेक....पनि... ।' 'प्लिज माइन्ड नगर न ! ऊ मेरो हजबेन्ड समान हो के । प्लिज विमला' 'सरि मिनु मलाई कर नलगा ।' मिनु रिसाउँदै भन्छे– 'भो .... स्वाङ नपार तँलाई समात्न त गएको थिएन नि ! के ट्वाल्ल परेर हेर्छेस् जीवनमा मोज गर्न जान्नुपर्छ.... बुझिस् । म त भन्छु ....युज एन्ड थ्रो' विमला अन्कनाउँदै बोल्छे, 'क्यारेक्टरमा दाग.... ।' मिनु बीचैमा हप्काउँदै भन्छे– 'धत् लाटी यो जमानामा के कुरा गर्छेस्.... शरीर राम्रो हुनुपर्‍यो, लुगा कत्ति कत्ति । त्यस्ता दागहरू पैसाले धोइन्छ बुझिस्.....हा हा हा ।' 'मैले तेरो कुरै बुझ्दिनँ.... पापधर्मको ख्याल पनि.... ।' उसको कुरा पूरा नहुँदै हाँस्दै भन्छे– 'चुप लाग वोल्ड बेबी । हाम्रो यो ... तामाको भाँडो हो, जत्ति पखाल्यो उत्ति चोखो हुन्छ, डोन्ट ओरी हा हा हा । अब बढ्ता कुरा नगर गर्मीले उकुसमुकुस भैसक्यो जाउँ चिसो पिउन ।' दुवै नजिकैको कोल्ड स्टोरमा पस्छन् ।

बजारको होहल्ला साथै धुवाँ र धुलोलाई चिर्दै बच्चा रोएको चिच्याहट सुनिन्छ । राल-सिँगान सरोवर बगाइरहेको छ-सात बर्से पुत्रलाई आमाले लतार्दै हिँडाइरहेको देखिन्छ ।

छोरो चिच्याउँदै बारम्बार भनिरहेको छ– 'ममी ममी बरफ खान्छु बरफ..... नाइँ नाइँ ।' आमा हात उठाएर हाने झैं गर्छिन्– 'तँलाई गधा घिच्लास् बरफ .....। निमोनिया भएर भर्खरै सन्चो भएको छ ।' श्रीमान् हच्किँदै विस्तारै पछाडि हिँड्दै छ । ऊ यताउता हेर्दै पुकार्छ– 'अलि राम्ररी फुल्याऊ न हो, यसले सडकमा जात्रा देखाइसक्यो ।' स्वास्नीले सबै रिस खन्याउँछे उसमाथि– 'चुप लाग्नुस् तपाईंले छोरालाई बिगार्नसम्म बिगार्नुभो, एउटै छ भनेर । यसलाई घर पुगेपछि मैले जानेकी छु ।' छोराको बाबु अँध्यारो मुख पारेर चुप लाग्छ । अब भने छोरो बाबुको मुख ताक्दै 'हवा....हवा...' गरी लडिबुडी गर्न लाग्छ । एक किसिमको तमासा नै भयो त्यहाँ । बटुवाहरू रोकिँदै हाँस्दै हेर्दै जान्छन्– 'च्व...च्व...च्व हेर ! यस्तो राम्रो मानिस रुनुहुन्छ ? ल.... भो नरोऊ बाबु कुरीकुरी .....।' चौडा निधारमा त्रिशूलाकार पहेँलो टीका जीउमा खैरो कुर्ता सुरुवाल र खुट्टामा स्यान्डिल लगाएको प्रौढले सम्झाउने कोशिष गर्छ । तर रुवाइ भने झन् बढ्दै जान्छ । आखिरमा उनी बाबुआमालाई सम्झाउँदै भन्न थाल्छन्– 'यस्तै हो केटाकेटीको जात...., आत्तिनुपर्दैन अलिपछि आफै फुलिन्छ । बच्चाको रुवाइमा पनि आनन्द हुन्छ र यो संवृत्तसत्य हो । भनिन्छ, 'अमृतो शिशिरे वह्नि, अमृतो विहङ्गमानं च, अमृतो बाल भाषणम्, अमृतो हरिनाम जपम् ।' भन्दै बाटो लाग्छ । '....बौद्ध, जोरपाटी, बँसीगाउँ... नाम्गेल...सुन्दरीजल... ।' माइक्रोबस थ्याच्च रोकिन्छ अगाडि र बाह्र-तेह्र वर्षको सिँगाने खलासी आधा आङ बाहिर निकाली चर्को स्वरमा फलाक्न लाग्छ । बल्लतल्ल ती दम्पतीमा ज्यान आयो, 'हाम्रै रुटको माइक्रो बस हो,...ल ल.. यसलाई अब भित्र हुलौँ... के वाल्ल ट्वाल्ल परेर हेरिरहनुहुन्छ ।' बाटामा पसारिएको छोरोलाई हत्तपत्त भ्याइँकुटी पार्दै भित्र लान्छन् । 'सिरिर्र ।' सिठीको कर्णकटु आवाजसँगसँगै ट्राफिक प्रहरी उभिन्छ माइक्रो बसअगाडि । चालक नर्भस भएर बिन्ती गर्छ– 'सरी सर, झुक्किएँछु.... हजुर ... एकफेरालाई .... ।' ट्राफिक हप्कीदप्की लाउँदै बोल्छ– 'जहाँ पाए त्यहीँ रोक्ने ? यो सडक तेरी आमाको पेवा हो या स्वास्नीको दाइजो ? लाइसेन्स खुरुक्क निकाल्छस् कि...दिऊँ ... ।' भित्र बच्चा आमाको छातीमा मुख लुकाउँदै सुँक्कसुँक्क गरी चिसो बरफ सम्झिरहेको छ । बाउले प्रहरीलाई देखाउँदै तर्साउँछ– 'ऊ हेर् पुलिस, फेरि रोइस् भने तँलाई बाँधेर लान्छ । माइक्रोभित्र अर्का एक जोडी दिक्क मानेर टोलाइरहेका छन् । महिला थकित स्वरमा बोल्छे– 'कस्तो साइत परेछ आज, हतारभएको बेला यस्तै हुन्छ सधैं ।' पुरुष सही थाप्छ– 'हो भन्या, झन् आज छिट्टै घरमा पुग्नुथ्यो ।' महिला झ्वाट्ट सम्झे झैं कुरा मोड्छे– 'तपाईं कत्ति पनि विचार पुऱ्याउनुहुँदैन अनि त दुःख पाउनुहुन्छ ।' लोग्ने प्रश्नवाचक नेत्रले हेर्छ । श्रीमती भन्दै जान्छे– 'काठमाडौंको ठाउँमा केटाकेटी पाल्नै ठिक्क छ । म त सक्तिनँ तपाईंका रोगी बाबुआमा स्याहार्न । भाडाका दुइटा कोठामा कहाँ सुताउनु... कता ख्वाउनू ? चारचार जना केटाकेटी छन्... यो महँगीमा । ... भनेको मान्नुहुन्छ भने, अहिले नआउनु भनेर पहाडमा खबर पठाइदिनुस् ।' श्रीमान् लाजले यताउता हेर्छ नसुनेझैं । यत्तिकैमा भ्यालबाट हात पसार्दै एउटा बूढो माग्ने बिन्ती गर्छ, 'हजुर, बेखर्ची भएँ... भोक्कै छु... ।' माग्नेको रोदनले गर्दा उसले केही सहज महसुस गऱ्यो । दुई रुपैयाँको सिक्का हातमा राखिदियो उसले । यति समयमा चालक र ट्राफिकबीच कुरा मिलिसकेको हुन्छ । गियर लगाउँदै चालकले ख्वाक खोक्यो । कालो खकार बाहिर थुक्दै, भन्यो– 'आज सबेरै कस्को मुख हेरेर निस्किएँछु ... दुई सय रुपैयाँ चुना लाग्यो ... त्यस्सै ।'

माथि अकाशमा बादल विस्तारै जम्मा हुँदै र घामसँग लुकामारी खेल्दै लुट्पुटिन थाल्यो । हावा भने रत्तिभर बहेको छैन । हप-हप उम्को गर्मीले मोटर गाडी र मानिसहरू परिश्रान्त देखिन्छन् । पुनः अर्को मोटरमाइकको उग्र आवाजसित घिस्रिँदै ओकल्न थाल्यो– 'आमाबुवा... दाजुभाइ... दिदीबहिनीहरू..., हिमालय-पर्वतको स्वच्छ जडीबुटीबाट तयार पारिएको, सबै रोगहरूको रामवाण औषधी... फ्याक्ट्रीको मोलमा आजै किनिहाल्नुहोस् । स्टक सीमित छ । ... वायु गानुगोला... मधुमेह... बाथ... रक्तचाप... मुटुरोग.... स्त्रीरोग... मानसिक रोग... बाँझोपन.... स्वप्नदोष... यौनदुर्वलता...आँखा कान, नाक, घाँटी पाकेको... आदि....आदि... इत्यादि... ।' संसारमा भएका प्रायः सबै रोगको नाउँहरू भन्दैरह्यो । एउटा रोगको नाम भने सुनिएन । मोराले बिर्सेछ कि क्या हो ! ...एड्सको । मानिसहरू भ्यान वरिपरि जम्मा भई सोध्दै बुझ्दै र रोज्दै भकाभक किन्न थाले । मानौँ सञ्जीवनी बूटी पाएझैं । एउटी महिलाले अर्कीलाई त्यो हुलबाट बाहिर निकाल्दै भनी– '...पर्दैन किन्न । त्यसको राम्रो औषधी मलाई थाहा छ । ... च्वाट्टै हुन्छ । ... फरक पर्दैन ।' अर्की महिला उद्विग्न भई सोध्छे– 'लौन... भनन...भन चाँडो । गर्नु उपाय सपै गरिसकेँ । मेरो केही लागेन ...हैरान भइसकेकी छु ।' अनि ऊ प्रफुल्ल मुद्रामा भन्न थाल्छेँ– 'सुन, भेडेकुरो थाहा छ हैन ? त्यसलाई...कतै-कतै उल्टेकुरो पनि भन्छन्,... हो... त्यसैको जरालाई पानीमा मज्जासँग पकाउने । त्यो पानी नछुने भएको चार दिनको साँझमा पोइसँग सुत्नुभन्दा अगाडि स्वाट्ट निल्नु ...एक सासमा ।' सुन्दासुन्दै अपर्झट सोध्छे– '... कसको पोइसँग..?' र खिति‍तिती हाँस्न थाल्छे । 'क्या...मजाक नगर न यस्तो कुरामा ।...अँ एउटा कुराचाइँ सम्झिनू । ... हेर, जरा उखेल्दा सिङ्गै उप्केर आएमा छोरो हुन्छ तर भाँचिएर टुक्र्यो भने छोरी हुन्छे, बुझिस् हैन ?' 'कसरी थाहा पाइस् यो कुरा ?' 'हामी आमालाई धेरै पहिला एउटा ठूलो सिद्ध महात्माले सिकाइदिएर म जन्मेको ... रे !' उनीहरूको पछाडि-पछाडि ध्यानमग्न सुनिरहेको एक बटुवा अगाडि बढ्छ सुनाउँदै– 'यो विधिले त... ओम हस्पिटलको कृत्रिम गर्भाधाण कार्यक्रम फेल हुने भो...बा...।' विधि विस्तार लाउने आइमाई जिब्रो टोक्दै भन्छे– 'कस्तो चित्त नपरेको मान्छे ...।'

आकाशमा बादलले पूरै रविमण्डल ढाकिसकेको छ । सडकको आवागमनमा भने कुनै कमी आएको छैन । अन्धकारमा ज्योति रिङ्गनको अनित्य अन्धवेगजस्तै यत्रो अविरल मान्छेको भेल... कता ? ... किन ? क्षुब्धक्षुधित छ हँ ? कल्पकल्पान्तरदेखिको यो भागदौड ।

मेनरोडको ट्राफिक चोक नाघ्दै एउटी अङ्गना प्रसन्न चित्तमा देखापरिन् । यौवनले ओतप्रोत ती युवती एउटै रफ्तारमा फटाफट पाइला सार्दै लम्किरहेकी छन् । सोही रफ्तारमा पछ्याउँदै-पछ्याउँदै एक अधबैंसे– बूढो तन्नेरी हिँडिरहेको छ । यसै गरी एउटा कालो भुस्याहा कुकुर उसको पछाडि थकरथकर हिँड्दै छ । रमाइलो कुरा के छ भने, बूढाको निर्निमेष दृष्टि युवतीको नितम्बविम्ममा लिप्त देखिन्छ भने कुकुरको ध्यान उसले बोकेको पोलिथिन व्यागमा । कुकुर हातको प्लास्टिक झोला हेर्दै घरीघरी नाकसम्म जिब्रो पुऱ्याएर मुख मिठ्याइरहेको छ । कुकुर र मान्छेको क्षुधालिप्सा अलिकित फरक देखिए पनि दुवैको अभीप्सा आवरणभित्रको प्राप्तिमै अनुरक्त छ । यसरी नारी, नर र कुकुरको दूरीअन्तर कम कम हुँदै गयो । कुकुरको धैर्यको बाँध स्थिर रहेन । अहो ! .... एउटा गतिलो झपट्टा मार्‍यो हातको पोलिथिन झोलामा । आलो मासुको

चोक्टै-चोक्टा छरपस्ट भए सडक छेउमा । बूढो झसङ्ग भयो । साथै स्तम्भित बन्यो बाटोमा असरल्ल रातो मासु र मासु चपाउँदै गरेको कालो कुकुर देखेर ... 'के भो ... के भयो ...?' को आवाज सँगसँगै भीडमा गाइँगुइँ... गल्याङमल्याङ...कल्याङमल्याङ ...शुरू भयो । त्यो हुलबाट तुरुन्तै एउटाले न्याय दिइहाल्यो । मासु टोकिरहेको कुकुरको मुखमा एक लात दनक दिएर । पीडाले रन्थनिएर कुकुर एक फेरा फनक्क घुम्यो र ढुनमुनिदै सुइँकुच्चा ठोक्यो । तर यस दौरानमा कुकुरले न मासु मुखभित्रको छोड्यो न आवाज निकाल्यो । तत्पश्चात् बल्ल होस् फर्क्यो बूढाको । भीडको सबै आँखा आफूतिर सोझिएको पाउँदा ऊ लाजले पानी पानी भएर हुलबाट बाहिर निस्क्यो । सोच्दै पाइला बढाउन थाल्यो, 'के भाको छ आजकल मलाई ? कुनै कुराको कत्ति होस् छैन । भरे साँझ झन् नयाँ छोरीज्वाईंलाई खान बोलाको यत्रो जात्रा भयो बाटामा ... ।' आफैंसित क्रुद्ध हुँदै पुनः मासुपसलतिर उक्ल्यो ऊ । विस्तारै अघिको हुल फाट्दै गयो ।

सडकमा छरिएका आलो मासुमा वरिपरिका सबै भुस्याहा कुकुरहरू जम्मा भैसकेछन् । ऊ हेर्नुहोस् त भर्खर स्कुल छुटेर घर फर्कन लाग्दै गरेका छात्रछात्राहरू कुकुरहरूमाझ मासुको लुछाचुँडी हेर्दै रमाइरहेका छन् । एउटी टीनएज छात्रा आफ्नो नयाँ मोवाइल सेट प्रदर्शन गर्दै त्यो द्वन्द्वदृश्य कैद गर्दैछे ।

बगलकै मन्दिरमा एउटी अतिवृद्धा थुचुक्क सिँढीमा बसी कुरा गर्दै छिन् छोराको साथीसँग– 'खै ...आयु पनि कत्ति धेरै रहिछ मेरो । आज आमाको मुख हेर्ने दिन... बिहानदेखि त्यसको स्वर सुन्न फोन छेउमै बसिरहें भातै नपकाएर । अहँ गरेन एक चोटी पनि ।' बूढीलाई सम्झाउन खोज्छ– 'यस्तै हो आमा पीर नगर्नुस् म भरे फेसबुकमा नरेशसित कुरा गरुँला ।' बूढी आफ्नै तालमा बोलिरहन्छिन्– 'पोहरको साल वहाँ स्वर्गे हुनुभो, अम्रिकामा भ'को एउटै छोरो घर आएन । यता आएपछि उता फर्किन पाइन्न रे ! सबै काजक्रिया उतै गर्छु भन्यो । ... लौ ..त भनें । मेरो के लाग्थ्यो बाबु ।'

वृद्धाको गला अवरुद्ध भयो । 'विदेशमा त्यस्तै हो आमा कहाँ फुर्सद हुन्छ र यहाँजस्तो त्यहाँ धेरै चाडवाड मान्दैनन् । पैसा अलि-अलि कमाउनै पर्‍यो... ।' वृद्धा झन् विह्वल भई आक्रोश पोख्छिन्– 'बाबु, जसले पैसा बनायो त्यो संसारकै महापापी हो, कीरा परिरहोस् सधैं नरकमा ।' केटा कुरा टुङ्ग्याउँछ– 'आमा, अहिले मलाई हतार छ, समय मिलाएर घरमै आउँछु । नमस्ते !'

कमिलाका ताँतीजस्ता मोटरगाडीहरूले छपक्क सडक ढाकेर ट्राफिक जाम भयो । मोटरबाइकको भ्याप्प ब्रेक लाउँदै पछाडि गजधम्म बसेकी धर्मपत्नीसँग गुनासो पोख्छ श्रीमान्– 'बुझ्यौ, बूढा पापी रहेछन् धेरै नै । आफ्नो जिउनीको सप्पै जग्गा भाइको नाउँमा पास गरिसकेछन् ।' श्रीमती जीउमा करेन्ट लागे झैं आत्तिन्छे– 'आम्मै.... हजुरले के हेरिस्यो पास गरुन्जेल ?' लोग्ने अझ तात्तेर बोल्छ– 'हिजोमात्र थाहा पाएँ..., बर्बादै भो ! समाजले जेसुकै भनोस्... जति पाप लागे पनि लागोस् मलाई... । बूढोको म क्रिया गर्दिनँ ।' स्वास्नी रिसाए झैं गर्छे– 'के भनिबक्स्या यस्तो ! रिस उठ्यो भन्दैमा...भन्नै नहुने कुरा भन्ने ।' अगाडि बसेको फुच्चे छोराले फ्याट्ट सोध्छ– 'बाबा...बाबा...किर्‍र्‍या भनेको के हो ?' बाबुआमा वक्क पर्छन् एकछिन । बाबुले हपार्छ– 'चुप लाग गधा, बीचमा प्वाक्क बोल्नुपर्छ । केटाकेटी भएर बढी कुरा गर्छस्... लात खान्छस् मेरो ।' छोरालाई

हकारेको देखी श्रीमती रिसाउँछे– 'आफै उस्तै होइसिन्छ । बच्चाको अगाडि यस्तो कुरा के गरिबक्स्या ? अहिले हजुर चुपलागिस्योस् अरू पछि सल्लाह गरौंला ।' सडकको जाम खुकुलो भयो । उसले बाइक साँगुरो बीच भागबाट घुसाउँदै कुदायो ।

जाम हट्नासाथ माइकमा फलाक्दै गुड्दै आयो एउटा अर्को मारुती भ्यान– 'आदरणीय धर्मानुरागी महानुभावहरू, मानवमोक्ष एवम् पितृउद्धार कल्याणार्थ भारतको पावन नगरी वाराणसीबाट पदार्पण गर्नुभएका परम पूजनीय श्री १०८ नरनरायण शिवब्रह्म स्वामी सच्चिदानन्द अखिलेश्वरको सत्सान्निध्यमा भोलिका मितिदेखि सात दिनसम्म पशुपतिको वनकालीमा विराट अखण्ड पितृतारण होमयज्ञ साथसाथै स्वामीजी महाराजबाट दिव्यवाणी प्रवचन हुनगइरहेको छ । यस विशाल अनुष्ठानमा सहभागी भएर आफ्ना दिवङ्गत स्वजनहरूको तारणमुक्तिका निमित्त हार्दिक आमन्त्रण गर्दछौं ।'

अघिको पागल बूढो कताबाट दौडेर आयो र माइकको उद्घोष ध्यानसँग सुनिसकेपछि खित्का छोडेर हाँस्यो ...हा...हा...हा... । हाँसो रोकेर भन्नथाल्यो– 'काजी देखा, मौला देखा, पण्डित देखा छलका । औरनको वैकुण्ठ बतावै, आप नरक मे सरका । वाह ! क्या शाश्वत-सारगर्भित छन् सन्त कबीरका दोहा यो जीवन-जगतमा ...आहा !' त्यसपछि ऊ गालामा हात राखेर थचक्क बस्यो भुइँमा ।

अविचल आकाशबाट बादल घनीभूत भई पानी टप्किन थाल्यो.....टप...टप..टप..सरर्र । घनघोर पवनधारको बेगसँगसँगै, निछ्याम्म अन्धकार छाई छरिए मान्छेका रफ्तार पाइलाहरू । फाट्टफुट्ट मानिस र गाडीसँगै सडक, फुटपाथ सुनसान हुँदै गयो । अघि मानिसले सडक खोजिरहेको थियो । अहिले सडकले मान्छे खोजिरहेको छ । पानी झन् झन् बेगशील हुँदै दर्किरह्यो... झर्र्र्र् .... । यो कस्तो अनौठो ! त्यो पागल पान्थ अझै त्यहीँ रुझ्दै भिज्दै थचक्क बसिरहेको छ । अचानक केही अभाव खट्क्यो मनमा । सम्झेँ अघिको भीड र चारैतिर नियालेर हेरेँ अहिलेको सुनसान नीरवतालाई । एउटै केवल एउटै अभाव भेट्यो कथान्तमा यो कथयिताले । ...कहाँ खोजूँ ?... कहाँ भेटूँ... म ? मेरो... त्यो ईश्वर ! ... ।

जाडो याममा आगो अमृत हुन्छ, वनका चराहरूको आवाज अमृत हुन्छ, बालकको बोली अमृत हुन्छ र हरिको नाम जप्नु अमृत हुन्छ ।

शब्दार्थ

आगम : भविष्यत् काल तन्मय : तल्लीन
कायकुञ्चित : दुब्लो शरीरे पृथुल : स्थूल, विशाल
संवृत्तसत्य : लुकेको सत्य परिश्रान्त : थाकेको
ज्योतिरिङ्गन : जुनकीरी अनित्य : अस्थायी, क्षणभङ्गुर कल्पकल्पान्तर : युगानुयुग
अङ्गना : सुन्दरी नितम्बविम्म : बाटुलो नितम्ब
पान्थ : बटुवा, पथिक कथयिता : कथाकार
बैसबाला : तरुणी

सल्यान खलंगा । हालः चावहिल ।

दायित्व

काठमाडौंमा उपलब्ध हुने स्थान

पाठ्य सामग्री पसल

प्रो. कमल सुवेदी

जामे मार्केट, रत्नपार्क काठमाडौं, फोन नं. : ०१-४२४३१५०

पूर्व र पश्चिम

■ शिव अपरिचित

यम – न देशको नामले हुन्छ
न भेषको खामले हुन्छ
यम – न ग्रहको गन्तीमा पर्छ
न ठेसको भ्रान्ति टर्छ ।

न संवत् सूर्य राशिको
पुस्ता अनौठो भव कसीको
संज्ञा समान लोक हो कस्तो ?
टर्दै नटर्ने भेल छ पस्दो ।

छ सम्म 'समय' दिन र रात
चन्द्र र सूर्य आफ्नै छ छात
स्थायी सत्ता कहाँ छ ? कस्तो ?
न स्वर्ग नर्क छायाँको मस्को ।

शिखर चुमेरै झर्नु छ ऐले
न शोख शेष टिक्यो कहिल्यै
न भुल्नु मृत्यु, न भुल्नु काल
जीवनको जन्म न्याय हो काल ।

शासन आफ्नै सम दृष्टि सबमा
भेट्नु छ यम न वास्तु जगमा
करुण कथा कति बेहाल
भोग्नुछ सबले यमको चाल ।

का.म.पा. ३२

विस्मृति

■ यू जङ यी (जानकी)

जब बच्चाहरू एक टुक्रा विचार
उठाउँछन्
प्रौढहरू प्रत्येक दिन
एकपछि एक
निद्रामा डुबिरहेका हुन्छन्
कोही अक्सर लुट्छ मलाई
सार्वजनिक फोन कार्ड
पैसाको थैली
र, घरको पञ्जीकृत नम्बर
एकपछि एक लुट्दै जान्छ ऊ,
क्रमशः शक्तिशाली बन्दै
पुरानो घरको ठेगाना लुट्छ
मैले घरमा सधैँ प्रयोग गर्ने
छालाको क्रिमको नाम पनि लुट्छ
बाँचेका आशाका फगत केही पातहरू
मलाई आश्वस्त पार्न सक्दैनन्
ऊ कुशलताका साथ
हरेक कुनाकाप्चाको तलाशी गर्छ
यो आन्तरिक कुरा थाहा पाउने
कुनै अनुभवीको करतुत हुनुपर्छ
कसैलाई थाहा छैन
उसको अपराध कहिले सकिने हो
सधैँ सधैँ मलाई
कोही लुटिरहन्छ ।

अनुवाद : महेश पौड्याल

नयाँ वर्ष २०७५ को उपलक्ष्यमा सम्पूर्ण
ग्राहकवर्गमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम
परिवार

यात्रासंस्मरण

कोलम्बोको सेरोफेरो

■ विजयध्वज थापा

यस पटक मेरो गन्तव्य अलि फरक छ, जहाँ यात्राको लागि निस्कनेहरू केही कम भेटिन्छन् । मलाई भने हाम्रो पौराणिक कालदेखिको कथावस्तुले समेत आकर्षण गरेकोले मैले यो गन्यव्य रोजें । यस पटकको गन्तव्य हो श्रीलङ्का, जहाँ राक्षसका राजा विद्वान् रावण राज गर्दथे । त्यो समयको लङ्का जसको वर्णनले सम्पूर्ण रामायणको कथा नै रोचकमात्र हैन, जीवन्त नै बनाएको छ । कस्तो रहेछ त त्यो लङ्का भन्ने देश ! के अहिले पनि त्यहाँ रावण चढ्ने पुष्पक विमान छ होला त ? के राम-रावणको युद्धको अवशेष देखिएला त ! के अशोक वाटिकाको अवशेष होला त भन्ने कुतूहलले मनमा ठूलै आसन जमाएर बसेको छ । वर्तमान श्रीलङ्का त्यस समयको भन्दा कति सुन्दर र मनमोहक भएको होला ! एक पटक नहेरी कसरी भन्ने आदि कुरा मनमा खेलाउँदै भ्रमणको कार्यक्रम तय गर्न पुगें ।

हाम्रो यात्रा मिति २०७४ माघ १३ गते काठमाडौको त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलबाट नेपाल वायुसेवाको विमानबाट भारतको बङ्लुरु विमानस्थल र त्यहाँबाट श्रीलङ्काको श्रीलङ्कन विमानबाट कोलम्बो विमानस्थलसम्म हुने भयो । यात्रामा सहभागी हुने भए.....।

यात्रा गर्न रमाइलो लाग्छ मलाई तर यात्रामा पर्ने झन्झटदेखि साह्रै डराउँछु म । सधैँ केही न केही परेकै हुन्छ । आफ्नो पुर्पुरो त्यस्तै भएर पो हो कि !

मेरो फ्लाइट काठमाडौँदेखि भारतको बैंगलोरसम्मको थियो । जानु त मलाई कोलम्बो नै हो तर सिधा कोलम्बोसम्मको फ्लाइट नभएकोले बङ्लुरु हुँदै जानुबाहेक मेरो विकल्प थिएन । जान त मानिस भारतको नयाँ दिल्ली, थाइलैन्डको बैंकक तथा अबुधावी भएर पनि जाँदा रहेछन्, मलाई भने यही रूट ठीक लाग्यो । मेरो फ्लाइट नेपाली समय २ बजेको थियो । त्यसैले ११:३० मा एयरपोर्टमा दाखिला भएर लाइनमा बसिसकेको थिएँ ।

झन्डै ३० मिनेटमा मेरो पालो आयो । धन्न यस पटक तीनवटा काउन्टरबाट काम हुँदै थियो, त्यसैले छिटै पालो आएकोमा म दङ्ग परेको थिएँ ।

मेरो साथमा अन्य ४ जना मेरा परिवारका सदस्य पनि थिए । एक जनाको टिकट बुक गरेको दिन फरक थियो तर फ्लाइट एउटै । काउन्टरकी महिलालाई खै के अप्ठेरो परेछ बोर्डिङ पास दिन निकै समय लगाइन् । मैले अर्को काउन्टरमा मजस्तै कोलम्बो जाने अर्को यात्रुले लगेज कोलम्बोमा नै लिने भनेको सुनेर मैले हाम्रो लगेज पनि हामी कोलम्बोमा नै लिन्छौँ, सोही अनुसार गर्नुस् है ! के भनेको थिएँ तपाईं पनि कोलम्बो जाने हो र ? पो भन्छिन् । उनले त टिकट राम्ररी हेरेकै रहिनछिन् । अब सबै प्रोसेस रद्द गरेर मिलाउन उनलाई बाह्र बजिहाल्यो । बल्लबल्ल अन्य दुई जनाको सहयोगले काम सकिन् र बोर्डिङ पास दिइन् । मैले आफ्नो ग्रुपको बोर्डिङ पास

समाउँदै भने– 'ठीक भयो अब ?' उनले 'ठीक भयो' भनिन् । मैले फेरि भनें– 'राम्रोसँग हेर्नुस् समय छ, हामीलाई दुःख नहोस् ।' यति भन्दा पनि ठीक छ भनिन् । हामीमध्ये एक जनाको ह्विल चियरको टिकट थियो, त्यसैले एकछिन बेन्चमा गएर बस्न भनिन्, हामीले त्यसै गऱ्यौं । एकै छिनमा काउन्टरबाट फेरि बोलाइयो र सबै बोर्डिङ पास मागियो, लगेजमा लगाएको सबै ट्याग च्यातियो र फेरि अर्को बोर्डिङ पास र सामानको नयाँ ट्याग दिइयो । केके गल्ती भएको थियो उनीहरू नै जानुन् । मैले फेरि सोधें– 'अब मिल्यो ?' मिल्यो भन्ने जवाफ पाएँ । ह्विल चियर पनि आइपुगेकोले इमिग्रेसनतर्फ लागें र जहाजको प्रतीक्षामा बसें ।

एयरपोर्टमा पेसेन्जर टनाटन थिए । एयरपोर्ट पनि पहिले पहिलेको भन्दा सफा नै लाग्यो र आपसमा खुशी व्यक्त गरें । प्लेन आउन र अन्य प्रक्रिया गर्दा पैतालीस मिनेट ढिला भयो । यस्तो त सबै ठाउँमा हुने गर्छ, कुनै गुनासो गर्न ठीक थिएन । प्लेनमा बोर्ड भइसकेर पनि झन्डै आधा घण्टा त्यसै बस्न पऱ्यो । यो पनि हिजोआज ट्राफिक धेरै भएकोले समस्या छ भन्ने सुनेको थिएँ परिस्थितिसँग कम्प्रोमाइज गरें ।

करिब दुई घण्टा पैतालीस मिनेटको उडानपछि क्याम्पागोडा अन्तर्राष्ट्रिय हवाइअड्डा बङ्लोरमा विमान अवतरण भयो । एक छिन कुरेर ह्वीलचियर मगाएर सबै जना हिँड्यौं । बङ्लोरको विमानस्थल त अत्यन्त ठूलो अत्यन्त सफा जताततै लिफ्ट आदिको सुविधा र व्यस्त र व्यवस्थित देख्दा हामी छक्क पऱ्यौं । केही समय पहिले हेरेको आफ्नो देशको विमानस्थल सम्झँदा र सफा र राम्रो मानेको सम्झेर त्यसै त्यसै लाज लागेको महसुस भयो । यस्तै कुरा गर्दै अघि बढ्यौं । एयरपोर्टमा निकै कडिकडाउ थियो । के कसो कहाँ जाने निकै खोजिनिधी गरे पनि हामी पार हुँदै गयौं । हाम्रो साथका एक जना ह्विल चियरमा भएकाले ह्विलचियर गुडाउनेको पछिपछि हिँड्न पाएकोले कुनकुन काउन्टरमा जाने केके गर्ने भन्नेमा त्यति गाह्रो परेन । ह्विल चियरवालाले हाम्रो लगेज बारे सोध्यो । मैले हाम्रो लगेज सिधै कोलम्बोमा जान्छ उतै लिन्छौं भने । मलाई नेपालमा नेपाल एयरलाइन्सको स्टाफले त्यसै भनेको थियो । तैपनि एकपटक हेर भन्यो मैले बेकार किन हेर्नु भन्दै पक्का उतै जान्छ भने ।

उसले मेरी आमा बस्नुभएको ह्विल चियर गुडाएर जाँदै थियो, हामी पछिपछि थियौं । बाटो लगेज लिने स्थान हुँदै जान पर्ने थियो । लगेज राखेको क्यारियर वरिपरि घुम्दै थियो । अचानक एउटा सुडकेशमा आँखा पुग्यो । सो सुडकेशमा पहेंलो डोरीले बाँधेर चिह्न लगाइएको थियो र त्यो हाम्रै थियो । म त अचम्ममा परें । हामी सबैले अचम्म मान्दै एकै स्वरले ऊ हाम्रो सुडकेश भन्न पुग्यौं । कोलम्बोमा जान्छ भनेको सुडकेश कसरी त्यहाँ आयो । हामी सबै छक्क पऱ्यौं र केही भएर छुटेको हुनुपर्छ भनेर अन्दाज गर्दै एकआपसमा के भएको होला भन्न थाल्यौं । सुडकेशहरू घुमेर आउँदै थिए । शङ्का मानेर अरू पनि छ कि भनेर एक छिन अडेर हेर्दाहेर्दै अर्को पनि भेटियो । हामी झन् छक्क पऱ्यौं । अब अरू पनि खोज्न थाल्यौं । एक एक गरेर छ वटा सुडकेश सबै जम्मा पाऱ्यौं । धन्न भेटियो । त्यो ह्विल चियर गुडाउनेले त्यो बाटो नलगेको भए हाम्रो सुडकेश बङ्लोरमै अलमलिने रहेछ । कोलम्बोमा पुगेपछि हामीलाई ठूलो धोका हुन्थ्यो । अरूभन्दा पनि हाम्रो औषधीहरू लगेजमा नै थियो । यात्रुलाई कति मर्का पर्छ भन्ने ख्याल नगरेको देख्दा

एयरलाइन्सका कर्मचारीलाई कस्तो सम्मान गर्नपर्ने हो मैले बुझ्न सकिनँ । पुनः हामीले छ-छ वटा सुडकेश धमाधम लिएर हिँड्दा न कसैले सोध्यो, न कसैले रोक्यो, न ट्याग नै कसैले माग्यो । सुडकेश हराउने सम्भावना प्रबल रहेछ तर धन्न हराएन ।

आफ्नो सामान लिएर हामी कोलम्बोको बोर्डिङ पास लिन अघि बढ्यौँ । यहाँ अर्को झन्झट थपियो । हमीले अनलाइनबाट भिसा लिइसकेका थियौँ । अनलाइनबाट भिसा लिँदा एक जनाको बीस डलर पर्दो रहेछ । अनलाइनबाट नलिए पनि भिसा त पाइने रहेछ तर पचास डलर पर्दो रहेछ । यसमा हामीलाई फाइदा नै भयो । तर भिसा भए पनि कहाँ जाने किन जाने भनेर निकै केरकार गर्दो रहेछ । यो देखेर एकछिन त म अलमल्ल परेँ । हाम्रो पाँच जनाको समूह थियो । केरकार गर्दा निउँ खोजेर एउटालाई मात्र अलमलाइदिएको भए आपत पर्ने थियो, तर परेन । सुरक्षा निकै कडा थियो । ठाउँठाउँमा दर्ता गर्नपर्ने । सबै काम सकेर बल्ल प्लेन कुर्न थाल्यौँ । प्लेन आधा घण्टा ढिलो थियो । बोर्डिङ भएपछि पनि एयरपोर्ट व्यस्त भएकोले अर्को आधा घण्टा कुर्नुपर्‍यो । त्यसपछि त बडो आनन्दले एक घण्टामा नै कोलम्बो अन्तर्राष्ट्रिय हवाइमैदानमा अवतरण भयो । त्यहाँ बहिनी ज्योति भण्डारी प्याकुरेल कुरेर बसेकी थिइन् । उनीसँगै गयौँ । हाम्रो बसाइ नेपालको एम्बेसीमा भयो ।

ooo

भोलिपल्ट माघ १४ गते आइतबार थियो । हामी कोलम्बो शहर घुम्न निस्कियौँ । त्यहाँ शनिबार र आइतवार अफिस बजार सबै बिदा हुने रहेछ । हामीलाई घुम्नु थियो, केही फरक परेन ।

शहरतर्फ के लागेका थियौँ, हामीमध्ये एक जनाले चिच्याइन् 'वाउ' कस्तो सफा ! हुन पनि हामी काठमाडौँको धुलो र धुवाँले निसास्सिएर बस्नेहरूका लागि त अचम्म नै भयो । कतै फोहरमैला, धुलो धुवाँ केही थिएन । ड्राइभरले भन्यो – 'यहाँ पोलुसनको लेवल शून्य छ ।' कसरी होला भन्दै हामी छक्क पर्‍यौँ । गाडीहरू नेपालमा जस्तै सबै कम्पनीका थिए तर सबै नयाँ देखियो– केही बसहरू बाहेक । बसहरू पनि ज्यादै थोत्रा त हैनन्, मिटर भएका अटोरिक्साको चलन धेरै रहेछ । मोटरसाइकल पनि चलेकै थिए तर प्रदूषण मात्र नभएर सडक जाम पनि थिएन । हर्न बजाउने चलन थिएन । बाटो काट्न लागेको छ भने जेब्राक्रस नभए पनि जस्तो गाडी जति तीव्रगतिमा आएको भए पनि रोकिन्थ्यो र यात्रुले बाटो काटेपछि जान्थ्यो, पुलिसको आवश्यकता नै धेरै कम । साह्रै सभ्य लाग्यो । सडक जहाँसुकै त्यत्तिकै सफा थियो । सानातिना खाल्डा र टालेको सडक कतै देखिएन । जहाँतहीँ नरिवलको रूख फेरि सबै नरिवल सुनौला रङ्गको थिए मैले आजसम्म देखेको नरिवल हरियो रङ्गको थियो । यहाँ सबैतर्फ सुनौलो देख्दा रमाइलो लाग्यो किङ कोकोनट भन्दा रहेछन् ।

हामी बसेको स्थानबाट दुई किमिजति हिँडेका थियौँ, ड्राइभरले देखाउँदै भन्यो– 'यो इन्डिपेन्डेन्ट स्वायर हो ।' मैले टाउको हल्लाउँदै 'ए' भनेँ । तहतह गरेर पन्ध्र फिट जति बेस उठाएर करिब बीस फिट अग्ला ढुङ्गाको बुट्टा काटिएका मोटामोटा अठचालीस खम्बामा बीमहरू दिएर दुईतिर भिरालो पारेर छाना छाएर बनाइएको सुन्दर स्थान थियो । वरिपरि ठूलो कम्पाउन्ड, कम्पाउन्डभित्र ठूलाठूला घाँसे मैदान, ढुङ्गा छापेको हिँड्ने बाटो, माछापोखरी छेउमा जिम गर्ने ठाउँ आदि थिए । बिहान बिहान डुल्न र जिम गर्न आउने प्रसस्त हुँदा रहेछन् । यस्तै-

यस्तै बाटो, भवन हेर्दै गाडीमा हुइँकिदै थियौँ। बीचबीचमा संसद भवन, प्रधानमन्त्री निवास, मुख्य अदालत आउँथ्यो, ड्राइबरले देखाउदै हिँड्थ्यो। भवनहरू ठिक्कका सफा राम्रा थिए भने व्यापारिक भवन अग्ला पनि थिए। पुराना बृटिसको शासनकालमा निर्माण भएका ठूला भवनहरू पनि थिए। ठाउँ ठाउँमा काजु र आँप लटरम्म फलेका हरियो र आकर्षक देखिन्थ्यो। घुम्दाघुम्दै विशाल समुद्रको किनारमा पुग्यौँ। यस किनारको नाम गेलीबीच रहेछ। यो समुद्र कोलम्बो बजारबाट खासै टाढा रहेनछ।

यस स्थानको समुद्रको किनार भने गहिरो भएकोले जान मिल्ने थिएन। त्यसैले अग्लाअग्ला तट उठाएर पार्क, घुम्ने स्थान बनाइएको थियो। रातमा भए पनि केटाकेटीहरू समुद्रबाट आएको हावामा चङ्गा उडाइरहेको दृश्य थियो। ठाउँठाउँमा लहरै गाडामा विभिन्न खानेकुराहरू बिक्री गर्न राखेका फराकिला मैदान त्यसपछि किनारै किनार रेलमार्ग, त्यसको साथसाथै फराकिलो सडक, सडकपारि बजार तथा ठूलाठूला होटल थिए। होटल साँग्रिला, होटल ताज समुद्र, होटल हिल्टन सबै यस्तै थिए। अझ रमाइलो कुरा, त्यत्रो विशाल समुद्रलाई पुर्दै अर्को शहर बनाउन लागिएको रहेछ। करिब एक किलोमिटर पुरिसकेको थियो भने ठूलाठूला डोजर, क्रेनहरू समुद्र पुर्ने काम गरिरहेका थिए। निर्माण कम्पनी चाइनिज थियो। तर मलाई अचम्म लागिरहेको थियो– किन यत्रो समुद्रलाई पुरिँदै छ ! यहीँ निर्माण गर्नुपर्ने केही थियो कि ! जमिन नपुगेर बढाउन लागेको हो कि ! किन यत्रो खर्च कहाँबाट आयो होला ! शुरूको त लगानी नै सोह्र अरब अमेरिकी डलर रे ! के यो मुलुक साह्रै धनी हो त ? हुन त यहाँको वार्षिक सरदर आम्दानी प्रतिव्यक्ति चार हजार डलर रहेछ। जब कि हाम्रो नेपालमा सात सय छ। हामीभन्दा धेरै धनी तर यो देश पनि वैदेशिक ऋणमा चुर्लुम्म डुबेको छ रे ! हाम्रो देशमा जिडिपीको झन्डै तीसपैंतीस प्रतिशत वैदेशिक ऋण हुन्छ भने यहाँ त साठी प्रतिशत भन्दा धेरै छ तर विकास भने भएको छ। यताउता गुनासो पनि नसुनेको हैन कि यत्रो लगानी गरेर समुद्र पुर्नु र सौन्दर्य बिगार्नुभन्दा कुनै पिछडिएको ठाउँको विकास गर्दा कति राम्रो हुन्थ्यो ! खै के खै के भनेजस्तो। यस्तै सोच्दै घुम्दै थिएँ, समुद्रको किनारै किनार पूर्वबाट पश्चिम करिब चार किलोमिटर गएपछि समुद्रको राम्रो किनार आयो । यो स्थानलाई माउन्ट लाभिनिया भनिँदो रहेछ। ओहो ! यो त सारै राम्रो बीच रहेछ। हल्का भिरालो परेको बालुवामा टेकेर समुद्रमा परपरसम्म जान मिल्ने, पौडी खेल्न मिल्ने, मज्जाले सनबाथ लिन मिल्ने। होटलहरू पनि नजिकै भएकोले खाना खान पनि मिल्ने सारै रमाइलो रहेछ।

कोलम्बो शहरलाई सायद नयाँ शहर विकास योजना अनुसार हुनपर्छ । कोलम्बो एक, कोलम्बो दुई गर्दै कोलम्बो पन्ध्रसम्म बिभाजन गरिएको थियो। शहर सफा शान्त थियो। गाडीहरू प्रसस्त भए पनि हर्न नबजाउने चलन, धुलो धुवाँ पटक्कै थिएन। जहाँबाट बाटो काटे पनि सडकमा ओर्लनासाथ गाडी रोकिन्थे र बाटो काटेपछि मात्र गाडी जान्थे। जस्तो बेगमा आएको गाडी भए पनि रोकिन्थे। कसैले पनि मिचेर लग्दैनथे। यो ठूलो अनुशासन थियो। यति घुम्दाघुम्दै साँझ परेछ। खुला मैदानमा श्रीलङ्कन र बङ्गाली म्युजिक कन्सर्ट हुनलागेको थियो। सो कन्सर्टमा हामीलाई निमन्त्रणा थियो, हामी त्यतै गयौँ।

अर्को दिन सोमबार परेकोले हिन्दूधर्मका अनुयायीसमेत हुनाको कारण शिवजीको दर्शन गर्न हिँड्यौँ। कसैले हामीलाई कोलम्बो भन्दा

बाहिर पेटा भन्ने स्थानमा सबैभन्दा पुरानो तत्कालीन राजा रावणले पूजा गर्ने गरेको शिवको मन्दिर छ भन्ने सुनाएकोले हामी त्यतै गयौँ । करिब २० किमि टाढा पेटा भन्ने स्थानमा सो मन्दिर रहेछ । कोलम्बो शहर सफा र राम्रो भए पनि यो शहर कोलम्बोबाट बाहिर रहेकोले केही सानो बाटो, केही भीडभाड, तामिल भारतीयहरूको पसल, भारतीयहरूकै बढ्ता चहलपहल र भारतकै बजार जस्तो देखिन्थ्यो । अलि मैलोमैलो पुरानो जस्तो देखिने । त्यही मन्दिर पनि भेटियो । मन्दिर साह्रै विशाल थियो । ठूला ठूला मोटामोटा दर्शनढुङ्गाको पच्चीसतीस फुट अग्लो बीममाथि सिंहको आकृति भएको अर्को ठूलो ढुङ्गा राखेर सोमाथि कोलम अडाएर त्यसमाथि ठूलठूला चेप्टा ढुङ्गा ओछ्याइएको, जमिनमा पनि ठूलाठूला ढुङ्गा ओछ्याइएको र भित्ताहरू पनि १x३ भन्दा मोटा ढुङ्गा तहतह मिलाएर बनाइएको करिब १००x२०० साइजको भित्रीभाग नै रहेको विशाल मन्दिर रहेछ । एउटै पहाडको ढुङ्गाबाट बनेको रे ! मन्दिरभित्र छेउको भागमा अर्को कक्ष र सोभन्दा भित्र शिवलिङ्ग स्थापना गरिएको रहेछ । शिवलिङ्ग रहेको कक्षभित्र जान नपाइने र बाहिरबाट नै दर्शन गर्नपर्ने बाहिर नै प्रसाद दिइने रहेछ । त्यसै अनुसार दर्शन गऱ्यौँ । त्यति ठूलठूला ढुङ्गाको प्रयोग मैले आसामको कामरू कामाक्षामा मात्र देखेको थिएँ । त्यही पनि यतिबिघ्न ठूलो चाहिँ हैन ।

कोहीकोही यस मन्दिरलाई धेरै पुरानो मन्दिर हो शिवभक्त भएकोले रावणले शिवलिङ्ग स्थापना गरेर नित्य पूजा गर्ने गरेको शिवलिङ्ग हो भन्थे । मन्दिर भनेपछि बनेको हो भन्थे, अहिले यहाँ देखेँ ।

❖❖❖

म हिँडेको बाटो

■ जेबी खत्री

हाम्रो पुर्ख्यौली थलो
पूर्वको पहाडी जिल्ला
लिम्बुहरूको बाहुल्य भएको ठाउँ
हाम्रा पुर्खाहरू त्यहीँ जन्मे
त्यहीँ हुर्के बढे, त्यहीँ मरे
बुबा, आमा त्यहीँका
हामी त्यहीँ जन्मियौँ
त्यहीँ हुर्कियौँ, बढ्यौँ
लिम्बुहरूको आँगनमा
खेलेर हुर्केका हामी ।

उनीहरू नै थिए
बाउबाजेको पालादेखि
गाउँ, जिल्ला, केन्द्रसम्मका ठूलाबडा
र, पनि मैले क्षेत्रीको छोरा भएकै कारण
उनीहरूले मलाई हेर्ने दृष्टिकोण
जात फरक भएकै कारण
फरक भएजस्तो मलाई लागेन ।

म पनि चाहन्थेँ
उनीहरू बसेको कुर्सीमा बस्न
तर चाहँदैमा कहाँ पाइँन्थ्यो र !
त्यहाँ पुग्ने सामर्थ्य थिएन ममा ।

जातीयताकै आधारमा
मैले कहिल्यै
जिन्दावाद र मुर्दावादको नारा लाइनँ ।
म क्षेत्रीको छोरा भए पनि
जातको घमण्ड कहिल्यै गरिनँ ।
जातकै आधारमा छुट्टै नारा लाएर
छुट्टै बाटो हिँड्ने अठोट पनि गरिनँ ।

❖❖❖

बुढेसकालको जिब्रो

■ प्रेम ओली 'ढकलपुरे'

बूढो भएपछि मान्छेले निहुँ खोज्छ भन्छन्
तर कसरी भन्ने
यो बूढोसँग घरमा ककसले निहुँ खोज्छन्
भोक लाग्यो त भन्नै हुन्न
अनेक प्रश्नले घोच्छन् ।

बूढी भन्छे–
गुलियो नखाऊ बूढा
सुगर लाग्छ,
छोरो भन्छ,
चिसो नखाऊ बा
पुरानो बाथ जाग्छ,
बुहारी भन्छे–
चिल्लो नखानुस् ससुरा बा
पाइल्स लाग्छ,
हुँदा हुँदा नातिले पनि खान छेक्छ
जसले जेसुकै भनोस्
म त टन्न दन्काइदिन्छु पार्टीमा
त्यहाँ खाको कसले देख्छ ?

भान्सामा मासुको बासना मगमगाउँछ
आफ्नो भने जिब्रोमा रस सरसराउँछ
एक चोक्टामात्र खान खोज्छु
श्रीमतीले हकार्छे
त्यही वेला
टन्न मासु हसुरेर बुहारी
आफ्नै अगाडि डकार्छे ।

खाना पाइयो भने पनि
अब त खानाले नै निहुँ खोज्छन्
पेटमा हाल्यो कि
कोखाकोखी चस्काउँदै घोच्छन्
बोकाको मासु खायो भने
बाली खाँदा कुटेको बदला लिन्छ
राँगोको मासु खायो भने
हलो जोत्दा चुटेको बदला लिन्छ
मम खायो कि
राँगो वाऽऽऽ इ गर्दै कराउँछ
रोष्ट खायो कि
कुखुराले पखेटा फट्फटाउँछ ।

अब त जाउलै खायो भने पनि
पेट सगर झैँ गड्याङगुडुङ गड्किन्छ
काउली नै खाँदा पनि
यो आन्द्राभुँडी बमगोला झैँ पट्किन्छ ।

मुख बार्न यो मनले मान्दै नमान्ने
खायो भने तनले पचाउन जान्दै नजान्ने
जिब्रोले खान खोज्ने, ज्यानले दुःख पाउने
यो बूढाको उद्धार गर्न खै को आउने ?
किड्नी फेर्न पाइन्छ रे !
मुटु नै फेर्न पनि पाइन्छ रे !
हैन ए डाक्टर्नी नानी !
अब के आन्द्राभुँडी पनि फेर्न पाइन्छ ?
बरू भन्नुस् न,
यसका लागि कति दाम चाहिन्छ ?

दाङ, हाल– काठमाडौं

छोटो बुद्धि हुनेबाट बढी आशा त व्यर्थ छ
जत्रो आकारको घैँटो उत्ति नै जल अट्दछ ।

भाइभाइ मिले राम्रो हुन्छ सार्थक जीवन
पञ्चपाण्डवको मेल आदर्श भातृरञ्जन ।

'तीतामीठा कुरा'बाट

तिमीले हिँडेको गोरेटो

■ विजय तामाङ 'विश्वास'

रातको साम्राज्य च्यातेर
पहिलो पटक
उज्यालोले आँखा उघारेपछि
सखा रै.....,
ढोगेर बूढी आमाका आदिम पाउहरू
लिएर एक अँजुली आशीर्वाद
चिप्लेटी ढुङ्गामा बजार्दै कुर्कुच्चाहरू
झरेका हौ तिमी
ओरालै-ओरालो
छातीभरि आगो बोकेर ।

जसरी,
सिंहको एकै गर्जनले
सन्नाटा छाउँछ रनवन
र, काप्न थाल्छन्
स्याल, ब्वाँसाहरूको मुटु
त्यसरी नै
धुलिखेलको कुनै थुम्काबाट
पहिलो पटक
तिमी गर्जंदा
काँपेकै हो
यो खाल्डोको मुटु
र, पसेका हौ तिमी
फर्केर पछाडि गन्दै
आफ्नै पैतालाका डोबहरू
यो खाल्डोमा ।

जसरी
फालीले चिरेर सम्म मैदानको छाती
खसाएपछि बीउहरू
उम्रन्छन् लहलह हरिया सपनाहरू
त्यसरी नै
विचारको फालीले चिरेर
हरेकको हृदय
उमारेका हौ तिमीले
गणतन्त्रका बीउहरू हरेकको हृदयमा ।

त्यो आदिम युगले
बन्दी बनाएका थिए स्वतन्त्रताहरू
घाँटी निमोठिएको थियो स्वाधीनताको
र, त्यसपछि
विचारको फरक हाँगामा उभिएर
गर्जन थालेका हौ तिमी
एउटा पृथक् गर्जन ।

जबसम्म
ऊ..... त्यो आकाशमा
चम्किरहनेछन् मुस्कुराउँदै
ध्रुवताराहरू
तबसम्म
रहनेछन् मुटुका भित्ताहरूमा
तिमीले छाडेर गएका
विचारका अनगन्ती अवशेषहरू
र, हिँड्नेछन्
यो देशको अनुहार जस्तो
धेरै पैतालाहरू तिमीले खनेका गोरेटाहरूमा
त्यसपछि
पक्रने यो नुतन युगले
तिम्रै विचारको फेरो ।

जोरपाटी, काठमाडौं

यस्तो कविता लेख्न नपरे हुन्थ्यो

■ शङ्करकुमार राई

लेखियो साहित्य
प्राचीन कालदेखि अहिलेसम्म
पूर्व प्राथमिक कालदेखि
आधुनिक कालसम्म
पाइयो सम्मान, पुरस्कार र पदवीहरू
झुन्डिएका छन् तक्माहरू
छातिभरि, भित्ताभरि
लेखेर साहित्य गरीबहरूको ।

पाठकहरूले आँसु झार्दै पढ्छन् साहित्य
गरिबहरूको
अचेल पनि लेखिन्छ साहित्य
विदेश जाने गरीबहरूको
गरीब भएकैले हामी कवि भयौँ
गरीब भएकैले हामी नेता भयौँ
गरीब भएकैले हामी लेनिन भयौँ
गरीब भएकैले हामी बुद्ध भयौँ
अनेक पार्टीहरूको जन्मदाता गरीब
अनेक एनजीओहरूको जन्मदाता गरीब
मन्त्री, प्रधानमन्त्री बनाउनेहरू पनि गरीब
विश्वभरि गरीबै गरीब
अब यस धरतीमा
गरीब नभइदिए हुन्थ्यो
यस्तो कविता
कहिल्यै लेख्न नपरे हुन्थ्यो
यो गरिबीको आहाल
सिनित्तै बढार्न पाए हुन्थ्यो
एउटा आँधी
ल्याउन पाए हुन्थ्यो ।

सुकेधारा, काठमाडौँ

समृद्ध नेपालमा

■ निर्भीक राई

हुन्डरीले बरको रूख ढली सेप हट्दा
अनेक थरी वनस्पति
उम्रने, बढ्ने, फुल्ने, फल्ने मौका पाएको नेपालमा
आहा ! पूर्ण स्वतन्त्रता प्राप्तिको
यो अपूर्व, उल्लासी अवसरमा
देशव्यापी विकासको लहर
हल्लाउनुपरेको युवा जमातले
आपसी भीडन्तको धडधडबाट बौरिँदै ।
मान्छेको भुँडी फुटाउने बमहरूले
अक्करको भुँडी फुटाई
अब सडक ओछ्याउने पहाडमा
समानताको डोजर चलाई
विभेदको खाडल सम्याउने मधेशमा
बन्दुक थन्काउने खलियो लगाई कच्चेट झैँ
ध्वंसमा बग्ने खूनको धाराको साटो
निर्माणमा झर्ने पसिनाको झरी चाहिएको
भागिरहेका खोला, नदीलाई बाँधले छेकी
मुलुकको भोक-प्यास मेट्ने, अँध्यारो पखाल्ने
ओरालो झरिरहेको पानीमा
तेलको झैँ विद्युत् शक्ति खेर गइरहेको
बाबियो झैँ पोया-पोयामा छुट्टिएर रहे
शत्रुले हामीलाई छिनाउने हुँदा
लठारो झैँ बाटिएर रहने एकमुष्ट
नेपाल दुई ढुङ्गा बीचको तरुल झैँ
कफल्ला हुनको साटो झम्पल झैँ कडा हुने ।
तब ढुङ्गा आफूतिर सर्दा तरुलझैँ किचिनुको साटो
सरेको ढुङ्गालाई हटाउन सक्षम हुने झम्पल झैँ ।

भोजपुर, हाल : मनमैजु, काठमाडौँ

लघुकथा

दुई लघुकथा

■ अरूण खत्री 'नदी'

१. टीका

तिहार नजिक आइरहेको वेला लक्ष्मणले आफ्नी आमासँग भन्यो– "आमा अब तिहार नजिकै आउँन लाग्यो, दिदी बाहिर जानुभएकोले यसपालि पल्लो घर मा डेरागरी बस्ने रमा दिदीको हातको टीका लगाउँछु है ?"

आमाले भनिन्– "तल्लो जातकी केटीको हातको टीका लगाउनुहुँदैन बाबु ! बरू पछि लाउलास् आफ्नै दिदीको हातको टीका। रमाको हातको टीका लगाउन गइस् भने हाम्रो त इज्जतै जान्छ, ख्याल राखेस् है !" आमाको कुरा सुनेपछि लक्ष्मणले भन्यो– "त्यसो भए आमा अबदेखि म स्कुलमा पढ्न पनि जान्न, किनभने मेरो स्कुलमा डेरागरी बस्ने तल्लो जातका साथीहरू पनि पढ्छन् ।"

२. जुठो

रामकुमार आफ्नो विवाह गरेको पहिलो साल नयाँ लुगा हालेर दशैंको टीकाको दिन लामो दूरीको बसको टिकट काटेर आफ्नी दुलहीलाई लिएर सासूससुरासँग आशिष माग्न बेलुकीपख ससुराली पुग्यो ।

ससुराली पुगेर एकछिन थकाइ मार्न पनि पाएको थिएन, टेलिफोनको घण्टी बज्यो। टेलिफोनको रिसिवर उसका ससुराबाले उठाए। .....गाउँका आफ्नै तेह्रदिने दाजु बितेछन् ।

ससुराबाले खिन्न हुँदै भने– "ज्वाईंसाहेब ! हामीलाई जुठो पऱ्यो। अब यो सालको दशैंमा हजुरहरूलाई टीका लगाउन पाइएन ।" त्यसपछि रामकुमारले भन्यो– "टीका रोकिए पनि दक्षिणा त रोकिन्न होला नि ससुरा बा !"

❖❖❖

उपत्यका बाहिर 'दायित्व' उपलब्ध हुने पुस्तक पसलहरू

१ श्रेष्ठ बुक एन्ड न्यूज सेन्टर– दमक, झापा	- ०२३-५८४१२५
२ भट्टराई पुस्तक पसल – विराटनगर, मोरङ	- ०२१-५२४२४३
३ मुनाल पुस्तक भण्डार– गाईघाट, उदयपुर	- ०३५-४२०१२५
४ न्यू परजुना स्टेशनरी– सिन्धुली	- ०४७-५२००२५
५ नारायणी पुस्तक सदन– नारायणगढ, चितवन	- ०५६-५२१२८०
६ सुनगाभा बुक्स एण्ड स्टेसनरी– भरतपुर, चितवन	- ०५६-५३१४७०
७ कन्चन पुस्तक पसल– पोखरा, कास्की	- ०६१-५२४४६६
८ सिटी बुक एन्ड न्युज सेन्टर– बुटवल, रूपन्देही	-०७१-५४५२३६
९ न्यू प्रभात पुस्तक पसल– सुर्खेत	- ०८३-५२००७५
१० विपिन पुस्तक पसल– महेन्द्रनगर, कन्चनपुर	- ०९९-५२०१४८

छेपारोको कथा

■ मधुर भट्टराई

हिँड्ने छ मेरो देश
प्रगतिको उकालै उकालो
गाउँदै समृद्धिको गीत ।

भोक पेटबाट निस्किएर हिँड्ने छ बसाइँ
रोग गर्ने छ आत्महत्या
आरोग्यताको रूखमा झुन्डिएर
बेरोजगारीको बुढ्यौली आँखामा
लाग्ने छ मोतिबिन्दु
भ्रष्टाचार हुनेछ विकलाङ्ग ।

शीतलहरको दाँतमा लाग्नेछ पाइरिया
लू को हत्केलामा फुल्नेछ गुलाफ
बाढी पहिरोको अस्तित्वमा सल्किने छ
तिखा नङग्रा भएको आगो ।

चङ्गा भएर उड्नेछन् सपनाहरू
म्यानपावरको ढोका उम्रिनेछ विरक्तिको घाँस
अस्पताल बिरामी खोज्दै हिँड्नेछ घर घर
खडेरीको घाँटीमा सर्प झैँ बेरिनेछन्
अविराम नदीहरू ।
अँध्यारोले रातसँग माग्ने छ डिभोर्स
घर गाउँ पस्दै पस्दै हिँड्ने छन् सडकहरू
रोजगारी खोसिने डरको सिग्रेट तान्नेछन् पुलिसहरू
र, झोस्नेछन् आफ्नै जुँगामा आगो ।

मन्दिरमा हुर्किनेछन् नेताका मूर्तिहरू
र, गर्नेछन् प्रतिस्थापन
ढुङ्गाका देवताहरू ।
कतै बज्ने छैनन् साइरनका अघोरी अलाप
सुनिने छन् घण्टहरूका सिम्फोनी
निभ्ने छैनन् बत्तीहरू
बलिरहनेछन् एकनास न्यायको दियो ।

शिक्षकको कलमले केवल ओकल्ने छ
सत्यको ओजस्वी अक्षर
र, ती अक्षरले खन्ने छ
शान्ति र प्रगतिको कहिल्यै नभत्किने बाटो ।

विकासको टाकुरामा देख्ने छ विश्वले
शान्ति मुस्कुराइरहेको देश
सुशासनको खुट्टाले चाल्ने छ लामो पाइला
सबैको ओठमा लाग्ने छ निरन्तर
खुशीहरूको हाट
सन्तुष्टि झुन्डिरहने छ अनुहारभरी ।

हिँड्ने छ मेरो देश
प्रगतिको उकालै उकालो
गाउँदै समृद्धिको गीत ।

बर्दिबास-१४, महोत्तरी

- हामी को हौँ भनेर थाहा हुन्छ तर हामी के बन्छौँ भन्ने थाहा हुँदैन – **शेक्सपियर**
- बालबालिका तपाईंको उपहारभन्दा उपस्थिति चाहन्छन् – **जेसी ज्याक्सन (अमेरिकी लेखक)**
- मानिस नै त्यो भूमि हो, जसले स्वर्गलाई नरक र नरकलाई स्वर्ग बनाउन सक्छ – **जोन मिल्टन ।**
- मानिसले जति बुझ्यो, देख्यो र पुग्यो, त्यो मानिसको हो ? जति बुझ्न, देख्न र पुग्न बाँकी छ, त्यो भगवान्को हो । – **अल्वर्ट आइन्स्टाइन ।**

हामीलाई देहाय बमोजिमका किताबहरू प्राप्त भएका छन्, उपलब्धकर्तालाई धन्यवाद ▯

कृतिको नाम	विधा	लेखकको नाम	प्रकाशकको नाम	पृष्ठ सङ्ख्या	मूल्य रू.
श्रीमद्देवीभागवत महापुराण	(पुराण)	प्रा.डा. वेणीमाधव ढकाल	विद्यार्थी पुस्तक भण्डार	२९३०	२५००/-
सुन त मुन्द्रे !	(विविध)	मोहनबहादुर कायस्थ	लेखक स्वयम्	३२४+१२	५००/-
पराक्रमी राजा सहलेश	(मिथिला लोकगाथा)	गङ्गाप्रसाद अकेला	कमलमणि दीक्षित	११२+१६	५००/–
नेपालको प्रशासनिक सिंहावलोकन	(लेख)	गङ्गाप्रसाद अकेला	कमलमणि दीक्षित	११६+१४	३५०/–
गर्जन	(कविता)	विमन बुर्लाकोटी	सगरमाथा प्रतिभा प्रतिष्ठान	८०	१००/-
बालमनका गोपाल	(द्रष्टा दृष्टि)	सं हरि मञ्जुश्री	ओरियन्टल पब्लिकेशन	२४६+१८	३५०/-
आरोहण	(महाकाव्य)	कवि त्रयोदश	शिखा	२८६+८	३७५/-
केही सम्झना केही सिर्जना	(निबन्ध)	पवन आलोक	नेपाल स्रष्टा समाज	१३२+८	१५०/-
बन्धनबाट मुक्ति	(आत्मकथा)	रुकु कार्की	साझा प्रकाशन	२६०+२२	३९९/-
झटारो	(मुक्तक)	शिव अधिकारी	कलर्स इन्टरनेशनल	१०६+३६	२००/-
भद्रगोल	(मुक्तक)	शिव अधिकारी	कलर्स इन्टरनेशनल	१५२	२००/-
प्रतिविम्ब हराएको मान्छे	(कविता)	राधिका गुरागाईं	पूर्वाञ्चल साहित्य प्रतिष्ठान	८४+१४	१५०/-
यस्तो लाग्छ	(मुक्तक)	ज्ञान उदास	प्रेमा उदास	८८	१००/–
खाली सारङ्गी	(हाइकू)	ज्ञान उदास	प्रेमा उदास	८४	१००/–
मुक्तक चौतारी	(मुक्तक)	सं रुद्र अधिकारी	स्वयम्	१६०	१५०/-
अक्षरको खेती	(मुक्तक)	निर्मलरमण पराजुली	लीलाध्वज थापा साहित्य प्रतिष्ठान	११२	१५०/-
कटहर	(संयुक्त सिजो)	पुष्कर/विष्णु/श्रीराम	ई. विष्णुबहादुर सिंह	८२+२४	२००/-
भर्तृहरि नीतिशतक	(अनुवाद)	नारायण ज्ञवाली	शब्दार्थ प्रकाशन	१६४	३००/-
लजाएका परेलीहरू	(कविता)	शरद निरोला	खसखस डट कम	१००	२००/-
मनका कथाहरू	(कथा)	मन गहिरे	पाल्पा टाइम्स साप्ताहिक	१०४+१४	१५०/-
स्वप्निस्तान	(लघुकथा)	सुमन सौरभ	डिकुरा पब्लिकेशन	१०४	२००/-
आध्यात्मिक ज्ञान	(अध्यात्म)	देवीप्रसाद प्रसाईं	स्वयम्	१३१+८	उपहार
भगवतगीता दर्शन	(अनुवाद)	देवीप्रसाद प्रसाईं	स्वयम्	१२२	उपहार
अष्टाबक्र गीता	(अनुवाद)	देवीप्रसाद प्रसाईं	स्वयम्	११४	उपहार

दायित्व वाङ्मय प्रतिष्ठानका प्रकाशनहरू

१.	तीन आमाको छोरा (उपन्यास) २०५७- रामप्रसाद पन्त	१५०/-
२.	श्रद्धाञ्जली (खण्डकाव्य) २०५८- देवी नेपाल	५०/-
३.	ललित मञ्जरी (खण्डकाव्य) २०५८- अमृत खरेल	२१/-
४.	जापान भ्रमणका केही सम्झनाहरू (नियात्रासङ्ग्रह) २०५८- रामप्रसाद पन्त	२००/-
५.	शङ्कर कोइराला: कृति अनुशीलन (समालोचनासङ्ग्रह) २०५८- सं. रामप्रसाद पन्त	५००/-
६.	जीवनपानीका फोहराहरू (गजलसङ्ग्रह) २०५९- जीवनपानी पोखरेल	५०/-
७.	अविस्मरणीय जुम्ला (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१५०/-
८.	देशभक्तहरूको भूमि: इजरायलमा केही दिन (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१००/-
९.	आस्थाका पाइला (कवितासङ्ग्रह) २०५९- ठाकुर शर्मा	५१/-
१०.	रामचन्द्र शर्मा: स्मृतिग्रन्थ २०५९- रामप्रसाद पन्त	७५/-
११.	घाँटी हेरी हाड निल्नु ? (निबन्धसङ्ग्रह) २०५९- लेखप्रसाद निरौला	३०/-
१२.	मालती (खण्डकाव्य) २०६०- लेखप्रसाद निरौला	२५/-
१३.	मधुकलश (कवितासङ्ग्रह) २०६०- सुदीपभद्र खनाल	१०१/-
१४.	औचित्यहीन समारोह (कथासङ्ग्रह) २०६०- लुमडी आचार्य	१००/-
१५.	यात्रा र अनुभूति (नियात्रासङ्ग्रह) २०६०- रामप्रसाद पन्त	२२५/-
१६.	उपासना (कवितासङ्ग्रह) २०६०- ठाकुर शर्मा	५१/-
१७.	विवश हृदय (कथासङ्ग्रह) २०६१- महादेव अधिकारी	५०/-
१८.	जीवनपानीका सुस्केराहरू (गजलसङ्ग्रह) २०६१- जीवनपानी	५१/-
१९.	सेवारत निजामती साहित्यकारहरू (विविध सङ्कलन) २०६१- सं. रामप्रसाद पन्त	३००/-
२०.	आस्था र आकाङ्क्षा (कवितासङ्ग्रह) २०६१- हरिहर प्रदीप घिमिरे	२००/-
२१.	चमत्कारी ऋषि (बालकथासङ्ग्रह) २०६१- लुमडी आचार्य	२५/-
२२.	रुक्मी दिदी (कथासङ्ग्रह) २०६१- रामप्रसाद पन्त	२००/-
२३.	एउटा अनुहारको खोजीमा (कवितासङ्ग्रह) २०६१- देवेन्द्र अर्याल (आँसु)	१००/-
२४.	पृथक् यात्रा (नाटक) २०६२- मिलन गर्तौला	१२५/-
२५.	देखासिकी (बालकथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	२०/-
२६.	मध्यान्तर (कथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	६०/-
२७.	अज्ञात यात्राका पदचिन्हहरू (कवितासङ्ग्रह) २०६२- कृष्ण बाउसे	५०/-
२८.	स्मृतिका छालहरू (नियात्रासङ्ग्रह) २०६२- विष्णुबहादुर सिंह	२००/-
२९.	सन्झ्याल (कथासङ्ग्रह) २०६२- रामप्रसाद पन्त	२००/-
३०.	मर्माहत (कवितासङ्ग्रह) २०६३- लुमडी आचार्य	५०/-
३१.	आँखाभरि रमिता मनभरि वेदना (नियात्राडायरी) २०६३- गोपी मैनाली	२००/-
३२.	जीवनपानीका तरङ्गहरू (गजलसङ्ग्रह) २०६३- जीवनपानी	५२/-
३३.	रामायण: परम्परा, मान्यता र विश्लेषण (अध्यात्म ग्रन्थ) २०६३- देवेन्द्र अर्याल (आँसु)	१००/-
३४.	एकदर्जन निबन्धसङ्ग्रह (व्यङ्ग्यनिबन्ध) २०६३- अमरप्रसाद रिजाल	१११/-
३५.	साढेसातदेखि अढैयाको शनिसम्म (निबन्धसङ्ग्रह) २०६३- कृष्ण प्रधान	२०१/-
३६.	पेट्रोनास टावरको सेरोफेरो (नियात्रासङ्ग्रह) २०६३- रामप्रसाद पन्त	२००/-
३७.	अनुभूतिको आकाश (कवितासङ्ग्रह) २०६३- अशोककुमार लामिछाने	१००/-
३८.	इन्द्रैनी (सप्तरङ्गी विधा) २०६४- कलाधर काफ्ले	१५०/-
३९.	मेरा सपना र बिपना (संस्मरण) २०६४- सूब सेन	१००/-
४०.	बाह्र सूर्य सोह्र फन्को (नियात्रासङ्ग्रह) २०६४- रामप्रसाद पन्त	२५०/-
४१.	पछि फेरि (निबन्धसङ्ग्रह) २०६५- निरञ्जन बराल	१४०/-
४२.	जीवनका घुम्तीहरू (कथासङ्ग्रह) २०६५- राजनविक्रम थापा	९५/-
४३.	ऋतु थरिथरिका (गजलसङ्ग्रह) २०६५- जीवनपानी	५१/-
४४.	भाइको खोजी (संस्मरण) २०६५- सूब सेन	५०/-
४५.	उत्कृष्ट सत्ताइस व्यक्तित्व (संस्मरण) २०६५- रामप्रसाद पन्त	२००/-
४६.	विमर्शन (समीक्षासङ्ग्रह) २०६६- ठाकुर शर्मा	१००/-
४७.	प्रकृतिमा मान्छे (मुक्तकसङ्ग्रह) २०६६- ठाकुर शर्मा	५१/-
४८.	पर्यन्तदेश (नियात्रासङ्ग्रह) २०६६- रामप्रसाद पन्त	२००/-
४९.	छरिएका मनहरू (समीक्षासङ्ग्रह) २०६७-रामप्रसाद दाहाल	२५०/-
५०.	सैद्धान्तिक कसीमा भाउपन्थीका कथा २०६७-भागवत ढकाल	२२५/-
५१.	सूब सेनका प्रवृत्ति (समालोचनात्मक ग्रन्थ) २०६७- सूब सेन	२५०/-
५२.	स्मृतिविम्ब (कवितासङ्ग्रह) २०६७-गोपीकृष्ण शर्मा	१००/-
५३.	इतिहास अध्ययनको खोजी (अन्वेषण) २०६७- सूब सेन	१५०/-
५४.	सम्झनाका थुँगा (संस्मरणसङ्ग्रह) २०६७-रामप्रसाद पन्त	२२५/-

५५.	अभिवादन : नयाँ विश्वनिर्मातालाई (इतिहास) २०६७- सूब सेन	१५०/-
५६.	स्मृतिगङ्गाको तीरैतीर (नियात्रासङ्गह) २०६८-रामप्रसाद पन्त	२००/-
५७.	मेरा आदर्शरत्न साथीहरू (संस्मरण) २०६८- सूब सेन	१००/-
५८.	युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण (समालोचना) २०६८- गोपी मैनाली	१७५/-
५९.	सिङ्नीको सेरोफेरो (यात्रानिबन्ध) २०६८-कलाधर काफ्ले	३२५/-
६०.	अभिशप्त वर्तमान (कवितासङ्ग्रह) २०६९- रामेश्वर जलन	१२५/-
६१.	पुष्पमञ्जरी (कथासङ्ग्रह) २०६९-रामप्रसाद पन्त	२००/-
६२.	पानीमुनिको आकाश (गजलसङ्ग्रह) २०६९-जीवनपानी	१५०/-
६३.	आस्थाको सरोवर (नियात्रासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	२००/-
६४.	साहित्ययात्राका पदचाप (समीक्षासङ्ग्रह) २०७०- ठाकुर शर्मा भण्डारी	२००/-
६५.	रामप्रसाद पन्तका कविता (कवितासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	१५०/-
६६.	समुद्रपारि काज (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद आचार्य	२००/-
६७.	पारामाटा किनारबाट (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद पन्त	२५०/-
६८.	निबुवाको बोटमा आँप फल्दैन (मुक्तकसङ्ग्रह) २०७१- विजयध्वज थापा	१००/-
६९.	पीडा (गजलसङ्ग्रह) २०७१- केशवराज जोशी	१००/-
७०.	मेरा साठी वर्ष (आत्मसंस्मरण) २०७१- रामप्रसाद पन्त	२२५/-
७१.	माटो मायाको परिभाषा (कथासङ्ग्रह) २०७१- सूब सेन	१५०/-
७२.	शैलीका गीतहरू (गीतसङ्ग्रह) २०७१- रविन्द्र आशिष शैली	१५०/-
७३.	उपहार (लघुकथासङ्ग्रह) २०७१- कलाधर काफ्ले	१५०/-
७४.	अविरल यात्रा (नियात्रासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	२५०/-
७५.	कविताको मलामी (कवितासङ्ग्रह) २०७२- कृष्ण प्रधान	१५१/-
७६.	दाउ (लघुकथासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	१५०/-
७७.	मनका तरङ्गहरू (मुक्तक/कवितासङ्ग्रह) २०७२- नारायण देव पन्त	१००/-
७८.	आत्मघातपछिको अभिव्यक्ति (कथा/लघुकथासङ्ग्रह) २०७२- घनश्याम पुडासैनी	१२५/-
७९.	केही अन्वेषण केही विश्लेषण (समालोचनासङ्ग्रह) २०७२- डा. दामोदर ढकाल	३५०/-
८०.	आधुनिक समालोचना (समालोचनासङ्ग्रह) २०७२- डा. भागवत ढकाल	३७५/-
८१.	मनकम्पन (काव्य) २०७२– नारायण ज्ञवाली	१५०/-
८२.	साहित्यिक यात्रा (नियात्रासङ्ग्रह) २०७३- रामप्रसाद पन्त	२५०/-
८३.	बहिष्करण (कवितासङ्ग्रह) २०७३- राधेश्याम लेकाली	२००/-
८४.	भाइकी साली (कथासङ्ग्रह) २०७३- गंगासागर पन्त	३००/-
८५.	मोह (कथासङ्ग्रह) २०७३- सुन्दर खड्का	१५०/-
८६.	मन्जिल (कवितासङ्ग्रह) २०७३– मन्जिला शर्मा	उपहार
८७.	देवदर्शन (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	४८०/-
८८.	हाम्रो धार्मिक आस्था (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	७४५/-
८९.	प्रतिविम्ब (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	३००/-
९०.	भरतराज पन्तको काव्ययात्रा र प्रवृत्ति (समालोचना) २०७३– डा. भागवत ढकाल	३५०/-
९१.	नमेटिने सङ्कल्पहरू (कवितासङ्ग्रह) २०७३– सबिन पोखरेल	१५०/-
९२.	शालिक बोलिरहेछ (कवितासङ्ग्रह) २०७३– मेनुका चापागाईं 'मेनु'	१५०/-
९३.	पद्यमुक्तक (मुक्तकसङ्ग्रह) २०७३– ठाकुर शर्मा भण्डारी	१००/-
९४.	शब्द-सरिता (कवितासङ्ग्रह) २०७३– इन्दु पन्त	१७५/-
९५.	विमोचनको बिगबिगी (हास्य-व्यङ्ग्यसङ्ग्रह) २०७३– नरेन्द्रराज पौडेल	२५०/-
९६.	सूर्यग्रहण (कवितासङ्ग्रह) २०७३– कृष्ण प्रधान	१५१/-
९७.	सिक्किमदेखि सिमलासम्म (नियात्रासङ्ग्रह) २०७३– रामप्रसाद पन्त	३००/-
९८.	प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल (२०७३) - डा. नरायणप्रसाद खनाल	२०७३/-
९९.	स्मृतितरङ्ग (आत्मसंस्मरण) (२०७३)– केशवराज पन्त	३६०/-
१००.	आनन्दवनको आनन्द (नियात्रा) (२०७४)– रामप्रसाद आचार्य	२००/-
१०१.	माफ गर समय (कवितासङ्ग्रह) (२०७४) – राजनविक्रम थापा	१५०/-
१०२.	राजन थापाका गीत-गजलहरू (२०७४) – राजनविक्रम थापा	१२५/-
१०३.	आलो घाउ (कवितासङ्ग्रह) (२०७४) – रमेश गौतम 'पाल्पाली'	१५०/-
१०४.	जीवनका मोडहरू (कथासङ्ग्रह) (२०७४) – रमेश गौतम 'पाल्पाली'	१५०/-
१०५.	कविताका कविताहरू (कवितासङ्ग्रह) (२०७४) – कविता पराजुली	२००/-
१०६.	शहीद कृष्णलाल अधिकारी (नाटक) (२०७४) – सूब सेन	१५०/-
१०७.	लखन थापा जयसिंह चुमी (नाटक) (२०७४) – सूब सेन	१५०/-
१०८.	मैनाबहादुर खण्डमान (नाटक) (२०७४) – सूब सेन	१००/-
१०९.	शहीदसभा (नाटक) (२०७४) – सूब सेन	१५०/-
११०.	पोटोम्याक किनारबाट (नियात्रासङ्ग्रह) (२०७४) – रामप्रसाद पन्त	३५०/-
१११.	रातको जून (नियात्रासङ्ग्रह) (२०७४) – रामप्रसाद पन्त	२५०/-

१ वर्षे मुद्दति खातामा

आकर्षक ब्याजदर

९९%

वार्षिक ब्याजदर

तपाईंको विश्वासलाई
उच्चतम प्रतिफलको सम्मान

PRABHU BANK

बबरमहल, काठमाडौं, नेपाल । फोन : ०१-४७८८५००
इमेल : info@prabhubank.com । टोल फ्रि नं. १६००१०७७७७

www.prabhubank.com

भूकम्प प्रतिरोधी घर बनाऔं ।

२०७२ वैशाखको जस्तो भूकम्प जुनसुकै बेला जहा पनि
जान सक्छ । त्यसैले घर निर्माण गर्दा सरकारले
तोकेको मापदण्ड पूरा गरौं, इन्जिनियरको सल्लाह लिऔं ।
निर्माणमा तालिमप्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं ।
पुनर्निर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय
सामग्री मात्र प्रयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

साहित्यशक्ति

नीराजन तिमल्सिना

मनुष्य जीवनको ऊर्जा मनमा सुसुप्त अवस्थामा निहित हुन्छ । त्यस सुसुप्तिलाई जागृत गराउने साधन हुन् - शान्ति र सन्तुष्टि ।

तलाउलाई नचलाउँदा तलाउ शान्त भएजस्तै मनलाई चञ्चल अवस्थाबाट शून्य बनाउन सक्दा शान्ति र सन्तुष्टि प्राप्त हुन्छ । मनको चञ्चलतालाई शून्य बनाउनेहरू उत्तम सिर्जनाका पारखी हुन् । तिनै हुन्, साहित्य-सिर्जनाका अधिकारी ।

साहित्य त्यो मार्ग हो, जहाँ अन्धकारमा टेकेर उज्यालो ल्याइन्छ, काँडालाई टेकेर उज्यालो फूल फुलाइन्छ । जीवन र जगत्बाट सिर्जना हुने साहित्य त फूल हो, सुन्दर फूल । बाहिरी जीवन र जगत्मा त काँडै काँडा देखिन्छन् । जीवन र जगत्का काँडामा टेकेर मुस्कानसरी फुलेको फूल सृष्टिको अनुपम सिर्जना हो । चञ्चल मनमा त्यस्तो फूल फुलाउने सामर्थ्य हुँदैन । जसरी तलाउको पानी छचल्किँदा पानीले जूनताराको प्रतिविम्ब उजिल्याउन सक्दैन । तलाउलाई नचलाउँदा नै त्यहाँ शान्ति र सौन्दर्य प्रकट गर्ने आधार प्रतीत भएजस्तै मनलाई नचुल्बुल्याउँदा नै जीवनमा शान्ति, सन्तुष्टि र सौन्दर्यको आभाष हुन्छ ।

मनभन्दा बाहिरको अवस्थालाई मनले खिँचेर फेरि बाहिरै निकालिदिएपछि प्राप्त हुने शून्यले बाहिरी अवस्थाबाट पनि पुनः तत्त्वज्ञान प्राप्त गर्छ ।

मनभन्दा बाहिरको अवस्थालाई मनले खिँचेर फेरि बाहिरै निकालिदिएपछि प्राप्त हुने शून्यले बाहिरी अवस्थाबाट पनि पुनः तत्वज्ञान प्राप्त गर्छ । यही मार्गमा हुन्छ साहित्ययात्रा र साहित्ययात्राको गन्तव्य सुख, शान्ति, समृद्धि र सन्तुष्टि हुन् ।

जीवनको अन्तिम लक्ष्य आनन्दप्राप्ति गर्नु हो भन्ने गरिन्छ र आनन्दप्राप्ति गर्ने मार्गको एउटा सुन्दर स्रोत साहित्य जसको शक्तिले जीवनको अन्तिम लक्ष्य पूरा गराउँछ । यसका आधार वेद, दर्शन र उपनिषदहरूमा पनि छर्लङ्ग छन् ।

बीसौं शताब्दीका महानतम वैज्ञानिक अर्ल्वट आइन्स्टाइनले त भने कै छन्, 'ज्ञान-विज्ञानको परमाधार वेद, दर्शन र उपनिषदहरू हुन् । यिनै का साहित्य हुन् । विज्ञानसँग ज्ञान जोडिएपछि स्वतः शान्ति सिर्जना हुन्छ ।' अब यहींनेर ढुक्कसँग भन्नुपर्छ कि साहित्यमा शान्ति, समृद्धि र सौन्दर्य प्राप्तिको शक्ति र सामर्थ्य छ ।

e-mail: nirajan.timalsina1@gmail.com